नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

बिहीबार, फागुन २४, २०७४ | Thursday, March 8, 2018 | www.newsofnepal.com | नेसं ११३८ चिल्लागा ७ | वर्ष २४, अंक ५७ | पृष्ठ १२ | मूल्य रू १०/–

२ { विस्तारै मासिँदै छ खेतीयोग्य जमिन
५ { साझाको रात्रिकालीन सेवा शुरू
९ { राष्ट्रियसभा अध्यक्षमा तिमिल्सिनाको सम्भावना
११ { सञ्चालनमा आउनुअघि नै विवाद

# राज्यमाथि भारैभार

## प्रदेशमा पनि मन्त्री क्वार्टर बन्दै

गंगा बराल, काठमाडौं

प्रदेशमा पनि मन्त्रीहरू क्वार्टरमा बस्न पाउने भएका छन्। भौतिक पूर्वाधार भएका प्रदेशमा क्वार्टर दिने योजना भएको भवन निर्माण तथा सम्भार डिभिजन कार्यालयका प्रमुख अम्बादत्त जोशीले बताउनुभयो।

जोशीले प्रदेश नम्बर १, ४ र ६ नम्बर प्रदेश (कर्णाली प्रदेश)मा मन्त्रीक्वार्टरको व्यवस्था गर्ने गृहकार्य अघि बढाइएको जानकारी दिनुभयो। उहाँले अन्य प्रदेशमा भौतिक संरचना अभाव भएको र संसद्को बैठक बस्न नै समस्या भएकाले तत्कालै मन्त्री क्वार्टरको सम्भावना नरहेको बताउनुभयो।

'कतिपय ठाउँमा बैठक बस्ने भवन नै छैनन्, भाडामा बस्नुपर्ने अवस्था छ, जहाँ सम्भव छ त्यहाँ सकेसम्म छिट्टै क्वार्टर दिइन्छ।' -जोशीले भन्नुभयो। शहरी विकास मन्त्रालयअन्तर्गत रहेको डिभिजनले केन्द्रको सरकारका मन्त्रीका लागि आवासको व्यवस्थापन गर्ने गरेको छ। ललितपुरको पुल्चोकमा रहेको मन्त्री क्वार्टरमा १९ वटा सुविधा सम्पन्न कोठा छन्। मन्त्रीले क्वार्टरमा कोठाबाहेक केही पाउँदैनन्, आवश्यक सामान आफै व्यवस्थापन गर्नुपर्ने हुन्छ।

१९ मध्ये एउटा कोठा बिग्रिएको छ। जोशीले शेरबहादुर देउवा नेतृत्वमा बनेको ६४ सदस्यीय मन्त्रिमण्डलमा त्यो कोठामा पनि

**संविधानले केन्द्रीय सरकारमा बढीमा २५ मन्त्री मात्र बनाउने संवैधानिक व्यवस्था गरेको कारण विभागलाई मन्त्री क्वार्टर व्यवस्थापनमा सहज भएको छ ।**

प्रयोगमा आएको बताउनुभयो। मन्त्री पद गए पनि कतिपय मन्त्रीले भने क्वार्टर नछोडेपछि आलोचना हुन थालेको छ। धेरैजसो मन्त्रीले मन्त्रालयसँगै सबैभन्दा पहिले राम्रो सुविधा भएको क्वार्टर छान्ने गरेका छन्।

मन्त्रीहरूले क्वार्टर नपाए घर भाडाबापत मासिक ४० हजार रुपियाँ पाउने गरेका छन्। काठमाडौं उपत्यकामा आफ्नै घर भए पनि मन्त्रीले त्यो रकम पाउने गरेका थिए। शुरूमा सुरक्षा सेन्ट्री पोस्टका साथै अन्य व्यवस्थापनका लागि भनेर एकमुष्टरूपमा २ लाख रुपियाँ उपलब्ध गराइँदै आएको छ। संविधानले केन्द्रीय सरकारमा बढीमा २५ मन्त्री मात्र बनाउने संवैधानिक ब्यवस्था गरेको कारण विभागलाई मन्त्री क्वार्टर व्यवस्थापनमा सहज हुँदै गएको छ।

प्रदेशमा एउटै नामका ७ वटा मन्त्रालय बनेका छन्। ६ नम्बर (कर्णाली प्रदेश)बाहेक अन्य प्रदेशमा मन्त्रिपरिषद्ले पूर्णता पाएको छैन। प्रदेशमा रहेको संसद् संख्याको २० प्रतिशतसम्म मन्त्री बनाउन सकिने संवैधानिक व्यवस्था छ। ५ सय ५० जना प्रदेश सांसद छन्, यसअनुसार प्रदेशमा जम्मा १ सय १० मन्त्री बन्न सक्छन्। शहरी विकास मन्त्रालयका सहप्रवक्ता सुमन सालिकेले प्रदेशको मन्त्री क्वार्टरको विषयमा प्रदेश सरकारले नै व्यवस्थापन गर्ने बताउनुभयो। सालिकेले सम्बन्धित प्रदेशको सम्भावना, आवश्यकता र अन्य पूर्वाधार हेरेर मात्र भन्न सकिने बताउनुभयो। १ नं. प्रदेशका सामाजिक विकास मन्त्री जीवन घिमिरेले मन्त्री क्वार्टरका लागि तयारी भइरहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## तीन सांसदलाई शपथग्रहण गर्न बाटो खुल्यो

काठमाडौं, (नेस)

शपथग्रहरण रोक्न सर्वोच्च अदालतले दिएको अन्तरिम आदेश बुधबार खारेज भएको छ। अन्तरिम आदेश खारेज भएसँगै राष्ट्रियसभामा सरकारबाट मनोनित तीन सांसदले शपथग्रहण गर्न पाउने भएका हुन्।

न्यायाधीश प्रकाश राउतको एकल इजलासले फागुन १३ गते दिएको अन्तरिम आदेशका कारण डा. युवराज खतिवडा, रामनारायण बिडारी र विमला पौडेल राईले शपथ लिन पाएका थिएनन्।

यसअघि उनीहरूलाई तत्काल शपथ नगराउनू भनी जारी भएको अन्तरिम आदेशलाई बुधबार न्यायाधीश केदारप्रसाद चालिसे र शारदाप्रसाद घिमिरेको इजलासले निरन्तरता दिइरहनुनपर्ने आदेश गरेको थियो। आदेशमा भनिएको छ- 'संवैधानिक र कानुनी प्रश्नको निरुपण संवैधानिक इजलासबाट हुन उपयुक्त देखिएकाले चाँडै निर्णय हुनुपर्ने प्रकृतिको भएकाले अग्राधिकार दिई रिट निवेदकको संयुक्त इजलासतर्फको लगत कट्टा गरी संवैधानिक इजलासमा पेस गर्नू।'

नयाँ राष्ट्रपतिमा

# दुई महिलाको भिडन्त

नेपाल समाचारपत्र

काठमाडौं



विद्यादेवी भण्डारी



कुमारीलक्ष्मी राई

फागुन २९ गते हुने राष्ट्रपतिको निर्वाचनका लागि वाम गठबन्धनबाट वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी र नेपाली कांग्रेसबाट कुमारीलक्ष्मी राईको उम्मेदवारी परेको छ। उम्मेदवारी दर्ताका लागि दुवै जना समर्थकसहित नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालय पुग्नुभएको थियो।

भण्डारीलाई माधवकुमार नेपाल, भीम रावल, ईश्वर पोखरेल, ओनसरी घर्ती र सुवास नेम्वाङले प्रस्ताव गर्नुभएको थियो भने रामबहादुर थापा बादल, विष्णु पौडेल, भानुभक्त ढकाल, गोकर्ण विष्ट र रवीन्द्र अधिकारीले समर्थन गर्नुभएको थियो। भण्डारी नयाँ संविधान घोषणापछि २०७२ कात्तिक ११ गते पहिलो पटक राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो।

यस्तै राईलाई राष्ट्रपतिको उम्मेदवारमा चित्रलेखा यादव, मानबहादुर विश्वकर्मा, पार्वती डिसी चौधरी, देवेन्द्रराज कँडेल, सुरेन्द्रराज पाण्डेले प्रस्ताव गर्नुभएको थियो। त्यस्तै, सुजता परियार, शिवचन्द्र चौधरी, सरिता प्रसाईं, राधा घले, मेखलाल श्रेष्ठले समर्थन गर्नुभएको थियो।

'आफ्ना लागि खुसीको क्षण' भएको बताएकी थिइन्। दोस्रोपटक उम्मेदवारी केका लागि भन्ने सञ्चारकर्मीहरूको जिज्ञाशामा राष्ट्रपति भण्डारीले भन्नुभयो- 'मैले संविधानको मर्मअनुसार राम्रो काम गरेकी छु।'

राष्ट्रपतिमा मनोनयन दर्ता गरेपछि उहाँले भन्नुभयो- 'मैले नयाँ संविधान जारी भएपछिको पहिलो राष्ट्रपतिको निर्वाचनका लागि उम्मेदवारी दिएको छु। देशको हितलाई सर्वोपरि राखेर नेपालको संविधानको मूल भावना र मर्मअनुसार मैले राम्रो काम गरेको छु भन्ने मलाई विश्वास छ। यहाँहरूले मूल्याङ्कन गर्नु नै हुने छ।'

नेकपा एमाले र माओवादी केन्द्रको उम्मेदवारका रूपमा राष्ट्रपतिमा भण्डारीले उम्मेदवारी मनोनयन दर्ता गराउनुभएको हो। आफूले उम्मेदवारी दिएपछि धेरै राजनीतिक दलहरूले समर्थन गरेको पनि उहाँको भनाइ रहेको छ।

'राष्ट्रपतिको भूमिका तटस्थ भएन भन्ने कांग्रेसको आरोप छ नि?'

(क्रमशः पृष्ठ ९ मा)

## 'दृष्टिविहीनलाई सगरमाथा चढ्न वञ्चित नगर्नू'



काठमाडौं, (नेस)

सर्वोच्च अदालतले दृष्टिविहीनलाई सगरमाथा चढ्नबाट वञ्चित नगर्न अन्तरिम आदेश जारी गरेको छ।

दृष्टिविहीन अमित केसीको नामले चिनिने चित्रबहादुर खत्री क्षेत्रीले आफूलाई सरकारले गैरकानुनी र गैरसंवैधानिकरूपमा सगरमाथा चढ्नबाट वञ्चित गरेको भन्दै दायर गरेको मुद्दाको सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्तरिम आदेश जारी गरेको हो। पर्वतारोहण नियमावलीमा रहेको शारीरिक रूपमा फरक क्षमता भएका व्यक्तिलाई हिमाल चढ्न नदिने गरी ल्याएको व्यवस्था खारेज गर्न माग गर्दै बाग्लुङ जयमुनी नगरपालिका-४ का दृष्टिविहीन केसीले मंगलबार मुद्दा दर्ता गराउनुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## स्थानीयको स्वागतले भावुक भए नर्वेली मन्त्री

चिरञ्जीवी मास्के, दोलखा



नेपाल भ्रमणमा आएका नर्वेका अन्तर्राष्ट्रिय विकास मन्त्री निकोलाई अस्ट्रपले राजधानीभन्दा निकै टाढा दोलखाको दुर्गम चिलंखा गाउँमा पुगेर भूकम्पपछिको पुनर्निर्माणको अवस्थाको स्थलगत अवलोकनसमेत गर्नुभएको छ।

हेलिकोप्टरबाट दोलखाको बिगु गाउँपालिका-५ चिलंखास्थित लोटिङ पुग्नुभएका मन्त्री निकोलाईले भूकम्पपछि दुर्गम गाउँका विद्यार्थीहरू पक्की भवनमा बसेर पढिरहेको देखेर खुसी लागेको बताउनुभयो। भूकम्पपछि नेपालको विभिन्न क्षेत्रमा सहयोग गर्ने दातामध्ये दुर्गम भेगमा पुगेर पुनर्निर्माणको बारेमा स्थलगत अवलोकन गर्ने निकोलाई पहिलो विशिष्ट पाहुना हुनुहुन्छ।

स्थलगत अवलोकनको क्रममा स्थानीयवासी, विद्यार्थी र स्थानीय जनप्रतिनिधिसँग अन्तर्क्रियासमेत गर्नुभएका निकोलाईले भूकम्प गएको तीन वर्षको अवधिमा विद्यालय भवनमा बसेर विद्यार्थीहरूले पढ्नसक्नु भनेको पुनर्निर्माणले गति लिइरहेको छ भन्ने उदाहरण भएको बताउनुभयो। 'यो ठूलो उपलब्धि हो', उहाँले भन्नुभयो- 'जोखिमपूर्ण र सीमान्तकृत समूहका बालबालिकाको आधारभूत शिक्षामा पहुँच र समावेशितामा नर्वेको प्राथमिकता रहँदै आएको छ।'

(क्रमशः पृष्ठ ९ मा)

सडक लेन पालना नगर्दाको परिणाम

# एम्बुलेन्स नै जाममा पर्न थाले

मधुसूदन रायमाझी, काठमाडौं

तीनकुनेदेखि सूर्यविनायकसम्म छ लेनको सडक सञ्चालनमा आएपछि ट्राफिक जाम कम हुने अपेक्षा गरिएको थियो। तर भक्तपुरबाट कोटेश्वरसम्म आउने एक मात्र सडकमा अत्यधिक जाम हुँदा एम्बुलेन्ससमेत जाममा पर्ने गरेका छन्।

जडिबुटीदेखि कोटेश्वरसम्मको जाम छिचोल्न एम्बुलेन्सलाई समेत सास्ती हुने गरेको छ। जडिबुटीबाट कोटेश्वरतर्फ लागेपछि कोटेश्वर चोकमा अत्यधिक जाम हुने गर्छ।



ट्राफिम जामको कारणले बिरामीलाई समयमा अस्पताल पुऱ्याउन नसक्ने अवस्था जडिबुटी

एम्बुलेन्सले साइरन बजाउँदासमेत कोटेश्वर सडकमा देखिएको छ। मंगलबार दिउँसो ११ बजे मध्यपुर ठिमी अस्पतालबाट बिरामी लिएर वीर अस्पताल हिँडेको एम्बुलेन्स जडिबुटी-काटेश्वर खण्डको आकाशे पुलमुनि साइरन बजाउँदै अगाडि बढ्यो। तर जामको कारण २० मिनेटसम्म अगाडि बढ्न सकेन। एम्बुलेन्सका चालक एम्बुलेन्स छिटो दौडाउन आक्रमक मोडमा देखिन्थे। तर अगाडि जाम देखेर दिक्क मानेर भन्दै थिए- 'समयमा नै अस्पताल नपुऱ्याए बिरामीको ज्यान जोखिममा छ, पुऱ्याउनका लागि यस्ता जाम छ, जामकै कारण कतै बिरामीको ज्यान नै जाने हो कि?'

(क्रमशः पृष्ठ ९ मा)



# महानगर

सरकारले जग्गा चक्लाबन्दी गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्बन्धित निकायबाट अनुमति लिई वा नलिई कृषियोग्य जग्गा कुनै प्रकारले खण्डीकरण (कित्ताकाट) गरी घडेरीका रूपमा बिक्री-वितरण नगर्न निर्देशन जारी गरेको छ।

# विस्तारै मासिँदै छ, खेतीयोग्य जमिन



प्रशान्त वली, काठमाडौं

देश अहिले संघीयताउन्मुख भएको छ। संघीयता कार्यान्वयनसँगै प्रदेशको राजधानी तोकिने क्रम शुरू भएको छ। नागरिक सुविधामुखी भएसँगै विस्तारै खेतीयोग्य जमिन घर-घडेरीमा परिणत हुन थालेको छ। जग्गा खण्डीकरण दर नरोकिएपछि क्रमिकरूपमा अन्नवाली उत्पादनमा ह्रास आउन थालेको छ। देशभर करिब १ लाख हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन प्लटिङ अर्थात् टुक्रा-टुक्रा पारी घडेरीका रूपमा परिणत हुँदै गएको छ। कुल खेतीयोग्य जमिनको १ लाख हेक्टर क्षेत्रफल घडेरीकरणका रूपमा मासिएको कृषि विकास मन्त्रालयले बताएको छ। सरकारको उदासीनता र भू-उपयोग नीति जारी हुन नसक्दा खेतीयोग्य जमिन मासिन थालेको सरोकारवाला बताउँछन्।

खेतीयोग्य जमिनलाई घडेरीको रूपमा प्लटिङ गरी किनबेच हुँदा कृषि उत्पादनमा समेत ह्रास आउन थालेको छ। सिँचाइ सुविधा पर्याप्त भएका खेतीयोग्य उर्वरभूमि घडेरीका रूपमा बिक्री हुँदा कृषि उत्पादनमा कमी आउन थालेको बुझिएको छ। जग्गाको मूल्य अत्यधिक बढ्दै जान थालेपछि दलालमार्फत किनबेच हुने हुँदा कतिपय उत्पादित जमिन वर्षौंदेखि त्यसै खेर गइरहेका छन्। जसका कारण धान, गहुँसहितका खाद्यवालीमा भारतलगायतका अन्य देशको भर पर्नुपरेको छ। युवा बिदेसिने क्रम बढेपछि ती युवाले पठाएको पैसा शहरी क्षेत्रमा सामान्य घर जोड्ने र घरजम गरी परिवार सञ्चालनमै खर्चिंदा पनि अधिकांश खेतीयोग्य जमिन बाँझो रहेको वैदेशिक रोजगारबाट फर्कनुभएका राजन लामिछाने बताउनुहुन्छ। अहिले दैनिक १ हजारभन्दा बढी युवा रोजगारीका लागि विदेश पलायन हुने गरेको वैदेशिक रोजगार विभागको तथ्यांकले बताउँछ। कृषि प्रधान देश भनिए पनि खेतीयोग्य जमिन प्लटिङ हुँदै जाँदा उत्पादनमा ह्रास आउन थालेको हो।

१ लाख ४७ हजार १ सय ८१ वर्ग किलो मिटर क्षेत्रफल रहेको नेपालको कुल खेतीयोग्य जमिन ४० लाख हेक्टर क्षेत्रफल मात्रै हो। पछिल्लो तथ्यांकअनुसार ३० लाख हेक्टर क्षेत्रफलमा मात्रै खेती भइरहेको छ। अन्य १० लाख हेक्टर क्षेत्रफल जमिन सिमसार, दलदल, उर्वर, गुठी र कृषि प्रयोजनअन्तर्गत उपयोगमा नआएको कृषि विकास मन्त्रालयले बताएको छ। मन्त्रालयका सहप्रवक्ता शंकर सापकोटाले भन्नुभयो- '६५.५ प्रतिशत कृषक कृषिमा आश्रित छन्। खेतीयोग्य जमिन मासिँदै जानु अत्यन्तै दुर्भाग्य हो।

सरकारले सम्भाव्य कृषिको विकासमा प्रभावकारी पहल गर्न नसक्दा दैनिक करिब १६ सय युवा वैदेशिक रोजगारीका लागि देश छाड्न बाध्य हुने गरेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ।

जग्गाको कारोबार र आर्थिक मन्दी हेरेर खेती हुन योग्य जमिनलाई टुक्रा-टुक्रा पारी बिक्री-वितरणमा ल्याउने काम भइरहेको छ। छिट्टै भू-उपयोग नीति आएपछि समस्या हल हुन्छ।' सह-प्रवक्ता सापकोटाका अनुसार वर्षमा तीन बालीसम्म उत्पादन हुने गरेको छ। मन्त्रालयले देशभरको खेतीयोग्य जमिन, प्लटिङ भएको जमिन र खेती हुन नसकेको जमिनको तथ्यांक संकलन गरी आधिकरता तुल्याउने कार्य गरिरहेको सहप्रवक्ता सापकोटाले जानकारी दिनुभयो। विशेषतः धान, गहुँ, तोरी तराईका जिल्लामा तीन बालीसम्म उत्पादन हुने गरेको बताइएको छ। अव्यवस्थित शहरीकरण, युवा विदेश पलायन हुनु, व्यक्ति विस्तारै सुविधाभोगी बन्दै जानु आदि कारणले खेती गर्न सकिने जमिनसमेत बाँझो रहेको छ। सरकारले सम्भाव्य कृषिको विकासमा प्रभावकारी पहल गर्न नसक्दा दैनिक करिब १६ सय युवा वैदेशिक रोजगारीका लागि देश छाड्न बाध्य हुने गरेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ।

काठमाडौं उपत्यकामा भने पाँच रोपनीसम्म प्लटिङ गर्नका लागि काठमाडौं विकास प्राधिकरणबाट अनुमति लिनुपर्छ। पाँच रोपनीभन्दा माथि ५० रोपनीसम्म प्लटिङ गर्नुपरेमा प्राधिकरणको बोर्डबाट अनुमति लिएर राज्यलाई ५ प्रतिशत राजस्व बुझाउनुपर्ने कानुनी प्रावधान भए पनि जग्गा कारोवारीले बिनाअनुमति प्लटिङ गर्दै आएका छन्। ५० रोपनीभन्दा माथि जग्गा प्लटिङ गर्नुपरेमा शहरी विकास मन्त्रालयअन्तर्गतको केन्द्रय बोर्डको स्वीकृति लिनुपर्छ।

सरकारको उदासीनता र भू-उपयोग ऐन नबन्दा विस्तारै खेतीयोग्य जमिन मासिँदै गएको सरोकारवालाहरू बताउँछन्। खेतीयोग्य जमिनलाई घडेरीको रूपमा प्लटिङ गरी किनबेच हुँदा कृषि उत्पादनमा समेत कमी आउन थालेको छ। सिँचाइ सुविधा पर्याप्त भएका खेतीयोग्य उर्वरभूमि घडेरीका रूपमा बिक्री हुँदा कृषि उत्पादनमा कमी आउन थालेको हो।

कृषि विकास मन्त्रालयका सहप्रवक्ता सापकोटाले भन्नुभयो- 'भएका जग्गालाई उत्पादनशील बनाउने नीति पनि छ। नीतिले मात्रै नपुगेकाले भू-उपयोग ऐन बन्ने क्रम अन्तिम चरणमा पुगेको छ। ऐनले प्लटिङ रोक्ने काम गर्छ। कृषि प्रयोजन जमिन गैरकृषिरूपमा प्रयोग गर्न पाइँदैन।'

मन्त्रालयले देशभरको खेतीयोग्य जमिन, प्लटिङ भएको जमिन र खेती हुन नसकेको जमिनको तथ्यांक संकलन गरी आधिकारिता तुल्याउने कार्य गरिरहेको कृषि विकास मन्त्रालयले बताएको छ। राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष उद्धव अधिकारीले विकासको नाममा जग्गा मास्न नमिल्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'समग्रमा राष्ट्रिय समस्याको विषय हो। चलखेल गर्ने अवसर बनेको छ। सम्पत्ति व्यक्तिले राख्न पाउनुपर्छ। खेतीयोग्य जमिन कम भइरहेका बेला विकासको नाममा जमिन मास्नु राम्रो होइन। २२ प्रतिशत भूमिहीन छन्। उनीहरूसमेत मर्कामा परेका छन्।'

### ऐन भन्छ : कृषियोग्य भूमिको संरक्षणका लागि प्लटिङमा रोक

थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश २०७४ ले समेत गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको काम, कर्तव्य र अधिकारमा गाउँपालिका वा नगरपालिकाको भू-उपयोग नीति, गुरुयोजना वा कानुनले तोकेबमोजिम गाउँपालिका वा नगरपालिकाको स्वीकृति नलिई कुनै व्यक्ति, संस्था वा कम्पनीले जग्गा प्लटिङ वा प्लानिङ गरेको पाइएमा तत्काल कारबाही गर्ने व्यवस्था गरेको छ। यो व्यवस्थाले पनि कृषियोग्य भूमिको संरक्षणका लागि प्लटिङ गर्न रोक लगाउन कुनै कानुनी अप्ठेरो देखिँदैन।

### जग्गा खण्डीकरण : के पऱ्यो असर

जग्गा किनबेचका रूपमा कारोबार गर्दै खेतीयोग्य जमिन मासिँदा खाद्यान्नमा परनिर्भर हुनुपरेको छ। कृषि प्रधान देश नाममात्रै हुँदा प्याज, आलु, हरियो तरकारीमा भारत, चीनलगायतका देशको भर पर्नुपर्ने अवस्था आएको छ। त्यस्तै खुला क्षेत्रसमेत मासिँदै जाँदा वातावरणमा समेत प्रतिकूल असर परेको छ।



## अदालत भन्छ
## खण्डीकरण गरी जग्गा बिक्री नगर्नू

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले गत साउन २६ गते खण्डीकरण र कृषियोग्य जमिनको गैरकृषीकरण रोक्न महत्त्वपूर्ण निर्देशन गरेको थियो। सरकारले जग्गा चक्लाबन्दी गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्बन्धित निकायबाट अनुमति लिई वा नलिई कृषियोग्य जग्गा कुनै प्रकारले खण्डीकरण (कित्ताकाट) गरी घडेरीका रूपमा बिक्री-वितरण नगर्न निर्देशन जारी गरेको छ। भूमि सुधार तथा व्यवस्था मन्त्रालयले पत्रकार सम्मेलन गरी खाद्य सुरक्षा र खाद्य सम्प्रभुतताको संवैधानिक प्रत्याभूतिलाई सुनिश्चित गर्नका लागि कृषियोग्य जग्गामाथिको बढ्दो खण्डीकरण नियन्त्रण गर्दै उत्पादकत्व वृद्धि गर्न भूमि सम्बन्धी ऐन २०२१ बमोजिम जग्गा कित्ताकाट गरी घडेरीका रूपमा बिक्री नगर्न निर्देशन जारी गरेको हो। निर्देशन जारी हुनुभन्दा पहिले सम्बन्धित निकायको स्वीकृति लिई जग्गा प्लानिङअनुमति प्राप्त गरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले जग्गा प्लानिङ गरी ५० प्रतिशत वा सोभन्दा बढी क्षेत्रफल बिक्री-वितरण गरिसकेको रहेछ भने वा जग्गा प्लानिङ अनुमतिबमोजिम बाटो तथा सरकारी र सार्वजनिक जग्गा छुट्याएर खुला क्षेत्र निर्धारण गरी त्यस्तो जग्गा सरकारका नाममा कायम गरिसकेको रहेछ भने बाँकी जग्गा कित्ताकाट गरी बिक्री वितरण गर्न बाधा नपर्ने मन्त्रालयले जनाएको छ। निर्देशन कार्यान्वयन गर्ने प्रयोजनका लागि 'कृषि योग्य जमिन' भन्नाले जग्गा नापजाँच ऐन २०१९ बमोजिम पुनः नापजाँच भएका क्षेत्रमा जग्गा नापजाँच नियमावली २०५८ को नियम २० बमोजिम कृषि क्षेत्र उल्लेख भएका जग्गा र पुनः नापजाँच हुन बाँकी रहेको क्षेत्रमा साविकमा नापजाँच हुँदा फिल्डबुक तथा पूर्जामा धनहरतर्फ अब्बल, दोयम, सिम र भीर पाखातर्फ अब्बल र दोयम कायम रहेका जग्गा पर्ने जनाइएको छ। जग्गा प्लटिङ गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले कृषियोग्य जग्गा कुनै पनि प्रकारले खण्डीकरण (कित्ताकाट) गरी घडेरीका रूपमा बिक्री-वितरण गर्न/गराउन रोक लगाइएको छ। त्यस्तै कुनै कित्ता जग्गाधनीले एक आर्थिक वर्षमा एक पटकभन्दा बढी कित्ताकाट गरी बिक्री-वितरण गर्न पाउने छैन। यो निर्णयको घरजग्गा कारोबारीले विरोध गरेका छन्। खेतीयोग्य जमिनको जुन प्रकारको खण्डीकरण भइरहेको छ, यसको तुलनामा यो निर्णय धेरै ढिला भइसकेको थियो। र, यो अझै अप्रयाप्त छ। सगोलका अंशियारबीच प्रचलित कानुनबमोजिम अंशवण्डा हुँदा र अदालतको फैसलाबमोजिम कित्ताकाट गर्न बाधा पर्नेछैन भन्ने छुट दिइएको छ। यसमा पनि कृषियोग्य जग्गाको हकमा प्रतिबन्ध लगाउनुपर्थ्यो।

# सीबीसी न्युजमा अमेरिकी राष्ट्रपति ट्रम्पको क्यारिकेचर गर्ने मनोजको चर्चा

अमेरिकाको सीबीएस न्युजले विश्वका चर्चित हास्य कलाकारको सूचीमा नेपालका मनोज गजुरेललाई पनि समावेश गरेको छ। सो न्युजले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको क्यारिकेचर गर्ने १८ जना कलाकारको सूचीमा उनको समेत चर्चा गरेको हो।

यस लिस्टमा ट्रम्पको क्यारिकेचर गर्ने कलाकारमा उनीसहित विभिन्न देशका कलाकार एलिस बाल्डविनको, एन्टोनी अटमानुक, रोबर्ट एनसलर, मार्सल फोरिस्टेरी, एलिसन ज्याक्सन, डस्टिन गोल्ड, डेनिस एलान, माइक ओस्मान, डेरिओ बाल्टिनी, जोन दि डोमेनेको, एरिक ज्याक म्यान, टुड वार्टलिक, ड्यान कोनली, आईजे मोरिस, राफेल अल्मोडभ र रोनाल्ड ग्रम्पको नाममा क्यारिकेचर गर्ने एक भारतीय हास्य कलाकारको नाम उल्लेख गरिएको छ।





मनोजले गत वर्ष नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित गाईजात्रा कार्यक्रममा ट्रम्पको क्यारिकेचर गरेका थिए। उनले *सिस्नोपानी देउसी* नामक कार्यक्रममा पनि विषय बदलेर ट्रम्पको क्यारिकेचर गरेका थिए। उक्त कार्यक्रममा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एमालेका अध्यक्ष तथा हालका प्रधानमन्त्री केपी शर्मा ओलीका साथमा अन्य नेता सहभागी थिए। त्यसबाहेक देश-विदेशमा भएका विभिन्न कार्यक्रममा समेत मनोजले अमेरिकी राष्ट्रपति ट्रम्पको क्यारिकेचर गर्दै फरकखाले मनोरञ्जन प्रदान गरेका थिए।

ताप्लेजुङमा जन्मेर झापामा हुर्की विद्यार्थी राजनीति हुँदै कलाकारितामा प्रवेश गरेका गजुरेलको व्यंग्यमा मनोरञ्जनका साथै सामाजिक र राजनैतिक सन्देश पाइन्छ। 'म राजनीतिक व्यंग्य गर्ने मान्छे हुँ। नेपाली राजनीतिको प्रायः सबै व्यक्तिको क्यारिकेचर गरिसकेको छु। साउथ एसियन राजनीतिको अवस्थालाई व्यंग्य गर्ने क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पनि क्यारिकेचर गरें', अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको क्यारिकेचर गरेको प्रसंगमा मनोजले *नेपाल समाचारपत्र*सँगै कुरा गर्दै भने- 'विश्व यति साँघुरो भएछ कि मैले धेरै जना नेताको क्यारिकेचर गरिसकेछु। अब कसको क्यारिकेचर गर्ने भनेर पात्र खोज्न गाह्रो भयो। त्यही बेला यति धेरै चर्चामा भएका ट्रम्पकै क्यारिकेचर गर्नुपर्‍यो भनेर सोच आयो।' मनोजले ट्रम्पकै देश अमेरिका पुगेरसमेत उनको क्यारिकेचर गरिसकेका छन् भने अन्य देशबाट पनि अफर आइरहेकाले तयारी गरिरहेको बताए।

सयौं व्यक्तिको आवाज र हाउभाउको नक्कल गरिसकेका उनले पूर्वराजा ज्ञानेन्द्रदेखि प्रचण्ड, माधव नेपाल, वामदेव गौतम, लालबाबु पण्डित, आदिको हुबहु क्यारिकेचर गर्दै आएका छन्। त्यसै गरी अमिताभ वच्चन, रामदेव बाबा, साउदी अरेबियाको सेख, चाइनिज गायक, दक्षिण भारतीय नागरीकलगायतको समेत क्यारिकेचर गरेर सबैलाई आश्चर्यमा पार्दै आएका छन्।

# इफरान दुर्लभ रोगबाट पीडित



बलिउड अभिनेता इफरान खान एक दुर्लभ रोगबाट पीडित भएका छन्। यो रोगका बोरमा गरिएको उपचारको अन्तिम रिपोर्ट आएपछि मात्र यसको बारेमा अरू जानकारी दिने उनले ट्विटरमार्फत उल्लेख गरेका छन्।

उनले ट्विटरमार्फत यस रोगबाट आफ्नो पारिवारिक सदस्यहरू विचलित बनेको पनि बताएका छन्। इरफानले प्रशंसकलाई उनको स्वास्थ्यको बारेमा अड्कल नलगाउनसमेत अपिल गरेका छन्। ५१ वर्षीय यी अभिनेताले आफ्नो जिन्दगी १५ दिनदेखि अनिश्चितताको कथा बनेको जनाउँदै भनेका छन्- 'मलाई यस बारेमा थाहा थिएन कि यो दुर्लभ कहानीको खोजी गर्दा मलाई दुर्लभ रोग मिल्नेछ। तर, मैले कहिल्यै पनि आशा मारेको छैन। मैले जहिल्यै आफ्नो लागि लडाइँ लडें र लडिरहनेछु।'

उनले अगाडि भनेका छन्- 'मेरो परिवार तथा साथीहरू मेरा साथमा छन् र हामीहरू यस रोगसँग लड्ने राम्रो बाटोको खोजीमा छौं। यस कोसिसको दौरान कृपयाँ अड्कल नलाउनुहोला। किनभने एक हप्तादेखि १० दिनभित्रमा म आफैं तपाईंहरूमाझ आफ्नो कहानी साझा गर्नेछु। त्यति बेलासम्म मेरो लागि प्रार्थना गर्नुहोला।' गत फ्रेबुअरीमा उनको प्रवक्ताले उनको रिपोर्टअनुसार उनी गम्भीर जन्डिसबाट पीडित भएको बताएका थिए।

# दोहोरीको भिडियोमा बुद्धवीर र सुशीला



गायक गायिका भागीरथ चलाउने र रीना शाहीद्वारा स्वरबद्ध एक गीत म्युजिक भिडियोसहित सार्वजनिक गरिएको छ। *तिमी मात्र मेरी* बोलको लोकदोहोरी गीत म्युजिक भिडियोसहित सार्वजनिक गरिएको हो। म्युजिक भिडियोमा मोडलद्वय बुद्धवीर थापा र सुशीला थापाले अभिनय गरेका छन्।

गीतमा शब्द तथा संगीत रत्न बुढा क्षेत्रीको रहेको छ। रत्न विदेशमा बसेर पनि नेपाली गीतसंगीतमा निरन्तर कलम चलाइरहेका सर्जक हुन्। यो गीतको भिडीयोलाई धेरै व्यक्तिबाट राम्रो प्रतिक्रिया आएको र युट्युबमा पनि यसले राम्रो भ्युअर्स कमाएको मोडल बुद्धवीरले बताए। करिब ३ सय म्युजिक भिडियोमा अभिनय गरिसकेका उनी म्युजिक भिडियो मोडलिङमा व्यस्त मानिन्छन्।

ववित श्रेष्ठको निर्देशन, ओम श्रेष्ठको कोरियोग्राफी र अविनाश डीसीको सम्पादन रहेको भिडियोलाई प्रियसी म्युजिक प्रालिले बजारमा ल्याएको हो।

# खुला दोहोरीमा स्याङ्जा पहिलो



लमजुङ, (नेस)। लमजुङमा *आठौं सुन्दरबजार महोत्सव*का अवसरमा सञ्चालन गरिएको *खुला दोहोरी प्रतियोगिता*मा स्याङ्जा पहिलो भएको छ।

दुई महिला र दुई पुरुषका बीचमा गरिएको प्रतिस्पर्धामा प्रकाश पराजुली स्याङ्जाको महिला समूहले गाएको गीतले उनीहरूलाई पहिलो स्थान दिलाएको हो।

पहिलो हुने प्रकाश पराजुली समूहमा डिला विक र पार्वती आले तथा प्रकाश एरा, राजु केसीले गाएका थिए भने दोस्रो हुने संगीना संगीत समूह धादिङमा सुरेन्द्र मगर, राम परियार, संगीता थापा र आशा केसी थिए। कुल १३ टिमले भाग लिएको प्रतियोगितामा गंगा जमुना समूह धादिङ तेस्रो र एभरग्रिन दोहोरी साँझ बेंसीशहरको टिम सान्त्वना भए। प्रतियोगितामा पहिलो हुने टिमलाई ५०, दोस्रोलाई ३०, तेस्रो हुने टिमलाई १५ र सात्वना हुने समूलाई ५ हजार रुपियाँ पुरस्कार प्रदान गरिएको थियो।

महोत्सवका अवसरमा लोकगायक कृष्ण गुरुङलाई सम्मान गरिएको छ। दुराडाँडाका स्थायी वासिन्दा गुरुङले बाँसुरीवादन तथा लोकगीत र दोहोरी गायनका क्षेत्रमा ख्याती प्राप्त गरी लमजुङको शिर उँचो बनाउनुका साथै सुन्दरबजारमा सञ्चालन गरिएका प्रत्येक महोत्सवमा आएर निर्णायकको भूमिकासहितको अमूल्य सहयोग गरेको भन्दै उनलाई सम्मान गरिएको हो।

CG Entertainment
Presents
LUX Kamana Awards
उत्कृष्टता, पारदर्शिता, निष्पक्षता
नेपाली चलचित्रको सम्मान र उत्कृष्टताको उत्सवमा तपाईं पनि हुनुहोस् सहभागी
यही चैत १० गते हेर्नुहोस् लक्स कामना फिल्म अवार्डस् २०७४
राष्ट्रिय टेलिभिजन च्यानलहरूमा
NEPAL TELEVISION
चैत १० गते शनिबार
अपरान्ह १ बजे
news24
चैत १० गते शनिबार
अपरान्ह २:३० बजे
TV FILMY
मनै देखि फिल्मी
चैत १० गते शनिबार
बेलुका ८ बजे
पुनः प्रसारण चैत ११ गते आइतबार बिहान ११ बजे






CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: PRABHU BANK
OFFICIAL VEHICLE: SUZUKI
ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. IME International Money Express Fast, Reliable And Secure Remittance KILOMETER NEPAL TELECOM

# विचार

2018, MAR
Thursday
8

अन्याय सहनुभन्दा अन्याय गर्नु राम्रो हो, तर कसैले पनि यो सिद्धान्तलाई स्वीकार गरेका हुँदैनन्।

– अरस्तु

यदि तपाईंसित जित्ने आकांक्षा छ भने आधा जीत भइसकेको छ, यदि छैन भने आधा हारिसक्नुभएको छ।

– डेबिड एम्ब्रोज

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# प्रतिबद्धता मात्रै !

मुलुक नयाँ संरचना र नयाँ सरकारको नेतृत्वका साथ अघि बढिरहेको छ । देश र जनतालाई समृद्ध बनाउन वर्षौंअघिदेखि भएको प्रयास सफल हुन सकेको छैन । राजनीतिक दल र ती दलका नेताहरूले वर्षौंअघि पटक-पटक गरेको प्रतिबद्धता पूरा नभएको अवस्थामा फेरि प्रमुख दलका शीर्ष नेताहरूले विगतको गल्ती नदोहोऱ्याउने भन्दै अब सुशासन र विकासको लागि ध्यान केन्द्रित गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यसअघि पनि विगतको गल्ती, कमी-कमजोरी सच्चाएर अघि बढ्ने, दलीय र व्यक्तिगत स्वार्थ त्यागने, देश र जनतालाई सर्वोपरि ठानेर अघि बढ्नेजस्ता प्रतिबद्धताहरू पटक-पटक आइरहेका थिए । प्रतिनिधिसभा बैठकमा प्रमुख दलका शीर्ष नेताहरूले गरेका यी प्रतिबद्धता पूरा हुनेमा भने आशंका छ ।

विगत तीन दशकको इतिहासलाई हेर्ने हो भने, देश र जनतालाई समृद्ध बनाउने नाममा विभिन्न राजनीतिक परिवर्तन भएका छन् । ०४६ सालपछिको हरेक परिवर्तनलाई मात्र हेर्ने हो भने पनि प्राय: सबै परिवर्तनहरू अहिलेकै दल र नेताहरूको अगुवाइमा भएको देखिन्छ । यो बीचको हरेक परिवर्तनको आन्दोलनमा देश र जनतालाई समृद्ध बनाउने सपना बाँडिएको थियो । आमजनताले राजनीतिक दल र नेताहरूले बाँडेको सपनालाई विश्वास पनि गर्दै आएका थिए । अहिले त देशको पूरै संरचना परिवर्तन भएको छ । देशको व्यवस्था फेरिए पनि, राज्यको संरचना फेरिए पनि राजनीतिक दल र ती दलका नेता तथा उनीहरूले गर्ने कार्यशैली अझै फेरिएको छैन । परिवर्तनलाई संस्थागत गर्ने नाउँमा दलीय भागवण्डाको राजनीति पनि सकिएको छैन । जनचाहनालाई सम्बोधन गर्नेभन्दा पनि आफ्नो दलीय र व्यक्तिगत स्वार्थलाई मात्र सम्बोधन गर्ने कार्यशैलीमा सुधार आएको छैन । जसका कारण आमजनतालाई नेताहरूको प्रतिबद्धताप्रति आशंका जन्मनु स्वाभाविक हो ।

वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली मात्र हैन, पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाललगायत राष्ट्रिय जनता पार्टीका नेता राजेन्द्र महतो र संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले प्रतिनिधिसभामा गरेका प्रतिबद्धताअनुसार देश र जनता समृद्धिको दिशातर्फ अघि लैजाने मूल लक्ष्य प्राप्त गर्न सबै दलले दलीय स्वार्थ त्याग्नै पर्छ । तीन तहको निर्वाचनपछि नयाँ संविधान कार्यान्वयनको पहिलो पाटो सफलतापूर्वक सम्पन्न भए पनि दलहरूमाथि चुनौतीका चाङहरू अझै बाँकी छन् । सस्तो र लोकप्रिय भाषणबाजीलाई नै उपलब्धि ठानियो भने देश र जनतालाई समृद्ध बनाउने मूल लक्ष्य प्राप्त हुन सक्दैन । नेताहरूले विगतका प्रतिबद्धता कार्यान्वयन नगर्ने अनि फेरि विगतका कमी-काजोरी हटाएर अघि बढ्छौं भन्दै प्रतिबद्धता व्यक्त गर्ने चलनले देश र जनतालाई समृद्धिको दिशातर्फ अघि लैजान सक्दैन ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

सन्दर्भ : नारी दिवस

# मदिराविरुद्ध महिला आन्दोलन



पविता मुडभरी पुडासैनी

१०८ औं नारी दिवसको उत्सवमा विश्व रमाउँदै गर्दा नेपाली महिलाहरू पनि सदन र सडकबाट महिला अधिकारका आवाज बुलन्द पारिरहेका छन्। महिला अधिकारका विषयमा वकालत गर्ने एकदिने उत्सव मात्र नभई आन्दोलनलाई उचाइ दिने स्वर्णिम अवसर हो अन्तर्राष्ट्रिय नारी दिवस। नेपालको सन्दर्भमा श्रमिक र महिला पर्यायजस्तै मानिने भएकाले यो दिवसको महत्व अझ बढी छ। श्रमिक महिला दिवस श्रमिक महिलाले भन्दा महिला अधिकारवादीको नाम भजाउँदै केही धनाढ्य र पहुँचवाला गैरश्रमिक महिलाले धुमधामसँग तारेहोटलहरूमा मनाउँदा श्रमिक महिलाको मानमर्दन भएको महसुस गरी केही वर्षअघि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले श्रमिकलगायत आममहिलाले यो दिवस खुशीका साथ मनाऊन् भन्ने ध्येयले नारी दिवसका दिन सार्वजनिक बिदा दिने निर्णय गरे। तर प्रत्येक वर्ष मनाइने नारी दिवसकै दिन महिला हकहितका लागि विशेष नयाँ कार्यको शुरूवात कुनै प्रधानमन्त्रीबाट हुन सकेको छैन। नेपालमा लैंगिक समानताको वकालत र बहस व्यापक चर्चामा रहे पनि हरेकका घरभित्रै देखिने विभेदमध्ये छोरी जन्मदा पनि छोरा जन्मिदाका जत्तिकै खुशी हुने पारिवारिक परिवेश र सामाजिक सम्मान प्रदान गर्ने कुन त्यस्तो नयाँ कार्यको थालनी सरकारले गरेको छ भनेर खोज्ने हो भने, छोराछोरी दुवै बराबरी भन्ने विज्ञापनमा केही रकम खर्च गर्नेबाहेक छोराछोरीबीच गर्भदेखि नै विभेद गर्ने सामाजिक मनोगत यथास्थितिमा कुनै परिवर्तनको आभास दिलाउन सकेको छैन। छोराको जन्मलाई अनिवार्य ठान्ने हाम्रो घर र समाजलाई बदलेर छोरी नै नभई हुँदैन भन्ने मनोभाव र सामाजिक परिवेश जन्माउन समाजलाई पूरै मोड्ने गरी सरकारबाट प्रभावकारी प्रयास आवश्यक भएको छ।

मदिरा सेवन गरी मात्तिएर हिँड्ने र हिंसा अपराधका घटनामा पुरुषहरूको संलग्नता बढी देखिएको भन्दै नेपालमा केही वर्षयता मदिरापान गर्न रोक्ने र निषेध क्षेत्र नै घोषित गर्ने कार्य भइरहेका छन्। मदिरा उत्पादन, बिक्री वितरण तथा सेवनमा महिलाको पनि संलग्नता भए पनि महिलाले मदिरा सेवन गरेर हत्या-हिंसा गरेका, समाजमा अराजगता फैलाएका घटना नगन्य सुनिन्छन्। मदिरा उत्पादन तथा बिक्री वितरणलाई रोजगारीको पेसा बनाउने महिला पनि अनगिन्ती छन्। केही समयअघि मात्र श्रीलंकामा १८ वर्ष उमेर पुगेका महिलालाई मदिरा किन्न छुट दिने सरकारले निर्णय गर्न लाग्दा महिलाहरू न्याय पाएको भन्दै खुशी व्यक्त गरेका थिए। पनि यसबाट महिलाहरूमा मदिराको लतले नराम्रो असर पर्ने भन्दै सो निर्णयको पुरुषहरूबाट निकै विरोध भएको थियो। विश्वमा मदिराको लतमा फस्दा महिलाको जीवन झन् कष्टकर बनेको अवस्थालाई समेत मनन गर्ने हो भने, नारी दिवस मदिराविरुद्धको अभियानमा केन्द्रित हुनु आवश्यक भएको छ। फ्रान्स, बेलायत, रुसलगायत अत्यधिक मदिरा सेवन गर्ने केही मुलुकका लागि मदिराविरुद्धको महिला दिवस अस्वाभाविक मानिए पनि नेपालमा विशेषत: महिलाहरूबाटै यसविरुद्ध बढी आवाज उठिरहेको छ। नेपालमा मदिरा सेवनकै कारण अकाल मृत्युवरण मात्र नभई अनेक रोग र शोकबाट प्रताडित मानिसको संख्या बर्सेनि बढ्दो छ।

नेपालमा उत्पादन हुने केही घरेलु मदिरा स्वास्थ्यका दृष्टिले निकै खतरनाक रहेको कुरा सार्वजनिक भइरहेको छ। अखाद्य र कुखाद्य मिसाएर मदिरा बनाइरहेका घटना टेलिभिजनका पर्दामा बारम्बार देखिने गरेको छ। मदिरा पिएर समाजमा होहल्ला गर्ने, अशान्ति मच्चाउने, परिवारमा झगडा गर्ने, श्रीमती र सन्तानलाई कुट्ने, अंगभंग बनाउने, बाबुआमालाई समेत दुर्व्यवहार गर्ने, दुर्वाच्य बोल्ने मात्र नभई मदिरा सेवनले मात्तिएर आफ्नै छोरीबुहारी, आफन्त तथा छिमेकी बलात्कार गरेका अनेकन दुर्नियत घटना यत्रतत्र देखिन्छन्। आफ्नै छोरी उत्ताउली छ, हामीलाई केको दोष भन्दै उम्किनेहरूलाई समेत उछिन्दै मदिराका मातमा घरभित्र रहेका बालिका र वृद्धासमेत बलात्कार गर्न पुग्ने मदिराभोगीविरुद्ध अब आममहिला किन नउठ्ने ?

मदिराको मातमा नैतिकताहीन असभ्य, नकचरो, अस्थिर र बेहोसी बनिहिँडेका बेसुराहरू सडक, कार्यालय, परिवार, छिमेक जताततै देखिन्छन्। बाटाघाटामा यस्ता मान्छे हिँडेको देख्दा महिला सहजै बाटो बदलेर हिँड्छन् तर आफ्नै घरमा श्रीमान्, बाबु तथा दाजुभाइ मदिराले मात्तिएर आफूमाथि जाइलाग्दा न तिनले प्रतिकार गर्न सक्छन्, न त घर छाडेर बाटो बदल्दै भाग्ने अवस्था हुन्छ। त्यसैले जाँडरक्सीले घरपरिवार तथा समाज नै भाँड्न थालेको भन्दै जाँडरक्सी सेवन रोक्न आमा समूह, महिला समूह गाउँ-गाउँमा सक्रिय हुन थालेका छन्। केही दिनअघि मात्र सरकारले अब जथाभावी सुर्तीजन्य पदार्थ बेचबिखनमा रोक लगाउने निर्णय गरेको छ, अब सरकार र विशेषत: स्थानीय निकायले समाजमा कडाइका साथ मदिरा सेवन तथा उत्पादनलाई नियन्त्रण तथा नियमन गर्नुपर्छ।

गरिबी, अशिक्षा र अचेतनाले ग्रस्त नेपाली समाजको ठूलो समूह गाँस, बास र कपास नपाएर कष्टकर जीवन बिताइरहेको अवस्था एकातिर छ भने अर्कातिर ठूलो मात्रामा अन्न तथा फलफूल मदिरा उत्पादनमा खर्चिएर जनस्वास्थ्यका दृष्टिले अत्यन्त घातक मदिरा सेवनमा अर्बौं रुपियाँ खर्च भइरहेको विडम्बनापूर्ण अवस्था छ। प्रत्येक चामल पसलमा जाँड बनाउनकै लागि बेग्लै चामलको बिक्री हुन्छ। रक्सी नराखी चामल व्यापारसमेत नफस्टाउने बताउँछन् व्यापारीहरू। औषधि किन्न दुई-तीन घन्टा पैदल हिँड्नुपर्ने र नून-चामल किन्न घन्टौंको पैदल दूरी पार गर्नुपर्ने विकट ग्रामीण बस्तीमा समेत मदिराका पसल जताततै देखिन्छन्। मदिराको मातमा मनपरि गर्ने र पछि माफी माग्ने तथा छुट पाउने प्रवृत्ति नै सबभन्दा खतरनाक हो। मदिरा कारोबार व्यवस्थित गर्ने नाउँमा बनेका यदाकदाका कानुन राजस्व बढाउने अस्त्र बन्नेबाहेक कुनै प्रभावकारिता छैन। एकातिर अवैध मदिरा भन्दै प्रहरीहरूबाट भट्टीहरू भत्काउने र मदिरा नष्ट गर्ने कार्य बेलाबखत भइरहेको छ भने अर्कातिर विदेशबाट महँगा मदिरा आयात गरी राज्य करोडौं रुपियाँ राजस्व उठाइरहेको छ।

> मदिरा कारोबार व्यवस्थित गर्ने नाउँमा बनेका यदाकदाका कानुन राजस्व बढाउने अस्त्र बन्नेबाहेक कुनै प्रभावकारिता छैन। एकातिर अवैध मदिरा भन्दै प्रहरीहरूबाट भट्टीहरू भत्काउने र मदिरा नष्ट गर्ने कार्य बेलाबखत भइरहेको छ भने अर्कातिर विदेशबाट महँगा मदिरा आयात गरी राज्य करोडौं रुपियाँ राजस्व उठाइरहेको छ।

पचास रुपियाँ केजी चामल किनेर खान नसक्ने विपन्नहरूसमेत हजारौं रुपियाँ खर्च गरी महँगा ब्रान्डका रक्सी पिउन थालेका देखिन्छन्। मोटरबाटो नभएका ठाउँमा जहाजमा र जहाज सुविधा नभएका ठाउँमा घोडा, खच्चड वा मानिसले नै बोकेर पनि जतिसुकै दुर्गम क्षेत्रमा मदिरा बेचबिखनको र सेवनको बिगबिगी देख्न सकिन्छ। छिमेकी मुलुकबाट मात्र नभई तेस्रो मुलुकबाट महँगा ब्रान्डका अर्बौंका मदिरा मुलुकमा भित्रिन्छ। विशिष्ट व्यक्तिका भेटघाट, चियापान तथा मनोरञ्जनका लागि यस्ता मदिरा अत्यधिक माग हुने हुँदा हवाईजहाज, पानीजहाज, रेललगायतका मार्ग हुँदै आयात गरिन्छन्। हाम्रा केही भन्सारका राजस्वमा योगदान गर्ने विभिन्न वस्तुको सूचीमा मदिरा पनि पर्ने गरेको छ भने मदिराको कारोबार र सेवन कति उच्च छ भन्ने सहजै अनुमान गर्न सकिन्छ।

हाल सरकारले मुटु, मृगौला, क्यान्सरलगायतका केही जटिल र महँगा खालका उपचार खर्च लाग्ने बिरामीलाई नि:शुल्क स्वास्थ सेवा मदिरा तथा सुर्तीजन्य पदार्थ आयात-निर्यात तथा बिक्री वितरणबाट उठेको राजस्वबाट दिने बताएको छ। अब राज्यले मदिराबाट राजस्व उठाएर जटिल प्रकारका रोगी नागरिकको नि:शुल्क उपचार गर्नुभन्दा यस्ता पदार्थको सेवनबाट लाग्न सक्ने जटिल रोग नियन्त्रणका लागि मदिरा आयात तथा उत्पादन, बिक्री वितरण र सेवनमा कडा कानुन बनाई पूर्ण नियन्त्रण गर्नु जरुरी छ। मदिरा सेवनबाट उत्पन्न हुने हिंसा, अपराध र बर्बरता रोक्न मदिरा नियन्त्रणमा अनुगमन र कार्यान्वयन दुवै पक्ष उत्तिकै संवेदनशील बन्नु जरुरी छ। साथै मदिरा उत्पादन रोके राजस्व घट्ने गलत मनोवृत्ति त्यागेर अब सरकारले रक्सी र चुरोट कम्पनीहरूबाट उठाइने राजस्व दूध र जुसबाट उठाउने गरी नशाजन्य उत्पादन रोकेर कृषि र पशुपालन व्यवसायलाई विस्तार गर्नु जरुरी छ।

संविधानले महिला र पुरुषबीचको भेदभाव समाप्त गरिसकेको अवस्थामा आँखै अगाडि जुनसुकै निहुँमा हुने महिलामाथिका विभेद र उत्पीडन अब जो-कोहीले सहनुहुँदैन। अब महिलाले लैंगिक समानताको विषयलाई मात्र आन्दोलनको मुद्दा बनाउनुहुँदैन। मदिराका मातमा महिला अधिकार कुल्चनेविरुद्ध एकत्रित हुनुपर्छ। पुरुषसँगको समानताभन्दा अझ माथि उठेर महिलाको पृथक् अहम् अस्तित्व स्वीकार्दै महिला अधिकारका माग उठाउनुपर्छ। दाइजो नल्याए जलाएर मार्ने क्रूर हिंसा रोक्न दाइजोलाई सामाजिक भ्रष्टाचार भन्दै कसैले दाइजो मागे उजुरी गर्न तराई मधेसका नगरपालिकाका केही मेयर तथा उपमेयर दाइजोविरुद्ध उत्रिएको समाचार बाहिर आएको छ। महिलामाथि हुने यस्ता कुनै पनि अन्याय, उत्पीडन र हिंसाविरुद्ध अब तिनै तहका सरकार चनाखो रहनुपर्छ। महिलामाथिका दर्दनाक हिंसासँग मदिराको मातसमेत जोडिने र यसले थप जटिलता सिर्जना गर्ने हुन्छ। त्यसैले अब महिला जनप्रतिनिधि, महिला मन्त्री, महिला राष्ट्रपति सबैले आफू कुर्सीमा चढेपछि महिला आन्दोलनका सबै आयाम सकिएझैं महिला उपलब्धिका भाषण छाँटेर भत्ता पचाई बस्ने मात्र होइन, आममहिलाका अधिकार रक्षा गर्दै सशक्तीकरण र समानताका क्षेत्रमा गर्नुपर्ने अनगिन्ती कार्यलाई यही दिवसबाटै अघि बढाउने प्रण गर्नु जरुरी छ।

## पाठक पत्र

# प्रतिशोध होइन, सुशासनको चाहियो

नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक संघीय साशन प्रणालीले सार्थकता प्राप्त गरेको अवस्था छ। देशमा तीन तहको स्थानीय, प्रदेश र संघीय प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भई तत्-तत् स्थानमा जनप्रतिनिधिमूलक साशन व्यवस्थाले मूर्तरूप लिन लागेको अवस्था छ।

जनताद्वारा चुनिएका जनप्रतिनिधिहरूबाट देशको सुशासन सञ्चालन हुँदै गरेको अवस्था छ। यही फागुन ३ गते जनताद्वारा अनुमोदित पार्टीका प्रतिनिधिले नेपाल सरकारको प्रतिनिधित्व गर्दै प्रधानमन्त्री पदमा शपथ लिई काम शुरू गरेको अवस्था छ। संघीय प्रतिनिधिसभाबाट छानिने परम्परामा फेरबदल भई राज्य संरचनाद्वारा खोजिएको सभामुख, राष्ट्रपति, उपराष्ट्रपतिजस्ता महत्वपूर्ण पदहरू निर्वाचनको टुंगो लागेर उम्मेदवार पनि तय भएको अवस्था हो। हिजो जुन परिवेशमा राजनीतिक परिदृश्यले राज्य सञ्चालन भएको र छनोट प्रक्रिया भएको थियो, आज त्यस्तो अवस्था नभई नयाँपन देखा परेको छ। राज्यको संरचनादेखि सामाजिक, आर्थिक र राजनीतिक स्थिरताको लागि राज्य संयन्त्र लागिपर्नुपर्ने अवस्था छ। यसले एकातिर राज्य सञ्चालन र निर्माण प्रक्रियामा फरक अनुभूति भएको छ भने अर्कोतर्फ रचनात्मक कार्य र आर्थिक विकासका पूर्वाधार कसरी विकसित गर्ने तथा सकारात्मक राजनीतिक चिन्तन कसरी बढाउने भन्ने जिम्मेवारी पनि बोध गराउँदै गरेको अवस्था छ।

पुरानो राजनीतिक परिदृश्य बदलिई वर्तमान राजनीतिक परिदृश्य नयाँ चिराबाट बढिरहेको छ। देशलाई कसरी सक्षम र सम्मुन्नत अवस्थामा लैजाने तथा प्रदेशस्तरीय राजनीतिक स्थिरता कायम गरी विकासका पूर्वाधारहरू निर्माण गर्ने भन्ने यक्षप्रश्नको समाधान अब खोजिँदै छ। अबको समय भनेको समस्या समाधानको उपाए सुझाउने अवस्था हो। तर यस बेला विचारमा विविधता देखा पर्न सक्छ। राजनीतिक इच्छाशक्ति र दृष्टिकोणमा नयाँ विचारधाराहरू सलबलाउन सक्छन्। मैले र हाम्रो पार्टीले जे गरेको छ, त्यति पनि यसले गर्न सक्दैन भनी टिकाटिप्पणी पनि हुने अवस्था छ। राजनीतिक फाइदा लिने चेष्टाले विभिन्न दाउपेचभित्रको विचार प्रवाह हुने अवस्था पनि देखा पर्न सक्छ।

राजनीतिक तरलता अब छैन भनी एकै दृष्टिले राष्ट्रिय चिन्तन गर्नुपर्ने अवस्थामा यो र ऊको राजनीतिक दाउपेच बढाई यो र मको राजनीतिक संस्कारले वर्तमानलाई धमिल्याउने परिस्थिति पनि जन्मन सक्छ। खुट्टा तान्ने प्रवृत्तिभित्र बाँचेका राजनीतिज्ञहरूबीच एक-अर्काको खुट्टा तानातान गर्ने अवस्था नआउला भन्न सकिन्न। राष्ट्रिय स्वार्थभन्दा व्यक्तिगत र वर्गीय स्वार्थतिर राजनीतिज्ञको ध्यान आकृष्ट हुनसक्छ। किनभने नानीको बच्चाको बानी बदल्न र त्यस बानीलाई सच्याउन जसरी ठूलै समस्याको समाधान गर्नुपरेको हुन्छ, त्यस्तो अवस्था नआउला भन्न सकिन्न। किनभने नेपालको राजनीतिक धरातल अरूबाट निर्देशित भएकोल अरूको बहकाव र निर्देशनमा परिचालन हुँदा कुनै पनि घटना घट्न र राष्ट्रियता कमजोर हुने अवस्था पनि आउन सक्छ।

भर्खर मात्र तंग्रिएको राजनीतिक परिदृश्यले समाधानको बाटो नसमाए झन् तरंगिने स्थिति पनि आउन सक्छ। फुटाऊ र राज गर भन्ने मानसिकता रहेका नेतृत्वपंक्तिमा सकारात्मकभन्दा नकारात्मक प्रवृत्ति जागृत हुने सम्भावना पनि बढी छ। किनभने हिंजो जुन अवस्थामा नेपालको राजनीतिक शृङ्खलाले राजनीतिक सोच र विकासको ढोका उघारेको छ, त्यो स्थिति र वर्तमान राजनीतिक अवस्था फरक रहेको छ। राजनीतिमा राम्रा, नराम्रा दुबै किसिमका गतिविधिहरू भइरहने र क्षणभरमै कुनै पनि परिस्थितिले जन्म लिने स्थिति हुँदा यस्तै भैहाल्छ भन्ने स्थिति छैन। आजसम्मको अवस्थालाई मूल्यांकन गर्ने हो भने, एकाधकालमा बाहेक राष्ट्रिय चिन्तन मनन गर्ने विचारको खडेरीजस्तो पनि देखिने अवस्था छ।

आफूलाई मन परेको व्यक्ति र पदले गरेको सबै राम्रो र अरूले गरेको राम्रा कार्य पनि नराम्रो छ भनी आक्षेप लगाउने विचार पनि सम्प्रेषण हुन थालिसकेका छन्। वर्तमानमा विरोधको मानसिकताले राम्रो पनि नराम्रो भइरहेको अवस्थामा यस्तो हुँदैन भन्ने ग्यारेन्टी पनि छैन। तसर्थ वर्तमान अवस्थामा आएको परिवर्तित राजनीतिक अवस्थामा यी र यस्ता गतिविधि नदोहोरिएला भन्न नसकिने भएकाले यसतर्फ चिन्तन बढ्न जरुरी छ। किनकि प्रतिशोधको भावनाले विचारमा भिन्नता आउनु भनेको वास्तवमा राष्ट्रिय चिन्तन कमजोर हुनु हो।

विगत केही समयदेखिको राजनीतिक पृष्ठभूमिलाई हेर्दा यस्ता अवाञ्छित विचारहरू फेरि नदोहोरिएलान् भन्न सकिन्न। साथै विचारको विविधता र स्वार्थपरक राजनीतिक सोचले वर्तमानमा सफलता उन्मुख संघीयतामाथि नै प्रश्नचिन्ह नउठ्ला भन्न सकिँदैन। किनभने नेपाली राजनीतिज्ञहरूको आनिबानी हेर्दा त्यस्तो हुन सक्दैन भन्ने आधार पनि कमजोर छ। हिजो राज्यको ढुकुटीलाई पेवा ठानी मन लागेको गर्न पल्किएका छदमभेषी राजनीतिज्ञले जनतामाझ 'मुते न्यानो' हुने गरी आफू निष्कलंकित छु भनी वकालत गरेको हामीले प्रस्ट देखेका छौं। आफ्नो सोच र भिजनलाई प्रस्तुत हुनुको साटो अरूले देखाएको बाटोमा मैले यस्तो र उस्तो गरें भनी समस्या थोपर्ने राजनीतिज्ञ यहाँ धेरै छन्। त्यति मात्र होइन, विचारलाई रकममा सटाइ गर्ने प्रवृत्ति पनि राजनीतिज्ञमा नदेखिएका होइनन्।

तसर्थ, यस्तो जटिल परिस्थितिमा संघीय शासन प्रणालीले कसरी सार्थकता प्राप्त गर्न सक्छ ? त्यसतर्फ अब सचेत नेपाली राजनीतिज्ञको ध्यान जान जरुरी छ। लादिएको विचारभन्दा नयाँ र स्फूर्तमा आउने विचार र प्रतिभालाई उजागर गरी राजनीतिलाई साँघुरो घेराभित्र होइन, जनताको अभिमतको उच्च मूल्यांकन गर्दै स्पष्ट दिशानिर्देशन गर्नुपरेको छ। हिजो अर्थविज्ञले आर्थिक अवस्था कमजोर भएको मूल्यांकन गर्दागर्दै पनि राज्यको ढुकुटीमा जथाभावी गर्न खोज्ने चिन्तकझैं फेरि पनि वर्तमान नेतृत्व लागेमा यो भन्दा दुर्भाग्य नेपालका लागि अरू केही हुनेछैन।

सटही प्रवृत्ति अहिले सुहाउँदैन, वर्तमान समयमा राज्यको संरचनालाई नयाँ शिराबाट नलैजाने हो भने नेपाल हाम्रो होइन, अरूको इशाराबाट चल्ने हुनसक्छ। अहिले नेपालको राजनीतिक यात्रा कठिन मोडमा छ। राजनीतिज्ञबाट थोरै मात्र गलत चिन्तन र बाटो समाइयो भने यसले अर्कै रूप लिन सक्छ। हिजो राजनीतिक आचारसंहिता उल्लंघन भएका धेरै उदाहरण छन्। तसर्थ, यस्तो जटिल परिस्थितिभित्र निर्माण भएको नयाँ सरकारलाई थुप्रै चुनौतीहरू छन्। विरोधको राजनीति हिजैदेखि सल्बलाइरहेको छ। त्यसैले यस अवस्थामा कौवाले कान लग्यो भनी कौवापछि दगुर्नुभन्दा आफूसँग भएको क्षमता र प्रतिभालाई सदुपयोग गरेर चुनौतीलाई अवसरको रूपमा प्रयोग गर्नुपरेको छ।

अहिले फूलमा भएको काँडादेखि टाढा भाग्नुभन्दा यसको वास्तविकता अनुभूति गर्ने गरी यसको सुगन्धलाई प्रयोग गर्नुपरेको छ। नम्रता र पवित्रताको माध्यम आफूले बचनबद्ध गरेका कुरामा दूरदर्शी चिन्तन बढाई पारदर्शी चरित्र प्रदर्शन गर्नुपरेको छ। आवेग र उत्तेजनालाई वशमा राखी असल आचारण र व्यवहारबाट असल संस्कृतिको जग बसाल्नुपरेको छ। आफ्ना विचार र भावनालाई अझ परिस्कृत गर्दै अहंकारलाई परित्याग गरी सुशासन र विकासको पूर्वाधार निर्माणमा आफूलाई प्रस्तुत गर्नुपरेको छ। यो अहिलेको अवश्यकता हो।

*- सुरेश कार्की, काठमाडौं*

## सामाजिक सञ्जाल



राष्ट्रपति र उपरास्ट्रपति दोहोरिनुमा देशलाई हुने सबैभन्दा ठूलो फाइदा त्यो होला, जुन पूर्वभीआईपीको नाममा दिइने सेवा-सुविधा राष्ट्रलाई बचत हुन्छ।

**माइक बुढाथोकी**
**@tb_bth2**



लालबाबु पण्डितलाई प्रधानमन्त्री बनाउने हो भने देशका ९९ प्रतिशत समस्या सकिन्छन्। उनले जे छोए, त्यो साफ। कहिले पीआर साफ, कहिले पर्मिट साफ। यसपटक त काठमाडौं नै साफ।

**Kishore Nepal**
**@kishorenepal**



संस्थामाथि विश्वास गर्न नसक्ने संस्थाप्रमुखले संस्थाको सम्मान बढाउँदैनन्, संस्थालाई बलियो बनाउँदैनन्।

**Nilamber Acharya**
**@nilacharya**

साझा यातायातले बुधबारबाट रात्रिकालीन सेमी फ्लोर (जनबस) बस सञ्चालन गरेको छ। विशेष गरी अस्पताल आउने-जाने बिरामीका लागि सो सेवा शुरु भएको हो। लगनखेलबाट राजधानीको मुख्य अस्पतालसम्म पुग्ने गरी बस सञ्चालन गरिएको छ।

# साझाको रात्रिकालीन सेवा शुरू

ईश्वरराज ढकाल, ललितपुर

साझा यातायातले बुधबारबाट रात्रिकालीन सेमी फ्लोर (जनबस) बस सञ्चालन गरेको छ। विशेष गरी अस्पताल आउने-जाने बिरामीका लागि सो सेवा शुरू भएको हो। लगनखेलबाट राजधानीको मुख्य अस्पतालसम्म पुग्ने गरी बस सञ्चालन गरिएको छ।

सो बसले समय तालिकाअनुसार सेवा दिने भएको छ। नेपालमा पहिलोपटक सञ्चालन गरेको सेमी फ्लोर अत्याधुनिक बसमा दुई वटा मात्रै खुड्किला रहेको छ। सार्वजनिक बस चढ्न र ओर्लन सजिलो हुने भएको दुई खुड्किलाको बस ल्याइएको हो।

अशोक ल्यान्ड कम्पनीले सहुलियतमा उपलब्ध गराएको सो बस नेपालमा पहिलो भएको सझा यातायातका अध्यक्ष कनकमणि दीक्षितले जानकारी दिनुभयो। अत्याधुनिक सुविधायुक्त सो बसमा क्लज छैन। अन्य बसको इन्जिन पछाडि भए पनि यो बसको इन्जिन अगाडि नै छ। बस सञ्चालन गर्न डिस्प्ले मोनिटर जडान गरिएको छ। बस चढ्न र ओर्लनका लागि डिस्प्ले राखिएको छ भने कहाँ पुगियो भन्नका लागि अटोमेटिक स्पिकरको व्यवस्था गरिएको छ।

यात्रुलाई सहजताका लागि आफू पुग्ने गन्तव्यमा डिस्प्ले हेर्ने व्यवस्था गरिएको छ। ४४ सिट भएको सो बस अपांगमैत्री छ। नेपालमा पहिलोपटक भित्रिएको जनबस अन्य सार्वजनिक




बसको तुलानामा लामो छ। नेपालमा भित्रिएको एकमात्र यो बस सबैभन्दा लामो १२ मिटर छ। अन्य बस १० देखि ११ मिटरको रहेका छन्।

यो बसले बिहान ७ बजेदेखि राति ११ बजेसम्म राजधानीबासीलाई सेवा दिनेछ। अस्पतालको सुविधाका लागि समेत सञ्चालन गरिएको यो बस राति ९ देखि ११ बजेसम्म समयअनुसार रात्रिकालीन सेवाको व्यवस्था गरेको छ।

राति ९ बजे लगनखेलको पाटन अस्पतालबाट निदान, सर्वांग, वीर, शिक्षण, कान्तिवाल हुँदै नारायणगोपालचोकसम्म पुगेर सोही रुटबाट फर्किने व्यवस्था गरेको छ। रात्रिकालीन बस सञ्चालन गर्न प्रत्येक रुटमा टाइमको व्यवस्था गरिएको बसका प्रमुख कार्यकारी अधिकृत महेन्द्र पाण्डेले जानकारी दिनुभयो।

उहाँका अनुसार अहिले एउटा मात्रै सञ्चालन भएको यस्ता बस अन्य निकायको सहयोगमा थप गर्ने योजना रहेको छ। अध्यक्ष दीक्षितले मोटरसाइकल र साना सवारीसाधन प्रयोगकर्ताले यस्ता किसिमका बस चढ्न थालुन भन्ने उद्देश्यले सेमी फ्लोर जनबस सञ्चालन गरिएको जानकारी दिनुभयो।

उहाँले काठमाडौं र ललितपुर महानगरपालिकाले सहयोग गरेमा यस्ता अन्य बस थप गर्न सकिने जानकारी दिनुभयो। बसको शुभारम्भ काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य र ललितपुरका मेयर चिरिबाबु महर्जनले गर्नुभएको थियो।

दुवै मेयरले राजधानीमा सेमी फ्लोर बस सञ्चालन गरेर साना सवारीसाधान चढ्ने बानीलाई विस्तारै हटाउँदै जाने बताएका थिए। काठमाडौंका मेयर शाक्य र ललितपुरका मेयर महर्जनले आगामी वर्ष यस्ता किसिमका बस खरिद गरेर सञ्चालन गर्न साझा यातायातलाई सहयोग गर्ने बताएका थिए।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष्य एवं अशोकल्यान्डका नेपालका अधिकृत विक्रेता चन्द्र ढकालले थप बस सञ्चालन गर्न आफूले सहयोग गर्ने बताउनुभयो। राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव वडालले सहकारीमार्फत यातायातमा गरिएको महत्त्वपूर्ण कामको प्रशंसा गर्नुभएको थियो। विसं २०१८ सालमा स्थापना भएको साझा यातायात २०५८ सालमा बन्द भएको थियो।

२०६९ सालमा पुनरावेदन अदालतको आदेशपछि पुनः १६ वटा बस खरिद गरेर सञ्चालन गरिएको साझामा एउटा सेमी फ्लोर बससहित ४७ वटा बस सञ्चालनमा आएका छन्। साझा यातायातले थप २० वटा बस खरिद गर्ने तयारी गरेको छ। सेमी फ्लोर जनबस सञ्चालन गर्न आयोजना गरिएको कार्यक्रममा पूर्वमन्त्रीसहित विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

# भण्डारीलाई सर्वसम्मत हुन नदिन राईको उम्मेदवारी

काठमाडौं, (नेस)

फागुन २९ गते हुने राष्ट्रपति निर्वाचनका लागि नेपाली कँग्रेसले कुमारीलक्ष्मी राईलाई उम्मेदवार बनाएको छ। बुधबार बिहान बसेको कँग्रेस केन्द्रीय समितिको निर्णयअनुसार राईले राष्ट्रपतिका लागि उम्मेदवारी दर्ता गराउनुभएको हो। निर्वाचन आयोगले राष्ट्रपतिका लागि बुधबार १ बजेसम्म उम्मेदवारी दर्ताको समय तोकेको थियो।

राष्ट्रपतिमा वाम गठबन्धनको तर्फबाट विद्यादेवी भण्डारीलाई पुनः उम्मेदवार बनाउने निर्णय गरेपछि कांग्रेसले भण्डारीकै गृहजिल्ला भोजपुरकी कँग्रेस नेतृ राईलाई उम्मेदवार बनाएको हो। राष्ट्रपति छनोटको निर्वाचनमा कांग्रेसले चुनाव हार्ने स्पष्ट हुँदाहुँदै पनि भण्डारीलाई सर्वसम्मत बन्न नदिनका लागि राईको उम्मेदवारी परेको कांग्रेसले जनाएको छ।

संविधानको संरक्षक राष्ट्रपति भण्डारीले अभिभावकको भूमिका निर्वाह गर्न नसकेको, राष्ट्रिय सभामा सदस्य मनोनित गर्दा गैरसंवैधानिक कार्य गरेकाले उहाँप्रति असहमति जनाउन कांग्रेसले उम्मेदवारी दिएको कांग्रेस महामन्त्री डा. शशांक कोइरालाले बताउनुभएको छ।

'नेकपा एमालेले भण्डारीबाहेकलाई राष्ट्रपति बनाउने निर्णय गरेको भए कँग्रेसले उम्मेदवारी दिँदैनथ्यो।' - कोइरालाको तर्क थियो।

कांग्रेसबाट राष्ट्रपतिमा उम्मेदवारी दिनुभएकी राई नेपाली कांग्रेसकी पुरानो नेतृ हुनुहुन्छ। ७२ वर्षीया राई २०३० सालदेखि नै राजनीतिमा सक्रिय हुनुहुन्थ्यो। पूर्वसभासद् राईको पिता शहीद दिवानसिंह पनि पहिला कांग्रेस राजनीतिमा सक्रिय थिए। कांग्रेसका संस्थापक नेता बीपी कोइराला सरकारमा हुँदा दिवानसिंह सहायकमन्त्री भएका थिए। उहाँलाई पञ्चायतकालमा मोरङको झोडाकाण्डमा कम्युनिस्ट कार्यकर्ताले हत्या गरेका थिए। राष्ट्रपतिका लागि उम्मेदवारी दर्ता गर्दै कांग्रेस नेतृ राईले आफू राजनीतिमा विद्यादेवी भण्डारीभन्दा सिनियर भएको बताउनुभएको छ। अंग्रेजीमा स्नाकोत्तर उत्तीर्ण गर्नुभएको राईको जन्म भोजपुरको छिनाम्खुमा भएको थियो। राष्ट्रपति निर्वाचनमा प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभाका सदस्यहरू मतदाता हुन्छन्।

कांग्रेसको राष्ट्रिय सभामा १३, प्रतिनिधिसभामा ६३ र प्रदेशसभामा १ सय १३ सदस्य छन्। एमाले माओवादीको राष्ट्रिय सभामा ३९, प्रतिनिधिसभामा १ सय ७४ र प्रदेशसभामा ३ सय ५१ सदस्य छन्। राजपा, फोरम र अन्य दलको राष्ट्रिय सभामा ४, प्रतिनिधिसभामा ३८, प्रदेशसभामा ८५ सदस्य छन्। निर्वाचन आयोगले एक जना संघीय सांसदको मतभार ७९ र एक जना प्रदेश सांसदको मतभार ४८ तोकेको छ।

# कन्सल्टेन्सी सञ्चालक पक्राउ

काठमाडौं, (नेस)

युरोपलगायतका देशमा रोजगारीका लागि पठाउने भनी ठगी गर्ने कार्यमा संलग्न काठमाडौं समाखुसीस्थित सुनौलो प्रकाश कन्सल्टेन्सीका सञ्चालक आर्यन लामालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ।

लामाले हरिकाजी बस्नेतसमेत ४ जनालाई स्पेन र पोर्चुगलमा रोजगारीका लागि पठाउने भन्दै बस्नेतबाट ३३ लाख लिई रोजगारीमा नपठाई ठगी गरेका थिए। पीडितले रकम माग गर्दा खातामा रकम मौज्दात नभएका सहकारी संस्थाको चेक दिई ठगी गरेको भन्ने पीडितको उजुरीको आधारमा अनुसन्धानमा खटिएको महानगरीय अपराध महाशाखाको प्रहरीले काठमाडौं टेकुबाट लामालाई पक्राउ गरेको हो।

लामाले दोलखाका मोहन प्रधान र कारसाङ तामाङलाई समेत कतार एयरवेजमा काम लगाउने भनी ३ लाख ५० हजार रुपियाँ लिएको र पीडितलाई समेत सहकारी संस्थाकै चेक दिएकोमा रकम भुक्तानी लिन जाँदा सहकारीको खाता नै बन्द गरेको अनुसन्धानबाट खुल्न आएको छ।

# ग्रान्डी अस्पतालको नारी सम्मान स्वास्थ्य प्याकेज शुरू

नेपाल समाचारपत्र

काठमाडौं

अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सम्पूर्ण नारीको सम्मानमा ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालले यस वर्ष पनि नारी सम्मान विशेष स्वास्थ्य परीक्षण प्याकेज ल्याएको छ।

आमा, जीवनसाथी, बहिनी हुन वा छोरी, स्वस्थ सक्षम नारी हाम्रो जिम्मेवारी भन्ने नारासहित एक साताका लागि लागू गरिएको उक्त प्याकेज अफरमा ४० वर्षसम्मका महिलाका लागि मात्र ५ हजार रुपियाँमा स्वास्थ्य परीक्षण गर्न सकिने व्यवस्था छ। उक्त प्याकेज फागुन २० गतेबाट शुरू भएको छ।

४० वर्षमाथिमा महिलाको अतिरिक्त म्यामोग्राफी जाँचसहितको प्याकेजका लागि भने थप १ हजारसहित ६ हजार रुपियाँ तिर्नु पर्नेछ।

प्याकेजमा सीबीसी, सुगर फास्टिङ, थाइराइड टेस्ट, अल्ट्रासाउन्ड एब्डोमिन, बोन मिनरल डेन्सिटोमेट्री, भिटामिन डी, युरिन रुटिन, गाइने कन्सल्टेसन, डाइटिसियन कन्सल्टेसन र ४० वर्षभन्दा माथिका महिलाका लागि म्यामोग्राफी जाँच समावेश गरिएको छ।

# गैसस महासंघ भक्तपुरमा बजगाईं

नेपाल समाचारपत्र

भक्तपुर

गैरसरकारी संस्था (गैसस) महासंघ जिल्ला शाखा भक्तपुरको छैठौं जिल्ला अधिवेशनले सोम शर्मा बजगाईंको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मतले चयन गरेको छ। शाखाको छैठौं जिल्ला अधिवेशन एवं १५औं वार्षिक साधारणसभाले उपाध्यक्षमा जयराम थापा, सचिवमा नारायणप्रसाद न्यौपाने, कोषाध्यक्षमा पहलमान श्रेष्ठ, र सहसचिवमा अनिता पाण्डेलाई सर्वसम्मत चयन गरेको छ।

त्यसै गरी सदस्यहरूमा रमेश गिरी, लीला श्रेष्ठ, प्रकाश सायजु, शान्ता मैनाली चुडाल, सूर्यबहादुर बुढाथोकी, शारदा पन्त र राजेन्द्र खड्गीलाई चयन गरेको छ। सल्लाहकारमा वरिष्ठ अधिवक्ता दुर्गामोहन श्रेष्ठ, जुना बस्नेत र सुशीला सुवेदीलाई चयन गरेको छ।

त्यसै गरी संस्थाले शान्ता मैनाली चुडालको संयोजकत्वमा हेमराज ढकालसमेत सदस्य रहेको सूचना तथा सञ्चार उपसमिति गठन गरेको छ भने महिला समितिमा लीला तिमिल्सिना र




जनशक्ति परिचालन एवं व्यवस्थापन उपसमिति सदस्यमा कृष्णगोपाल त्वायनालाई चयन गरेको छ।

अधिवेशन तथा साधारणसभाको उद्घाटन गर्दै प्रदेश-३ का सांसद हरिशरण लामिछानेले लोकतन्त्रको स्थापनामा गैससको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्दै गैससको भूमिकाले दक्षिण एसियामै नेपालका महिला हरेक क्षेत्रमा अग्रस्थानमा रहेको बताउनुभयो।

कार्यक्रममा महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष कृष्ण गौतम, जिल्ला समन्वय समितिका प्रमुख नवराज गेलाल, प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेल, जिल्ला समन्वय समितिका उपप्रमुख सरिता कुँवर, सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेत, गैसस महासंघका केन्द्रीय कोषाध्यक्ष जितराम लामा, नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकी, गैसस महासंघ भक्तपुरका अध्यक्ष बालमुकुन्द सुवाललगायतले सुशासन, जवाफदेहिता, पारदर्शिता र विकासका लक्ष्यका साथ गैससको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो।

# लागूऔषधसहित कारोबारी पक्राउ



नेपाल समाचारपत्र

काठमाडौं

ग्रिजको बट्टामा डुबाएर ओसार-पसार गर्न लागेको लागूऔषधसहित ३ जना पक्राउ परेका हुन्।

काठमाडौंको परोपकार पुलबाट पक्राउ परेका बारा गढिमाईका विगु रायभर र भारत दरभंगाका महम्मद रियाजुद्दिनले २० लिटर र ५ लिटरको ग्रिजको बाल्टीमा डाइज्यालाप, नुफिन, फेनारागनलगायतका लागूऔषध डुबाएर ल्याएको प्रहरीले भेटाएको छ। प्रहरीले विगु र महम्मदले टर्बो प्लस ग्रिजको १८ केजीको बाल्टीनमा डुबाएर ल्याएको डाइज्यालाप, नुफिन फेनारागन गरी १ हजार सेट बरामद गरेको हो।

उनीहरूले ५ केजीको बाल्टीमा २५०-२५० वटा गरी ५ सय सेट, दुई वटा जेब्रा झोलामा डाइज्यालाप, नुफिन र फेनारागन गरी १ सय सेट ल्याएका थिए। प्रहरीले उनीहरूको साथबाट ल्यापटप, गाँजा पेल्ने मेसिन पनि बरामद गरेको छ।

बरामद भएको लागूऔषधको बजार मूल्य २३ लाख रुपियाँ बराबरको रहेको प्रहरीले जानकारी दिएको छ। पक्राउ परेकाहरूलाई महानगरीय प्रहरी परिसर काठमाडौंले बुधबार सार्वजनिक गरेको हो।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**वृष** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान।
**मिथुन** : आर्थिक लाभ, प्रतिस्पर्धा एवं परीक्षा प्रतियोगितामा सफलता।
**कर्कट** : बाथजन्य रोगको भय, कार्य असफल, शोकसन्ताप, तनाव।
**सिंह** : पेटको खराबी, पारिवारिक विवाद, निरर्थक घुमफिर, अस्तव्यस्तता।
**कन्या** : आर्थिक लाभ, मान-सम्मान, पढाइमा सफलता, मान वृद्धि।
**तुला** : धनहानि, व्यर्थको खर्च, मानसिक चञ्चलता, आँखामा समस्या।
**वृश्चिक** : पुरस्कार, उपहारादि वस्तु प्राप्ति, धनलाभ, कार्य सफल।
**धनु** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मकर** : पैसा प्राप्ति, उत्तम भोजन, परिवार-सुख।
**कुम्भ** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**मीन** : राज्यको भय, इज्जत-प्रतिष्ठामा ह्रास, चिन्ता, तनाव बढ्नेछ।



# प्रदेश-३



गाउँलेले सोधखोज गरी बुझ्दा चोरी मुद्दामा १९ वर्षअघिको मुद्दा फैसला कार्यान्वयनका क्रममा 'चतुरे' लाई नाम मिलेकै आधारमा पक्राउ गरिएको रहेछ।

# घुस खानेलाई ठाउँको ठाउँ कारबाही गर्ने मन्त्रीको चेतावनी

मोतीराम तिमल्सिना, काभ्रे




उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले मन्त्रालयमा मन्त्रीको समेत भाग लगाएर भ्रष्टाचार भइरहेको बताएका छन्। 'मन्त्रालयमा मन्त्रीलाई सेयर हुन्छ, पैसाको बाँडफाँड हुन्छ, हामी सबै दूषित छौं' -मन्त्री यादवले भने।

काभ्रेमा उत्पादित कृषि उपजहरू, औद्योगिक उत्पादनहरू, हस्तकला र घरेलु उत्पादनहरूको प्रर्दशनी, प्रचारप्रसार, बजारीकरण गर्न तथा पर्यटन प्रवर्द्धनको उद्देश्यले धुलिखेल उद्योग वाणिज्य संघको मुख्य आयोजनामा बुधबारबाट शुरू भएको काभ्रे महोत्सवको उद्घाटन सभामा बोल्दै मन्त्री यादवले कर्मचारीहरूले केही नलिई काम नगरिरहेको बताए।

वामपन्थीको सरकारका मन्त्रीहरू फेरिएलान् तर सरकार नफेरिने भएकाले सरकार र सरकारका मन्त्रीहरूलाई कम नआँक्न चेतावनी दिँदै मन्त्री यादवले भने- 'पहिलो सार्वजनिक कार्यक्रममा बोल्दै छु, यो मन्त्रालयमा घुस चल्दैन, घुस खुवाएर काम लिने सपना नदेख्नुस्, ठाउँको ठाउँ कारबाही हुन्छ।' मन्त्री यादवले व्यापारीहरूले हरक्षण कर छल्ने उपाय मात्रै खोजिरहेको बताउँदै व्यवसायीहरूले नभई सर्वसाधारण जनताले कर तिर्दै आएको बताए।

महोत्सवको लहर मात्रै सर्वसाधारण जनताको आर्थिक उन्नतिका लागि महोत्सवहरू केन्द्रित हुन सुझाव दिँदै मन्त्री यादवले सरकारको एउटै लक्ष्य नेपालमा उद्योगधन्दाको विकास गरी मुलुकलाई सम्बन्ध बनाउने रहेको बताए। 'घरघरमा उद्योग पुऱ्याउन मन्त्रालयबाट अभियान शुरू गर्ने र आफ्नै उत्पादनमा जोड दिने तयारीमा छौं', उनले भने- 'उद्योग बेचेर कांग्रेसी नीति उत्पादन गरेर खाने नभई मूलधन नै खाइदिने प्रचलन अब रोकिन्छ, त्यस्तै व्यक्ति उत्कृष्ट अर्थमन्त्रीका रूपमा सम्मान पाउँछन्।' केही समय नेपालीहरूले पनि महंगा सामानहरू प्रयोग गर्न छाड्नुपर्ने बताउँदै मन्त्री यादवले विगतमा जे भयोभयो अब राम्रो गर्न निजी क्षेत्र र सबै सरोकारवालाहरू सक्रिय हुनुपर्ने बताए।

अध्यक्ष मञ्जुकुमार कौंजुले धुलिखेल र समग्र काभ्रेको विकासका लागि महोत्सव आयोजना गरेको बताउँदै १० दिनसम्म चल्ने महोत्सवले काभ्रेको खाका कोर्न महोत्सव कोसेढुंगा हुने बताए। प्रतिनिधिसभा सदस्य गोकुल बास्कोटा, गंगाबहादुर दोङ्, नविना लामा, प्रदेशसभा सदस्य लक्ष्मण लम्साल, जिल्ला समन्वय समिति प्रमुख उद्धव केसी, उद्योग वाणिज्य संघका केन्द्रीय पदाधिकारीहरू, केन्द्रीय सदस्यहरू सुरकृष्ण वैद्य, दिलसुन्दर श्रेष्ठ, पत्रकार महासंघका अध्यक्ष मोतीराम तिमल्सिना, काभ्रे उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश मानन्धरलगायतले मन्तव्य राखेका थिए।

# नाम मिलेकै आधारमा निर्दोषलाई जेल चलान

शालिकराम चालिसे, नुवाकोट

नाम मिलेकै आधारमा नुवाकोट प्रहरीले निर्दोष व्यक्तिलाई जेल चलान गरेको छ।

प्रहरीले लिखु गाउँपालिका वडा नम्बर ६ का प्रेमबहादुर लामालाई नाम मिलेकै आधारमा जेल चलान गरेको हो। नाम मिलेकै आधारमा लामा विगत ८ दिनदेखि विदुर कारागारमा सजाय भोगिरहेका छन्। चोरी मुद्दा लागेका 'चतुरे' सँग नाम जुधेकाले प्रेमबहादुर जेल परेका हुन्। लिखु गाउँपालिका ६ धोत्रेका चतुरे तामाङलाई पक्राउ गर्न गाउँ पुगेको प्रहरीले निर्दोष प्रेमबहादुरलाई पक्राउ गरी थुनामा राखेको हो।

घरमा प्रहरी आई नागरिकता नहेरी, सोधपुछ नगरी, पक्राउ पूर्जी नै नदिई प्रहरीले पक्रेर लगेको प्रेमबहादुरका छोरा श्याम लामाले गुनासो गरे। प्रहरीले खोजेका वास्तविक 'चतुरे' भने गाउँमै छन्। १९ वर्षअघि चतुरे तामाङलाई चोरी मुद्दा लागेको थियो। चोरी मुद्दामा नुवाकोट जिल्ला अदालतले २०५५ साल असार ७ मा चतुरेलाई एक महिना १५ दिन कैद र ८ सय ८५ रुपियाँ जरिबाना फैसला गरेको सुनाएको थियो।

मुद्दा फैसला कार्यान्वयनका लागि चतुरे खोज्दै जाँदा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। सादा पोसाकमा पुगेका प्रहरीले हचुवाका भरमा पक्राउ गर्दा निर्दोष चतुरे जेल बस्न बाध्य भएका हुन्।

**यसरी भएको थियो**




नुवाकोटको लिखु गाउँपालिका वडा नम्बर ६ मा प्रेमबहादुर लामाको गाउँतिर बोलाउने नाम 'चतुरे' हो। उनको घरदेखि १५ मिनेटमाथि चतुरे तामाङको घर छ। तर, प्रहरीले गाउँलेलाई चतुरे नाम सोधेर प्रेमबहादुरलाई पक्राउ गरेको स्थानीयवासीहरूको भनाइ रहेको छ। उनलाई घर बनाउँदै गरेको समयमा सादा पोसाकमा मोटरसाइकलमा पुगेका २ जना प्रहरीले 'एकछिन चौकी जाऔं, सानो काम छ। आजै फर्केर आउनुहोला' भन्दै मोटरसाइकलको बीचमा राखी सदरमुकाम लगेको छोरा श्यामले बताए।

गाउँमा देखिएका नचिनेका मानिस आएर 'तपाईंको नाम चतुरे हो ? भनेर सोध्दा इन्जिनियरहरू घरको निरीक्षण गर्न आए भन्ठानेर हो भन्ने जवाफ दिँदा सादा पोसाकका पुलिस पो रहेछन्, प्रेमबहादुरका छोराले भने। केही काम छ, हामीसँगै जाऊँ भनेर मोटरसाइकलमा राखेर सदरमुकाम लगेछन् र १५ गते जेलचलान गरिएछ स्थानीयबासीले भने। गाउँलेले सोधखोज गरी बुझ्दा चोरी मुद्दामा १९ वर्षअघिको मुद्दा फैसला कार्यान्वयनका क्रममा 'चतुरे' लाई नाम मिलेकै आधारमा पक्राउ गरिएको रहेछ।

नाम मिलेकै आधारमा बाबुलाई पक्राउ गरिएको भन्दै प्रेमबहादुरका छोरा प्रहरीचौकी पुगेका छन्। प्रहरीले लामाले आफू चतुरे भएको स्वीकार गरेकाले पक्राउ गरेको र एक महिना जेल राख्नुपर्ने उत्तर दिएको छ। कुनै पनि अभियोग नगरेको व्यक्ति जेलचलान भएको भन्दै उनका छोराले कानुन व्यवसायीको सहयोगमा फागुन १६ मा नुवाकोट जिल्ला अदालतमा बन्दी प्रत्यक्षीकरणको मुद्दा दर्ता गरेका छन्।

तर न्यायाधीश बिदामा बसेका कारण मुद्दाको सुनुवाइ अझैसम्म पनि हुन सकेको छैन। लिखु गाउँपालिका ६ का वडा अध्यक्ष हरिशरण लामिछानेले पनि चतुरे लामा भन्ने अर्को व्यक्ति भएको बताए। 'अदालतको फैसलाअनुसार प्रहरीले समातेर लगेको रहेछन्। सोझो भएका कारण फसाइएछ वडाअध्यक्षले लामिछानेले भने। बोलीचालीको नाम चतुरे भएका कारण इमानदार, अनपढलाई फसाइएको छ प्रेमबहादुरलाई न्याय दिलाउन आफूले पहल गर्ने उनले बताए।

तर जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी प्रमुख तथा प्रहरी निरीक्षक प्रमुख वसन्तबहादुर कुँवरले स्थानीयबासीले 'चतुरे' नाम गरेका उनी भएकाले पक्राउ गरिएको जानकारी दिए। 'अदालतले पक्राउ गर्न पठाएर हामीले ल्याएका हौं। उनी दोषी नदेखिएमा अदालतले नै न्याय दिने प्रहरी प्रमुख कुँवरले बताए।

# भूकम्प प्रभावितसँग अन्तरक्रिया

काभ्रे, (नेस)

भूकम्प पीडितहरूलाई आयआर्जनमार्फत जीविकोपार्जन गराउने उद्देश्यले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प प्रभावित जिल्लाका सरोकारवालाहरूसँग छलफल शुरू गरेको छ।

जिल्लाको भम्लु गाउँपालिका स्थित दोलालघाटमा आयोजना गरेको सिमान्तकृत समुदायको अपेक्षा संकलन पछि जिल्लास्थित सरोकारवालाहरूसँग अन्र्तक्रिया कार्यक्रम आयोजना गरेको हो। प्राधिकरणका सह-सचिव नेत्रप्रसाद सुवेदीले भूकम्प प्रभावित नागरिकहरूको जीवन यापनका लागि सहज हुने कार्यक्रमहरू स्थानीय सरकारमार्फत सञ्चालन गर्न अन्र्तक्रिया आयोजना गरिएको बताए। 'हामीले जिल्लामा भएका विभिन्न क्षेत्र र समुदायका व्यक्तिहरूसँग जीवनयापन गर्न सहज हुने कार्यक्रम र जीविकोपार्जनका लागि भएका अपेक्षा संकलन गऱ्यौं', उनले भने- 'सोही अपेक्षालाई व्यवहारमै लगाउने उद्देश्यले अर्न्तक्रिया कार्यक्रम आयोजना गरेका हौं।'

कार्यक्रममा धुलिखेल नगरपालिकाका उपप्रमुख विमला शर्माले जीविकोपार्जनका लागि स्थानीय सरकारले गरेका गतिविधि र आगामी दिनमा गर्नुपर्ने कामका बारेमा कार्यपत्र प्रस्तुत गरेकी थिइन्। जीविकोपार्जनका लागि सामाजिक संघसंस्थाहरूले गरिरहेका गतिविधिका बारेमा सोही अवसरमा जानकारी गराइएको थियो। उपसचिव शिवराम गेलालले स्थानीय सरकारमार्फत जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिएको अवस्थामा दिगो हुने विश्वास व्यक्त गरे। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण धुलिखेलका प्रमुख ध्रुव गैडाले जिल्लाका सबै स्थानीय सरकारमार्फत भूकम्प प्रभावित व्यक्तिहरूको आर्थिक अवस्था सुधार्न जीविकोपार्जन कार्यक्रम लागू गर्ने बताए।

# लाखौंको धनमाल जलेर नष्ट

नुवाकोट, (नेस)। नुवाकोटको लिखु गाउँपालिकाको चौघडामा आगलागी आगजनी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ।

आगलागीमा परी एकजना घाइते भएका छन्। आगलागीमा परी ७ लाख रुपियाँबराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ। नेपाली सेनामा कार्यरत क्याप्टेन प्रल्हाद थापाको घरमा आगलागी हुँदा उनका भाइ ३० वर्षीय प्रदीप थापाको शरीरमा चोट लागेको छ। घाइतेलाई उपचारका लागि काठमाडौं लगिएको छ।

आगलागीबाट घर पूर्णरूपमा जलेर नष्ट हुँदा एक थान स्कुटर, अन्नपात, लत्ताकपडा, भाँडावर्तन सबै नष्ट भएको प्रहरी चौकी ढिकुरेका इन्चार्ज टेकबहादुर पालले जानकारी दिए। बिहान उज्यालो हुनुअघि घटना भएका कारण इबीमा आगो लगाइदिएको हुनसक्ने भन्दै छानबिनका लागि पीडित परिवारले प्रहरीमा उजुरी दिएका छन्। घटनाको जानकारी बिहान अबेर मात्र प्राप्त भएको र आगो लाग्नुको कारणसमेत शंकास्पद देखिएको प्रहरीको भनाइ छ। घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय नुवाकोटले जनाएको छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**बिमालेख हराएको सूचना**

सर्वजनिक बसमा नुवाकोट जिल्लाबाट काठमाडौं आउनेक्रममा म **अम्बिकादेवी तिवारी**को नेपाल लाइफ इन्सुरेन्सको बिमालेख (११४००२२४६)हराएकोलेपाउनुहुने महानुभावले तलको नम्बरमा सम्पर्क वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

**सम्पर्क नम्बर: ९८५११-३८१८४**

**विमालेख हरायो**

मिति २०७४/१०/१५ गते कीर्तिपुर देखि रत्नपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको विमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम: **रेमा श्रेष्ठ** (Rema Shrestha)
विमालेख नं.: **१०१००१२०५३**
ठेगाना : **कीर्तिपुर - १०, चिठुटोल**
सम्पर्क : ९८६५१९१८५३

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

ममहाउस खानबस्न सुविधा रु. १५०००/- ममिस्त्री कुक वेटर मसाल्ची
**९८४१३२३४६५**

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता। बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता। दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता। मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३१५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेसन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६१५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, फागुन
बिहीबार
२४

करोडौंको कारोबार गर्ने व्यापारीहरुले पनि आधुनिक लेखा प्रणालीमा आफ्नो हिसाब राख्न नजानेको र परम्परागत रुपमा विश्वासको आधारमा काम गरिरहेको स्थिति छ

# नेपाल

## कर्मचारीले असहयोग गरेको मेयरको गुनासो

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङको जिल्ला सदरमुकामस्थित बेंसीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्यालले कर्मचारीले असहयोग गरेको हुँदा काम गर्न नसकेको गुनासो गर्नुभएको छ। लमजुङ उद्योग वाणिज्य संघद्वारा आयोजना गरिएको सप्ताह व्यापी भ्याट तथा सफ्टवेयर तालिमको समापनका अवसरमा सहभागीलाई प्रमाणपत्र बितरण गर्दै उहाँले त्यस्तो गुनासो गर्नुभएको हो।

उहाँले संघीयता असफल भयो भने त्यो कर्मचारीकै कारण मात्र हुने दाबी गर्दै तलब खाने तर काम नगर्ने, हल्लिएर हिँड्ने कर्मचारीको प्रवृत्ति तथा भ्रष्ट चरित्रले गर्दा काम गर्न कठिन भएको र गर्न सकिने काम पनि गर्न नसकेको बताउनुभयो। उहाँले काम चोर कर्मचारीलाई तह लगाउन नगरपालिकाले डिजिटल हाजिरीको प्रबन्ध गरेको जानकारी दिनुभयो।

वरिष्ठ अधिवक्तासमेत रहनुभएका नगरप्रमुख अर्यालले कार्यकारी अधिकृत गत भदौमा सरुवा गरी अर्को नपठाएको तथा लेखापाल पनि १/२ दिन बिराएर १/२ घण्टे पठाउने गरेका कारण नगरपालिकाको काममा बाधा परेको बताउनुभयो। कर्मचारीको भ्रष्ट मनोवृत्तिका कारणले पनि काममा गुणस्तर हुन नसको हो भन्दै आफूले घुस नखाने खान नदिने प्रतिवद्धता व्यक्त गर्नुभयो।

उहाँले कानुनको अभावमा पनि काम गर्न कठिन भएको हुँदा कानुन बनाउने काममा आफू लागि परेको बताउनुभयो। टाठाबाठाले मुलुक लुट्ने र निमुखालाई ठग्ने काम गरेको बताउँदै ८/१० वर्ष अघिसम्म केही नभएको मान्छे अहिले आएर करोडपति कसरी हुन्छ भन्नुभयो। उहाँले धेरै व्यापार तथा घरजग्गा करको दायरामा आउन नसकेको बताउँदै यो तालिमले दोहोरो लेखा प्रणालीलाई व्यवस्थित गर्न मद्दत गर्ने विश्वास आफूले गरेको बताउनुभयो।

घरेलु तथा साना उद्योग विकास समितिको आयोजनामा कतिला एन्ड कम्पनी पोखराका मधुमान कतिला, प्रकाश पौडेल र राजकुमार बोहोराले सो तालिममा प्रशिक्षकको भूमिका निभाउनुभएको थियो। तालिममा १४ जना महिनासहित २६ जनाले भाग लिएको आयोजक संस्थाका अध्यक्ष राजेश थापाले बताउनुभयो। सो कार्यक्रममा लमजुङ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष रामकुमार श्रेष्ठले करोडौंको कारोबार गर्ने व्यापारीहरूले पनि आधुनिक लेखा प्रणालीमा आफ्नो हिसाब राख्न नजानेको र परम्परागत रूपमा विश्वासको आधारमा काम गरिरहेको स्थिति छ भन्नुभयो। आयोजक संस्थाका अध्यक्ष राजेश थापाको अध्यक्षतामा भएको समापन समारोहको सञ्चालन संघका द्वितीय उपाध्यक्ष गुणराज सिलवालले गर्नुभएको थियो।

## घर जलेपछि डोम परिवारको बिचल्ली

**कृष्णउदास खनाल, वीरगन्ज**

वीरगन्ज महानगरपालिका वडा नम्बर-१६ भेडियारीमा भएको आगलागीमा एउटा घर नष्ट भएको छ। स्थानीय रामाशिष मल्लिकको घरमा आगलागी भएको हो।

आगलागीबाट फुसको घरमा बस्दै आएका ५ वटा डोम परिवारको विचल्ली भएको हो। रामाशिषसँगै नागेन्द्र, राजेश्वर, छोटेलाल, र मोतिलाल मल्लिक परिवारको विचल्ली भएको स्थानीय बासिन्दाले जनाएका छन्। बुधबार बिहान २ बजेबाट शुरू भएको आगलागीबाट घर जल्दा ५ दलित परिवारका ३० जना सदस्यको विचल्ली भएको हो। आगलागीमा परी घरमा रहेको नगद, गरगहना, लत्ताकपडालगायत अन्य सम्पूर्ण समान नष्ट भएको छ।

बिहान २ बजेबाट शुरु भएको आगलागी वीरगन्ज महानगरपालिकाको दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा पौने ५ बजेतिर नियन्त्रणमा आएको थियो। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजन लिम्बूले आगलागीमा ८ लाख मूल्यबराबरको क्षति भएको अनुमान गरिएको बताए। आगलागीबाट पीडित परिवारको विचल्ली भएको स्थानीयहरूले बताएका छन्।

## प्रदेश ५ का मुख्यमन्त्रीले विश्वासको मत लिने

बुटवल, (नेस)

प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले यही फागुन २७ गते आइतबार विश्वासको मत लिनुहुनेभएको छ। प्रदेश सरकारका प्रवक्ता तथा भौतिक पूर्वाधार विकास मन्त्री वैजनाथ चौधरीका अनुसार फागुन २७ गते दिउँसो १ बजे बोलाइएको प्रदेशसभा बैठकमा मुख्यमन्त्री पोखरेलले सम्बोधन गर्दै विश्वासको मतका लागि प्रस्ताव गने कार्यक्रम रहेको छ।

संविधानको धारा १६८ को उपधारा ४ बमोजिम बहुमत सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त हुनुभएका पोखरेलले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्छ। मुख्यमन्त्रीले संसद्मा मतका लागि प्रस्ताव गरेपछि अन्य सांसदहरूले धारणा राख्ने कार्यक्रम रहेको छ।

त्यसपछि छलफलमा उठेका विषयमा मुख्यमन्त्री पोखरेलले जवाफ दिनुहुनेछ। जवाफपछि सभामुखले मतदानका लागि आह्वान गर्नुहुनेछ। मतदानमा आफ्नो पक्षमा ४४ मत वा बढी आएमा शंकर पोखरेल मुख्यमन्त्री कायम रहनुहुनेछ। एमाले संसदीय दलका नेता पोखरेल माओवादी केन्द्रको समर्थनमा यही फागुन ३ गते मुख्यमन्त्री नियुक्त हुनुभएको हो।

## 'कर्मचारी अभावले काम प्रभावकारी भएन

रुकुम, (नेस)

कर्णाली प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री बिमला केसीले कर्णाली प्रदेशलाई समृद्ध बनाउनका लागि सरकार प्रतिवद्ध भएको बताउनुभएको छ। प्रदेश मन्त्रालयमा कर्मचारीको अभावका कारण प्रदेश सरकारले प्रभाकारी रूपमा काम अगाडि बढाउन नसकेको भए पनि सो समस्या तत्काल समाधान गरिने मन्त्री केसीको भनाइ छ।

बुधबार रुकुम पश्चिमको सदरमुकाम मुसीकोटमा प्रेस चौतारी र प्रेस सेन्टर रुकुम पश्चिमले संयुक्त रूपमा आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै मन्त्री केसीले प्रदेशमा रहेका विभिन्न मन्त्रालयहरूमा आवश्यक परेका कर्मचारीहरूको एक तिहाइ पनि उपस्थिति नभएकाले कर्मचारी आपूर्तिका लागि केन्द्र सरकारसँग माग गरिएको जानकारी दिनुभयो। मन्त्री केसीले विभिन्न बिधेयकहरूको अभावका कारण पनि प्रदेश संसदले काम गर्न नसकेको गुनासो गर्नुभयो।

प्रदेश सरकार सञ्चालनका लागि आवश्यक कानुन निर्माण गर्न कानुन अधिकृत नहुदाँ पनि कानुनी जटिलता खड्किएको मन्त्री केसीको भनाइ छ। उहाँले संघीय व्यवस्थाको शुरुआती चरणमा भएका कारण यतिबेला अभावका बीचबाट पनि काम गर्ने पर्ने बाध्य भएको बताउनुभयो। प्रदेशसभाको पहिलो बैठकबाट कृषि, पर्यटन, उद्योगलगायतका क्षेत्रमा केन्द्रित रहेर २१ बुदें निर्णयसमेत गरेर काम थालिएको बताउँदै मन्त्री केसीले अगामी आर्थिक वर्षको बजेट असार १ गते नै आउने जानकारी दिनुभयो।

पत्रकार भेटघाट कार्यक्रममा मन्त्री केसीका साथै कर्णाली प्रदेशसभा सदस्यद्वय रातो कामी र देवी ओली तथा ५ नं प्रदेशसभा सदस्य आशा स्वर्णकारको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा जिल्ला समन्वय समितिका संयोजक राजकुमार शर्मा, नेकपा एमालेका जिल्ला अध्यक्ष बिमलकुमार पुन, माओवादी केन्द्रका पोलिटव्युरो सदस्य बसन्त गौतमलगायतको सहभागिता रहेको थियो।

## सामुदायिक वनको डढेलो नियन्त्रण बाहिर

खोटाङ, (नेस)

खोटाङको खोटेहाङ गाउँपालिका-२ वाप्लुखास्थित सेल्मे देवीखोला सामुदायिक वनमा लागेको भीषण डढेलो नियन्त्रण बाहिर गएको छ। मंगलबार दिउँसो शुरु भएको आगो नियन्त्रण बाहिर गएको खोटेहाङ गाउँपालिका-२ वाप्लुखाका वडाध्यक्ष दिपेन राईले बताउनुभयो।

सुक्खा मौसम भएकाले सामुदायिक वनको सयौं हेक्टर जग्गामा डढेलो फैलिएको छ। सेल्मे देवीखोला सामुदायिक वनबाट शुरु भएको डढेलो अहिले छिमेकी जिल्ला भोजपुरको पान्धारेस्थित रोफुवा कमेरे गैरी भञ्ज्याङ सामुदायिक वनतर्फ पुगेको वडाध्यक्ष राईले जनाउनुभयो।

वाप्लुखा प्रहरी चौकी, पानधारे प्रहरी चौकीका प्रहरी र स्थानीयबासीले डढेलो निभाउने प्रयास गरे पनि सम्भव नभएको बताइएको छ।

## मोटरसाइकल चोर पक्राउ

बुटवल, (नेस)

रूपन्देही जिल्लामा विगत केही समयदेखि मोटरसाइकल चोरीका घटना बढेकोमा प्रहरीले चोरीमा संग्लन २ जनालाई पक्राउ गरेको छ।

जिल्ला रूपन्देही ओमसतिया गाउपालिका वार्ड नं ३ बस्ने वर्ष १९ को रञ्जित चौधरी र सोही स्थान बस्ने वर्ष १८ को बिनय चौधरीलाई चोरीको अभियोगमा प्रक्राउ गरेको जनाएको छ। यही फागुन १३ गते लु २७ प ८६४७ को मोसा चोरी भएकाले आवश्यक अनुसन्धान तथा कारबाही गरी पाँऊ भनी मोटरसाइकल धनी रामचन्द्र यादवले प्रहरीमा निवेदन दिएपछि खोजतलास गर्ने क्रममा सियारी गाँउपालिका वडा नं ७ अमुवामा इन्जिन नम्बर केरमेट तथा पार्टपुर्जासमेत परिवर्तन गरी चलाइरहेको अवस्थामा उक्त मोटरसाइकल फेला पारी चोरी गर्ने चौधरी र बिनयलाई प्रहरीले पक्राउ गरेको जनाएको छ।

## सात विद्यालयमा वातावरण संरक्षण शिक्षा

**गणेश घिमिरे, इलाम**



आउँदो शैक्षिक सत्रबाट इलामका थप ४ वटा विद्यालयमा रेडपान्डासम्बन्धी 'वातावरण संरक्षण शिक्षा' विषयमा पढाइ हुने भएको छ। दुर्लभ वन्यजन्तु रेडपान्डा (हाब्रे) को संरक्षण गर्ने मुख्य उद्देश्यका साथ यस विषयको पढाइ जिल्लाका ३ वटा विद्यालयमा गत शैक्षिक सत्रबाट नै शुरु भइसकेको छ।

रेडपान्डा संरक्षणको क्षेत्रमा सन् २००७ देखि मेचीका ३ पहाडी जिल्लामा काम गर्दै आएको रेडपान्डा नेटवर्कले पुस्तक तयार पारेको हो। गत शैक्षिक सत्रबाट जमुनाको राष्ट्रिय निमावि, प्याङको प्याङ मावि र माइमझुवाको स्याम्बल माविमा 'वातावरण संरक्षण शिक्षा' विषयको पढाइ शुरु भइसकेको छ।

अब आउँदो शैक्षिक सत्रबाट माइपोखरीको चन्द्रोदय निमावि, पुवामझुवाको बाल्मिकी निमावि, जोगमाइको ज्ञानोदय मावि र माबुको प्रबोध माविमा पढाइ सञ्चालन गरिने नेटवर्क इलामका फिल्ड प्राविधिक फिञ्जु शेर्पाले बताए। सो विषयको पढाइ कक्षा ६ र ७ मा समावेश छ। इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लालाई कार्यक्षेत्र काम गर्दै आएको नेटवर्कले पाँचथर र ताप्लेजुङको एक/एकवटा विद्यालयमा गत शैक्षिक सत्रबाट र आउँदो शैक्षिक सत्रबाट पाँचथरका दश र ताप्लेजुङ्गको ११ वटा विद्यालयमा सो विषयको पढाइ सञ्चालन गर्ने नेटवर्कले जनाएको छ।

स्थानीय विषयवस्तु समेटेर तयार पारिएको १ सय पूर्णाङ्कको पाठ्यपुस्तक रेडपान्डा पाइने क्षेत्रका विद्यालयहरू पढाइ हुन थालेको हो। रेडपान्डा नेटवर्कले जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरेर कक्षा ६ र ७ का लागि 'वातावरण संरक्षण शिक्षा' पाठ्यपुस्तक तयार गरेको शेर्पाले बताए। उनले भने- 'विद्यालयस्तरबाटै वातावरण संरक्षणको चेतना जगाउन स्थानीय पाठ्यसामग्री तयार पारीएको हो।'

वातावरण संरक्षण शिक्षा विषयको कक्षा ६ मा रेडपान्डा, रेडपान्डाका लागि संरक्षण संरक्षित क्षेत्र र संरक्षणका स्थानीय अभ्यास, रेडपान्डा-मानव र वन्यजन्तुबीचको द्वन्द्व र न्यूनीकरण, पर्यटनलगायतका विषयवस्तु समेटिएको छ भने, कक्षा ७ को पुस्तकमा जैविक विविधता, जैविक विविधता संरक्षणसम्बन्धी ऐन कानुन, प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जनका अभ्यास र जलवायु परिवर्तनलगायतका शीर्षकहरू समावेश छन्।

नेटवर्कले इलामका साबिकका माबु, माइमझुवा, जमुना, माइपोखरी, प्याङ, जोगमाई, गोर्खे र पुवामझुवा गाविसमा समुदायमा आधारित रेडपान्डा संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ। यी ठाउँहरूमा विश्वमै दुर्लभ वन्यजन्तु रेडपान्डा पाइन्छ। यो कार्यक्रम शुरु नहुँदा रेडपान्डाको चोरी तस्करी अत्यधिक हुने गरेको र जंगली जनावरको आक्रमणबाट यसको अवस्था संकटमा पर्दै गएको थियो।

तर नेटवर्कले रेडपान्डा संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरेपछि चोरी तस्करी ९० प्रतिशत नियन्त्रणमा आएको संस्थाको दाबी छ। 'यो कार्यक्रमबाट स्थानीय समुदायमा सचेतना जगाउनेदेखि लिएर विद्यालयस्तरमा रुट एन्ड सुट्स कमिटी गठन गरी संरक्षणको काम भइरहेको छ,' शेर्पा भन्छन्- 'रेडपान्डा पाइने सामुदायिक वनमा संरक्षणको कामहरू हुन थालेपछि रेडपान्डाका साथै विभिन्न जंगली जनावर र चराचुरुङ्गी हेर्न आन्तरिक र बाह्य पर्यटकको भीड पनि बढ्दो क्रममा छ।' यसैलाई मध्यनजर गरेर नेटवर्ककै आर्थिक सहयोगमा जमुना, मावु र गोर्खेका पाँच/पाँचवटा घरमा होमस्टे सञ्चालन गरिएको शेर्पाले बताए।

## सचेत हुँदै गर्भवती र सुत्केरी महिलाका श्रीमान्

**हिक्मत नेपाली, दैलेख**

गर्भवती तथा सुत्केरी अवस्थामा आवश्यक पौष्टिक आहारहरू अनिवार्य खानुपर्ने, गह्रौं भारी बोक्न नहुने, विश्रामको धेरै आवश्यकता पर्नेलगायत महिलाहरूको प्रजनन् स्वास्थ्य तथा अधिकारका बारेमा व्यवहारिक रूपमै पुरुषहरूलाई भारी बोकाएर जानकारी गराइएको छ। महिला गर्भवती हुँदादेखि सुत्केरी अवस्था र सोभन्दा पछिका २ वर्षसम्म भोग्नुपरेका पीडाहरूलाई पोषण मेलाको माध्यामबाट जानकारी गराएपछि पुरुषहरूको ध्यान केन्द्रित भएको छ। गर्भवती र सुत्केरी अवस्थामा महिलाहरूलाई हुने पीडाबारे पोषण मेलामा सहभागी पुरुषहरू सचेत भएका हुन्।



पुरुष एउटा श्रीमान् र पिता भएकाले विचार परिवर्तनबाट महिलाको जीवन राम्रो हुने र स्याहारसुसार पनि हुने भएकाले पुरुषहरूलाई गर्भावस्था र सुत्केरी अवस्थामा, महिलाको प्रजनन् अधिकार सुनिश्चित गर्न र पाठेघर खस्ने समस्या निर्मूल गर्नका लागि पुरुषहरूको भूमिकाको बारेमा जानकारी गराउनका लागि जिल्लाका विभिन्न स्थानहरूमा पोषण मेलाको आयोजना गर्दै आएको महिला सशक्तिकरण मञ्चकी अध्यक्ष सुनिता चन्दले बताइन्।

गर्भवती तथा सुत्केरी महिलाहरूका श्रीमानहरूको जिम्मेवारीको बारेमा सचेत गराउने, पितृत्वको भावना उजागर गर्ने र सम्मान गर्न सिकाउने उद्देश्यले कार्यक्रमहरू आयोजना गरेको कार्यक्रम संयोजक दुर्गा खत्रीले बताइन्।

पछिल्लो पटक दैलेखको दुल्लु नगरपालिका वडा नं. १३ मालिकामा पुरुष केन्द्रित प्रजनन् स्वास्थ्य तथा पोषण मेलाको आयोजना गरिएको छ। वातावरणीय कृषि तथा विकास केन्द्र सुर्खेतको आर्थिक सहयोगमा महिला सशक्तिकरण मञ्चद्वारा सञ्चालित महिला किशोरी तथा बालअधिकार कार्यक्रमअर्न्तगत पुरुष केन्द्रित प्रजनन् स्वास्थ्य तथा पोषण मेला स्वास्थ्य चौकी मालिकादेवी माविमा सम्पन्न भएको हो। सेतो गुराँस बाल विकास केन्द्र दैलेख, सुआहारा कार्यक्रम एभरेस्ट क्लब दैलेखको समन्वयमा यस्ता कार्यक्रमहरू हुँदै आएका छन्।

मेलामा श्रीमान नभएका महिलाहरूको पीडा बुझ्नका लागि घरमा रहेका सासू, ससुरा र देवरलाई समेत सुरक्षाका बारेमा जानकारी दिएको छ। विशेष गरी सुत्केरी तथा गर्भवती महिलाका श्रीमानहरूको उपस्थिति रहेको स्वास्थ्य मेलामा १२ वटा स्टल राखिएका थिए। प्रत्येक पुरुषलाई मेलाको सुत्केरी तथा गर्भवती महिलालाई खुवाउने पोषण, खाना र स्याहारसुसार र गर्नुपर्ने व्यवहारका बारेमा जनाकारी गराइएको छ। मेलामा ५० जना गर्भवती महिला र ५६ वटा सुत्केरी महिलाहरूले स्वास्थ्य जाँच गरिएको थियो।

दुल्लु नगरपालिकाका नगरप्रमुख घनश्याम भण्डारीले स्थानीय स्तरमा जनचेतना जगाउनका लागि सुचनामूलक कार्यक्रम अपरिहार्य भएको बताए। उनले बाल विवाहका कारण महिलाहरूको पाठेघर खस्ने समस्या बिकराल भएको भन्दै बालविवाह रोक्नका लागि सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने बताए।

**जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोकको**
**आशयपत्र पेश गर्ने सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७४/११/२४)**

यस कार्यालयको चालु आ.व.२०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस जिल्लाका चार (४) वटा सामुदायिक वनहरुको वैज्ञानिक वन व्यवस्थापन योजना तयारी तथा कार्ययोजना कार्यान्वयन कार्यक्रम गर्नको लागि सेवा प्रदायकहरुको आवश्यकता परेको हुदा उल्लेखित कार्य गर्न इच्छुक योग्य र अनुभव प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र ) दिन (२०७४।१२।०८)भित्र आवश्यक कागजातहरु संञाशलग्न गरी आसयपत्र पेश गर्नु हुन र यस सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा उल्लेख गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हार्दिक श्रद्धाञ्जली**

इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।।



जन्म :
वि.सं. १९९६ कार्तिक २८

स्वर्गारोहण :
वि.सं २०७४ फागुन १२

**स्व. इन्द्रकुमारी कार्की**

हाम्री प्रातःस्मरणीय ममतामयी आमा/हजुरआमा/जिजू हजुरआमा **इन्द्र कुमारी कार्की**को ७९ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा हामी मर्माहत भएका छौँ। आज १३ औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै, हामीप्रति सहानुभूति, समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण शुभचिन्तक, इष्टमित्र, वन्धुवान्धव, कुलकुटुम्व एवं संघसंस्थाहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**छोरा/बुहारीहरू**
डा.वीरबहादुर कार्की/कमला कार्की
नवराज कार्की/कल्पना, नीतु कार्की
अमृतबहादुर कार्की/ज्योति कार्की

**नाति/नातिनी**
ई.विपिनसिंह कार्की, दीपिका कार्की
निशानसिंह कार्की, ई. कल्याणसिंह कार्की
साकारसिंह कार्की

**छोरी/ज्वाईंहरू**
जमुना (सीता)/कृष्ण बहादुर कुँवर
गंगा/राजेन्द्र भट्टराई
सुशीला/धनेश लामिछाने
पम्फा/गणेश थापा

**नातिहरू**
प्रतिक लामिछाने
सागर कुँवर
विक्रम थापा
विशेष लामिछाने

**नातिनीहरू**
शर्मिला कुँवर
लक्ष्मी लामिछाने
सुरक्षा कुँवर
सृष्टि भट्टराई
विनम थापा

**नातिनी/नातिनी ज्वाईंहरू**
सारिका/निरज थापा
डा. संगीता/डा. देवेन्द्र गौतम
ई.सविना/ई.आशिष अर्याल

**नाति/नातिनी बुहारी**
सन्देश/निर्मला भट्टराई

**पनाति/पनातिनी**
निहारीका, निरोज थापा
सार्थक भट्टराई
सुहाश गौतम

**निमन्त्रणा**
आज २०७४ फागुन २४ गते बिहीवार १३ औं दिनको पुण्यतिथिमा आयोजित शुद्धाशुद्धि कार्यक्रममा उपस्थित भई प्रसाद ग्रहणका लागि शुभचिन्तक, इष्टमित्र, वन्धुवान्धव, कुलकुटुम्व, शवयात्रामा सहभागी तथा भेटी प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक निमन्त्रणा गर्दछौं।
स्थान : पोखरा लेखनाथ-१४, चाउथे, बेलचौतारामार्ग
समय : बिहान ९ बजेदेखि

तथा
**सम्पूर्ण कार्की परिवार**
पोखरा लेखनाथ महानगरपालिका-१४, चाउथे

# विश्व

**बन्द नमुना**

सन् १९६९ मा एपोलो ११ चन्द्रमाबाट ल्याएका चट्टानका नमुना राखिएको कन्टेनर ओसार्दै नासाका कर्मचारी। ४५ देखि सिल्ड गरिएको उक्त नमुनाका चाँडै अनुसन्धान हुने नासाले जनाएको छ।



**निर्माणाधीन**

चीनको चोंगक्विंग शहरमा निर्माण भइरहेको तेर्सो गगनचुम्बी 'होरिजेन्टल स्काइस्क्रापर' भवनको नमुना। कन्जरभेटरी नाम दिइएको उक्त भवन ३ सय मिटर लामो हुने बताइएको छ।



2018, MAR Thursday 8

विश्व २ मिनेट

## भारत

### सम्मान नदिँदा सजाय

नयाँदिल्ली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नामका अगाडि 'श्री' नलगाएकोमा सीमा सुरक्षा बलका एक जवानको सात दिनको तलब काटिएको छ। बंगालको नदियाको महातपुरस्थित बीएसएफको १५औं बटालियनका सञ्जीव कुमार रिपोर्ट दिने क्रममा 'मोदीको कार्यक्रमै' शब्दको प्रयोग गरेका थिए। कुमारलाई सीमा सुरक्षा बल कानुनअनुसार उक्त घटनामा दोषी पाएपछि सजाय स्वरुप ७ दिनको तलब कटौती गरिएको थियो। प्रधानमन्त्रीको नामसँग सम्मान व्यक्त नगरेको कारण देखाई कुनै जवानमाथि भएको यो कारबाही पहिलो घटना मानिएको छ। यसलाई केही पर्यवेक्षकहरूले मोदीको प्रभावका रूपमा लिएका छन्।

## फ्रान्स

### उमेर १५

पेरिस, (एजेन्सी)

फ्रान्सले सहमतिमा यौन सम्पर्क गर्न पाउने न्यूनतम उमेर १५ वर्ष गर्न लागेको छ। यसको अर्थ त्योभन्दा कम उमेरका व्यक्तिसँग यौन सम्पर्क गर्नुलाई बलात्कार मानिनेछ। लैंगिक समानता सुनिश्चित गर्ने विभागकी मन्त्री मार्लिन सियपाले उक्त फैसलाको स्वागत गरेकी छिन्। हालै मात्र ११ वर्षकी बालिकासँग यौन सम्पर्क गरेको दुई मामिलाले विवादको रूप लिएपछि उक्त परिवर्तन गरिएको हो। अहिलेसम्मको कानुनमा हिंसा या जबरजस्ती गरेको कुनै प्रमाण नभएमा अपराधीलाई नाबालिकसँगको यौन उत्पीडन वा बलात्कार जस्ता आरोप लाग्ने व्यवस्था छैन।

## अमेरिका

### आर्थिक सल्लाहकारको राजीनामा

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका आर्थिक सल्लाहकार गेरी कनले आफ्नो पदबाट राजीनामा दिएका छन्। ट्रम्प प्रशासन छोड्ने उनी सातौं पदाधिकारी हुन्। ट्रम्पका अत्यन्त निकटमध्येका एक मानिएका कनलाई मुख्य आर्थिक सल्लाहकारमा नियुक्त गरिएको थियो। उनी गोल्ड सेक्स बैंकका पूर्वअध्यक्ष हुन्। ट्रम्पले अमेरिकाको कार्यभार सम्हालेपछि नै उनलाई राष्ट्रिय आर्थिक परिषद्को प्रमुख पदमा नियुक्त गरेको थियो। उनले स्टिल र एल्युमिनियम आयातमा कर लगाउने ट्रम्पको योजनामा आपत्ति जनाएका थिए। ट्रम्पले हालै मात्र चीनबाट आयात हुने ती वस्तुहरूमा भन्सार कर लगाउने घोषणा गरेका थिए।

## बेलायत

### मंगल ग्रहमा जीवावशेष

लन्डन, (एजेन्सी)

एक विवादास्पद वैज्ञानिकले मंगलग्रहमा जीव अस्तित्व प्रमाणलाई नासाले लुकाउने प्रयास गरिरहेको आरोप लगएको छ। नासाले मंगल ग्रहमा उसको मानव अभियान अगाडि उक्त तथ्यलाई लुकाउन चाहेको आफूलाई लागेको उनले बताए। बकिंघम युनिभर्सिटी अनुसन्धानकर्ता बेरी डिग्रेगोरियोले मंगलग्रहमा विचरण गरिरहेको मार्स रोवर क्युरियोसिटीले पृथ्वीको जस्तै जीवावशेष फेला पारेको दाबी गरेका छन्। उक्त अवशेष भनेको जीवकै अवशेष नभई पैतालाको चिह्नजस्ता जीवावशेष संकेत भएको उनले बताए। नासाले ती डाटाहरू आफूसँगै मात्र सीमित राख्न थालेको उनले बताए।

# त्रिपुरामा भाजपाले लेनिनको मूर्ति ढालेपछि देशव्यापी मूर्ति तोडफोडको लहर







नयाँदिल्ली, (एजेन्सी)

भारतको पूर्वी राज्य त्रिपुरा विधानसभा चुनावमा वाम पार्टी सीपीएमको पराजयपछि हिन्दू राष्ट्रवादीहरूले लेनिनको मूर्ति ढालेका थिए। यससँगै देशव्यापी मूर्ति तोडफोडको लहर चलेको छ।

भाजपा विजय भएपछि त्रिपुरा राजधानी अगरतलाबाट करिब ९० किलोमिटरको दूरी बेलोनियाको सेन्टर अफ कलेज स्क्वायरमा रुसी क्रान्तिका नायक तथा वामपन्थी विचारधाराका प्रतीक भ्लादिमिर लेनिनको मूर्ति ढालेका थिए। 'भारत माताकी जय' नारा लगाउँदै भिडले जेसीबी मेसिनको सहयोगमा मूर्ति गिराएका थिए।

उक्त घटनालगत्तै देशको कयौं भागमा मूर्ति तोडफोड भएको समाचार आइरहेका छन्। उत्तर प्रदेशको मेरठमा भीम राव अंबेडकरको प्रतिमालाई नोक्सान पुऱ्याइएको सञ्चार माध्यमले जनाएका छन्। उक्त घटना रातिको समयमा भएको इन्डिया टुडेले जनाएको छ।

स्थानीय प्रशासनले इलाकामा कुनै प्रकारको तनाव फैलिन नदिन तत्काल कारबाही थालेका छन्। प्रशासनले तोडिएका मूर्तिका स्थानमा नयाँ लगाएको सीएनएन न्युज १८ ले जनाएको छ।

त्रिपुरामा वामपन्थीलाई हराएर भाजपाले जित हासिल गरेको ४८ घण्टा नबित्दै मूर्ति तोड्न थालिएको हो। सन् २०१३ मा वामपन्थीले चुनाव जितेपछि लेनिनको उक्त प्रतिमा राखिएको सञ्चार माध्यमले जनाएको छ। उक्त घटनापछि दक्षिण त्रिपुरामा पनि लेनिनकै अर्को एउटा प्रतिमा ढालियो। सबरुमको अर्को घटनामा भिडले लेनिनको एउटा सानो मूर्ति ढालेको थियो।

### दलित नेता पेरियारको मूर्ति तोडफोड

यसबीच तमिलनाडुमा पेरियारको मूर्तिलाई पनि निसाना बनाएको जनाइएको छ। बेल्लुरको तिरुपत्तुर तालुकामा दुई जनाले पेरियारको मूर्तिलाई नोक्सान पुऱ्याउने प्रयास गरेको प्रहरीले जानकारी दिए। मूर्तिको अनुहारमा हत्यौडा प्रहार गरी तोडफोड गरिएको थियो।

उनीहरूलाई पक्राउ गरिसकेको प्रहरीले बताए। पक्राउ पर्नेमा एकजना भाजपाका शहरको महासचिव भएको बताइएको छ।

### श्यामाप्रसादको मूर्ति तोड्ने प्रयास

त्यसैगरी बुधबार पश्चिम बंगालको राजधानी कोलकातामा श्यामाप्रसाद मुखर्जीको एक मूर्तिलाई पनि नोक्सान पुऱ्याइएको सञ्चार माध्यमहरूले जनाएको छन्।

हिन्दू विचार मानिएका श्यामा प्रसादको उक्त मूर्ति केयोरतालामा रहेको छ। त्यहीं उनको अन्तिम संस्कार पनि गरिएको थियो। मूर्तिको टोउकोमा घनले तोडफोड गर्ने प्रयास गरिएको र पुरै अनुहारमा फोहर फ्याँकिएको बताइएको छ।

### मोदीद्वारा निन्दा

प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री राजनाथ सिंह र भाजपा अध्यक्ष अमित शाहले देशमा लगातार भइरहेका ती घटनाको निन्दा गरेका छन्। अमित शाहले ट्विटमा मूर्ति नष्ट गर्ने घटना दुर्भाग्यपूर्ण भएको र आफूहरू पार्टीका रूपमा कुनै पनि प्रतिमा गिराउने कुरामा समर्थन गर्ने पक्षमा नरहेको उल्लेख गरेका छन्। आफूले तमिलनाडु र त्रिपुरामा पार्टी एकाइसँग कुरा गरेको उनले बताए। मूर्ति तोडफोडमा लाग्ने कुनै पनि व्यक्ति भाजपाका कार्यकर्ताविरुद्ध पार्टीले कठोर कदम उठाउने चेतावनी दिएको उनले बताए।

# आइसल्यान्डमा सिस्न मुन्डनमा प्रतिबन्ध लाग्ने

रिक्जाभिक, (एजेन्सी)



धार्मिक समूहहरूले मेडिकल कारण जनाउँदै सिस्न मुन्डनमाथि प्रतिबन्ध लगाउने आइसल्यान्डको संसद्को विधेयकको कडा शब्दमा आलोचना गरेका छन्। उक्त नयाँ कानुन मस्यौदाअनुसार आइन्दा यदि कसैले बालकको यौनांगका केही भाग वा पूरै भाग काटेर फालेको पाइएमा दोषीलाई छ वर्ष लामो कारवास सजाय हुने भएको छ।

यस्तो कार्यबाट बालकको मानव अधिकार हनन हुने पनि बताइएको छ। यहुदी र मुस्लिम नेताहरूले यस विधेयकलाई धार्मिक वितन्त्रतामाथिको आक्रमणको संज्ञा दिएका छन्। यस्तो प्रक्रियामाथि प्रतिबन्ध लगाउने आइसल्यान्ड युरोपको पहिलो राष्ट्र भएको छ।

यस मुलुकमा करिब २ सय ५० जना यहुदी र १ हजार ५ सय जना मुस्लिम नागरिक रहेका छन्। फेब्रुअरीको शुरूमै यो विधेयक पेस गरेका प्रोग्रेसिभ पार्टीका विधायक सिल्जा डोग गन्नार्सडोटिरले भनेकी छिन्- 'हामीले स्वतन्त्रतामाथिको आस्था र विश्वास नभई बालबालिकाको अधिकारबारेमा कुरा गरिरहेका छौं। सबैसँग आफूले चाहेको कुरामा विश्वास गर्ने अधिकार छ। तर त्यो विश्वासभन्दा पनि बालबालिकाको अधिकार माथि पर्दछ।'

आइसल्यान्डले सन् २००५ मा महिलाहरूको संवेदनशील अंगको भग्नासा काट्न नपाउने कानुन बनाएको थियो। सिस्न मुन्डन गरिएका पुरुषलाई एचआईभी पोजिटिभ महिलाबाट एचआईभी संक्रमण हुने सम्भावना कम रहेको केही प्रमाण पनि रहेको छ।

# उत्तर कोरियाको वार्ता गर्ने इच्छाप्रति ट्रम्पको सतर्क प्रतिक्रिया

## 'झुठो अपेक्षा' हुन सक्छ

वासिङ्टन, (एजेन्सी)



अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाले परमाणु कार्यक्रम परित्याग गर्ने विषयमा वार्ता गर्ने इच्छा व्यक्त गरेकोमा सतर्कतापूर्वक प्रतिक्रिया दिएका छन्।

ट्रम्पले दक्षिण कोरिया र उत्तर कोरियाबाट आइरहेको बयान अत्यन्त सकारात्मक रहेको तर यो 'झुठो अपेक्षा' पनि हुन सक्ने बताए। दक्षिण कोरियाले उसको प्रतिनिधिमण्डलले उत्तर कोरियाका नेता किम जोङ उनसँग भेटघाटमा उक्त मुद्दा उठाएको जानकारी दिएको थियो।

दक्षिण कोरियाका अनुसार किम जोङ उन अमेरिकासँग वार्ताका लागि तयार छ र हतियार परीक्षणमा पनि रोक लगाउन सक्छ। यद्यपि पहिला उत्तर कोरियासँग भएको कुराकानीमा कुनै प्रगति भएको थिएन। अमेरिका र उत्तर कोरियाका केही अधिकारीहरूले उत्तर कोरिया यसलाई हतियार विकास गर्ने कार्यक्रमका लागि समय निकाल्ने प्रयासमा प्रयोग गर्न सक्ने आशंका व्यक्त गरेका छन्। यो कडा प्रतिबन्धबाट राहत पाउने प्रयास पनि हुन सक्ने उनीहरूले बताए।

उत्तर कोरियाका तर्फबाट अहिलेसम्म यस विषयमा कुनै टिप्पणी आएको छैन। दक्षिण कोरियाका तर्फबाट उत्तर कोरिया पुगेका प्रतिनिधिमण्डलका नेता चुङ इयु योङले दुई देशका नेता अर्को महिनाको शिखर सम्मेलनमा भेट्ने सहमत भएको जानकारी दिए।

एक दशकभन्दा लामो समयपछिको यो पहिलो बैठक हुनेछ। किम जोङ उन सन् २०११ देखि सत्तामा आएका हुन्। उनी उत्तर कोरियाका नेता बनेपछि त्यस्तो कुनै बैठक भएको छैन। गत फेब्रुअरीमा दक्षिण कोरियामा भएको विन्टर ओलम्पिकका क्रममा दुई देशबीच सम्बन्ध झाँगिएको थियो। उत्तर कोरियाका खेलाडीले दक्षिण कोरियाका खेलाडीसँगै एक टोलीमा खेलेका थिए।

वासिङ्टनमा सञ्चार माध्यमसँगको कुराकानीमा ट्रम्पले उत्तर कोरियाको मामिलामा निश्चितरूपमा आफूहरूले लामो मार्ग तय गरेको बताए। उनले भने- 'दक्षिण कोरिया र उत्तर कोरियाबाट आइरहेको बयान सकारात्मक छन्। पूरै विश्वका लागि यो ठूलो कुरा हुनेछ।' ट्रम्पले दक्षिण कोरियामा भएको ओलम्पिकमा भाग लिएकोमा उत्तर कोरियाको प्रशंसा पनि गरे। तर यसअघि उनले चेतावनीको भाषामा एक ट्विट पनि गरेका थिए। ट्विटमा उनले यसलाई एक 'झुठो अपेक्षा' पनि हुन सक्ने उल्लेख गरेका थिए।

यसैबीच अमेरिकाका उपराष्ट्रपति माइक पेन्सले उत्तर कोरियासँगको वार्ता जुनसुकै दिशामा गए पनि अमेरिका उद्देश्यमा दृढ रहेको बताएका छन्। उनले भने- 'सबै विकल्प खुला छन् र हाम्रो नीति उत्तर कोरियाका लागि त्यतिबेलासम्म परिवर्तन हुनेछैन जबसम्म हामी उनको परमाणु कार्यक्रम बन्द गर्नेतर्फ कुनै ठोस कदम देख्दैनौं।'

उत्तर कोरियासँग भएको वार्ताको जानकारी दिनका लागि दक्षिण कोरियाली टोली यसै सप्ताहन्तमा अमेरिका जान सक्ने अनुमान गरिएको छ। मंगलबार दक्षिण कोरियाको राष्ट्रपति कार्यालयबाट जारी गरिएको एक विज्ञप्तिमा उत्तर कोरियाले कोरियाली प्रायद्वीपबाट परमाणु हतियार हटाउने इच्छा व्यक्त गरेको उल्लेख गरेको छ। यदि उत्तर कोरियामा सैन्य कारबाहीको खतरा कम भएमा र सरकार कायम रहने ग्यारेन्टी दिएमा परमाणु हतियार बनाइरहन उसका लागि कनै औचित्य नहुने जनाएको छ। तर आलोचकहरूले उत्तर कोरियाको मनसायमा आशंका व्यक्त गरेका छन्। विगतमा पनि उत्तर कोरिया आफूले भनेका कुराबाट पछाडि हटेका थिए। त्यसमा सन् २००५ मा हतियार घटाउने सम्झौता पनि एक हो।

# विश्वकै सबैभन्दा पुरानो सन्देश सिसीमा !




पर्थ, (एजेन्सी)

अस्ट्रेलियाको पर्थस्थित एक परिवारले एउटा सिसीभित्र विश्वकै सबैभन्दा पुरानो सन्देश फेला पारेको छ। अस्ट्रेलियाली विशेषज्ञहरूले सो सन्देश झन्डै १ सय ३२ वर्षअघि सागरमा फ्याँकिएको विश्वास गरेका छन्। वेस्ट अस्ट्रेलियाको एउटा विकट समुद्री तटको बालुवामा हिँड्दै गरेकी टोन्या इलम्यान नामक महिलाले सो सिसी भेटाएकी थिइन्।

उनका पति किम इलम्यानले बीबीसीलाई भनेका छन्- 'हामीले सिसीभित्र एउटा कागज भेटायौं। घरमा लगेर त्यसलाई माइक्रोओभनमा सुकाएपछि मात्र हामीले त्यसमा सन्देश लेखिएको देख्यौं।' विशेषज्ञहरूले यो एउटा जर्मन जहाजबाट पठाइएको आधिकारिक सन्देश भएको ठोकुवा गरेका छन्। सो सन्देशमा १२ जुन १८८६ उल्लेख गरिएको छ। जर्मन नभल अब्जर्भेटरीद्वारा महासागर र जहाजका मार्गहरूको प्रयोग गर्ने क्रममा यस सन्देशलाई जर्मन जहाज पाउलाबाट फ्याकिएको बताइएको छ। यसअघि गिनिज वर्ल्ड रेकर्डमा १ सय ८ वर्ष पुरानो सन्देशलाई विश्वकै सबैभन्दा पुरानो सन्देश मानिएको थियो।

गत जनवरी २१ मा वेड्ज टापुको उत्तरमा कारबाट गइरहेको इलम्यान परिवारले कार रोकेर बालुवामा हिँड्ने क्रममा त्यो सिसी भेटाएको हो। वेस्टर्न अस्ट्रेलियन म्युजियमका विशेषज्ञहरूले यस सम्बन्धमा अनुसन्धान गरेका हुन्। उक्त ६९ वर्ष लामो जर्मन प्रयोगको सन्दर्भमा फालिएका यस्ता हजारौं सिसीमध्ये हालसम्म ६ सय ६२ वटा मात्र भेटिएका छन्। पछिल्लो सिसी सन् १९३४ मा डेनमार्कको समुद्रमा फेला परेको थियो।

# गान्धी हत्याको जाँच नहुने

नयाँदिल्ली, (एजेन्सी)

भारतको सर्वोच्च अदालतले महात्मा गान्धी हत्याकाण्डको जाँच नगराउने र यस मामिलामा पहिला भएका फैसलालाई पनि कुनै हेरफेर नगर्ने प्रस्ट पारेको छ।

सर्वोच्च अदालतले उक्त हत्याकाण्डको जाँच शुरूबाट हुनुपर्ने जिकिर गर्दै दायर गरिएको याचिकामा सुनवाइ पूरा गरेको छ। न्यायालयले उक्त भावनाबाट प्रभावित नहुने प्रस्ट पारेको छ।

अदालतले उक्त मुद्दामा पुनः सुनवाइ गराउनका लागि दिएको याचिका प्राज्ञिक शोधमा आधारित रहेको र त्यो वर्षौं पहिला भएको कुनै मामिलालाई खोल्ने आधार नबन्ने बताएको छ। भारत-पाकिस्तान विभाजनप्रति असन्तुष्ट हिन्दू अतिवादी नाथुराम गोडसेले सन् १९४८ मा पाकिस्तान भ्रमणको योजनामा रहेका अहिंसावादी नेता महात्मा गान्धीको गोली प्रहार गरी हत्या गरेका थिए।

उक्त हत्याको अपराधमा दोषी ठहरिएका गोड्सेलाई फाँसीको सजाय दिइएको थियो। भारतलाई बेलायती उपनिवेशबाट स्वतन्त्रता दिलाउन गान्धीको अहिंसावादी आन्दोलनलाई विश्व इतिहासले उच्च स्थानमा राखेर हेर्ने गरेको छ।

यद्यपि स्वतन्त्रताका लागि भएका आन्दोलन तथा भारत र पाकिस्तान अलग अलग देशका रूपमा स्वतन्त्र भएको स्थितिले उब्जाएको हिंसामा लाखौं मान्छेले ज्यान गुमाएका थिए।



प्रदेश नं ४ बाट अहिलेसम्म सरकारको माथिल्लो र सम्मानित नेतृत्वमा पछिल्लो समय कसैले अवसर पाएको छैन। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीदेखि सभामुखसम्मका पद अन्य क्षेत्रमा नै गएका छन्।

# राष्ट्रियसभा अध्यक्षमा एमालेका तिमिल्सिनाको सम्भावना

दुर्गाप्रसाद शर्मा, पर्वत

राष्ट्रियसभामा अध्यक्षको निर्वाचनको मिति तोकिएसँगै को बन्छ भनेर बहस शुरू भएको छ। राष्ट्रियसभा अध्यक्ष निर्वाचनको मिति तोकिएसँगै एमालेका पोलिटब्युरो सदस्य गणेशप्रसाद तिमिल्सिना अध्यक्षको प्रमुख दाबेदार देखिएका हुन्। सत्तारुढ दल नेकपा (एमाले) र नेकपा माओवादी केन्द्रका बीचमा प्रतिनिधिसभामा सभामुख र राष्ट्रियसभामा अध्यक्ष कसले लिने भन्ने औपचारिक निर्णय भने भएको छैन।

प्रतिनिधिसभामा सभामुख पाएमा एमालेले पूर्वसभामुख सुवासचन्द्र नेम्बाङलाई नै अध्यक्ष बनाउने तयारी भित्री रूपमा भएको एमाले उच्च स्रोतले बतायो। प्रतिनिधिसभाको सभामुख माओवादी केन्द्रले नछाडेमा एमालेको भागमा राष्ट्रियसभा अध्यक्ष पर्ने निश्चित छ । राष्ट्रियसभाको अध्यक्ष एमालेको भागमा पर्दा पोलिटब्युरो सदस्य तिमिल्सिना प्रमुख दाबेदार देखिएका हुन्। उनीसँगै एमालेका अर्का पोलिटब्युरो सदस्य परशु मेघी गुरुङ पनि अध्यक्ष पदका दाबेदार देखिएका छन्। माओवादी केन्द्रको भागमा राष्ट्रियसभा अध्यक्ष परेमा दिनानाथ शर्मा अध्यक्ष हुने सम्भावना छ।

एमालेबाट राष्ट्रियसभा निर्वाचित एमालेका सांसदहरूध्ये तिमिल्सिना 'सिनियिर' मात्र होइन प्रधानमन्त्री केपी शर्मा ओलीको एकदमै निकटका पनि मानिन्छन्। पार्टीको पोलिटब्युरो सदस्य एवं ४ नम्बर प्रदेश सह-संयोजकसमेत रहेका तिमिल्सिना सबैभन्दा बलियो दाबेदार भएको एमालेको उच्च स्रोतले बतायो। राष्ट्रियसभाको पहिलो बैठकमा एमालेको तर्फबाट मन्तव्य राख्नेमा तिमिल्सिना थिए भने नियमावली बनाउने समितिमा पनि उनको नाम एक नम्बरमा छ। यसले गर्दा पनि राष्ट्रियसभामा एमालेको तर्फबाट पाउने सबैभन्दा महत्त्वपूर्ण जिम्मेवारी तिमिल्सिनालाई नै दिन खोजिएको बताइन्छ ।

प्रदेश नं ४ बाट अहिलेसम्म सरकारको माथिल्लो र सम्मानित नेतृत्वमा पछिल्लो समय कसैले अवसर पाएको छैन। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीदेखि सभामुखसम्मका पद अन्य क्षेत्रमा नै गएका छन्। रामचन्द पौडेल र तारानाथ रानाभाट सभामुख भएका थिए। त्यसयता कसैले यस्तो अवसर यो क्षेत्रबाट पाएका छैनन्। त्यसकारण पनि प्रदेशको तर्फबाट तिमिल्सिना नै अध्यक्ष पदको दाबेदार देखिएका हुन्। उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीले पनि 'ग्रिन सिग्नल' दिएको उनी निकटका नेताहरूले जानकारी दिएका छन्। ४ वर्ष जेल जीवनमा सँगै बसेका ओली प्रधानमन्त्री बनेका बेला तिमिल्सिनालाई उचित जिम्मेवारी दिने तयारीमा रहेको स्रोतले जनाएको छ। 'ओलीका विश्वासपात्रहरूले अन्यत्र अवसर पाइसकेका कारण तिमिल्सिनालाई राष्ट्रियसभामा जिम्मेवारी दिने सम्भावना सबैभन्दा बढी छ ' स्रोतले भन्यो- 'राष्ट्रियसभामा पार्टीले पाउने सबैभन्दा महत्त्वपूर्ण जिम्मेवारी तिमिल्सिनाले पाउनेछन् ।'

यद्यपि यसबारेमा कुरा गर्दा तिमिल्सिनाले अहिले नै प्रतिनिधिसभाको सभामुख र राष्ट्रियसभाको अध्यक्ष कुन दलले लिने भन्ने टुंगो नभएकाले हतार नगर्न आग्रह गरे। उनले पार्टीले दिने जुनसुकै जिम्मेवारी इमान्दारीतापूर्वक बहन गर्ने प्रतिवद्धता जनाए। 'राष्ट्रियसभाको अध्यक्ष एमालेकै भागमा पर्छ भन्ने छैन' उनले नेपाल समाचारपत्रसँग भने- 'एमालेको भागमा परेको अवस्थामा मेरो सशक्त दाबेदारी रहन्छ।'

## को हुन गणेश तिमिल्सिना ?



पोखराको पृथ्वीनारायण क्याम्पसमा प्रविणता तह अध्ययन गर्दैगर्दा गणेश तिमिल्सिना २०३६ सालमा विद्यार्थी राजनीतिमा होमिएका थिए। पर्वतको मोदी गाउँपालिका-७ मा २०१८ जेठ १२ गते जन्मिएका तिमिल्सिनाले गाउँकै पशुपति उच्च माविबाट एसएलसीसम्मको अध्ययन पूरा गरेका हुन्। विद्यार्थी जीवनदेखि नै प्रगतिवादी सोचका तिमिल्सिना २०३६ सालमा नेकपा मालेको रेडगार्डको सचिव भएका थिए। २०३७ सालमा अनेरास्ववियुको क्षेत्रीय सम्मेलनबाट पश्चिमाञ्चल क्षेत्रीय समितिको सदस्यमा निर्वाचित तिमिल्सिनाले २०४० सालमा तत्कालीन नेकपा मालेको सदस्यता प्राप्त गरे।

पार्टी राजनीतिको शुरुआतसँगै सक्रिय राजनीति शुरू गरेका तिमिल्सिना २०४१ सालमा पृथ्वीनारायण क्याम्पस पोखराको स्ववियु सचिव र २०४२ सालमा अनेरास्ववियुको आठौं राष्ट्रिय सम्मेलन आयोजक कमिटीको सदस्य भए। तत्कालीन सरकार विरुद्ध विद्रोहको उद्घोष गर्दै २०४२ सालको बम काण्डपछि तिमिल्सिनाले ४ वर्ष जेल जीवन बिताए। तत्कालीन पञ्चायती सरकारले २०४२ देखि ०४६ सम्म लगातार ४ वर्ष तिमिल्सिनालाई पोखरा, भैरहवा, तौलिहवा, वीरगन्ज, भद्रगोल जेल र नख्खु जेलमा राखेको थियो।

तिमिल्सिनासँगै जेलमा तत्कालीन कम्युनिस्ट नेताहरू केपी शर्मा ओली र हितकाजी गुरुङ थिए। ओली अहिले देशको प्रधानमन्त्री र एमाले अध्यक्षको जिम्मेवारीमा छन्। २०४६ सालमा जेलबाट छुटेका उनी प्रजातन्त्र बहालीको आन्दोलनमा पुन: सक्रिय भए। २०४६ सालको जनआन्दोलनमा संयन्त्र सदस्य बनेका उनी पुन: पञ्चहरूको निशानामा परे। तत्कालीन सरकारले पक्राउ गरी ल्याउन टाउकाको मूल्य ५० हजार तोकेको थियो।

## समाचार संक्षेप

### श्रीमती बचाइदिन पूर्वजनमुक्ति सेनाको आग्रह

काठमाडौं, (नेस)

पूर्वजनमुक्ति सेनाका कमान्डर जीवनकुमार विकले आर्थिक अभावका कारण श्रीमतीको ज्यान जान लागेको भन्दै सहयोगका लागि आग्रह गरेका छन्।

अछामको पञ्चदेव विनायक नगरपालिका-७ स्थायी घर भएका विकले उपचारका लागि श्रीमतीलाई काठमाडौं ल्याएका छन् तर आर्थिक जुटाउन नसक्दा उपचार हुन सकेको छैन। विककी श्रीमती धनसरा विक ढाडसँग सम्बन्धित रोगबाट थला परेकी छन्।

काठमाडौंको ट्रमा सेन्टरमा उपचारका लागि भर्ना भए पनि आवश्यक खर्चको जोहो गर्न नसक्दा अस्पतालले बाहिर निकालिदिएको विकले भने। उपचार सहयोगका लागि सबैतिर धाए पनि आवश्यक रकम कतैबाट नजुटेको विकले बताए।

### प्रधानमन्त्री ओलीविरुद्ध सर्वोच्चमा रिट

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध सर्वोच्चमा रिट दायर भएको छ। संसद्को सपथ नलिइ प्रधानमन्त्री बनेको भन्दै ओलीविरुद्ध सर्वोच्च अदालतमा रिट परेको हो।

अधिवक्ता यज्ञमणि न्यौपानेले सपथ नलिएरै प्रधानमन्त्री बनेको भन्दै रिट दायर गर्नुभएको छ। ओलीले फागुन ३ गते प्रधानमन्त्रीको सपथ पनि लिनुभएको थियो।

सांसदको रूपमा भने ओलीसहित सांसदहरूले फागुन २० मा सपथ लिएका थिए। रिटको पेसी भोलि शुक्रबारका लागि तोकिएको अधिवक्ता न्यौपानेले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

### कानुन माग्दै मुख्यमन्त्रीलाई ज्ञापन

हेटौंडा, (नेस)

जिल्ला समन्वय समितिहरूको काम, कर्तव्य अधिकारका विषयमा कानुन तयार पार्न ३ नम्बर प्रदेशका मुख्यमन्त्री र सभामुखलाई ज्ञापनपत्र बुझाइएको छ।

जिल्ला समन्वय समिति महासंघ प्रदेश अध्यक्ष रघुनाथ खुलालले कार्यालयको काम, कर्तव्य र अधिकारका विषयमा ध्यानकर्षण गराउन ज्ञापनपत्र बुझाउनुभएको हो। प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल र सभामुख सानुकुमार श्रेष्ठलाई ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाइएको हो।

जिल्लासभाको काम, कर्तव्य, अधिकारका सम्बन्धमा व्यवस्था गर्न कानुन निर्माणका लागि उहाँले आग्रह गर्नुभयो। प्रदेशमा १३ जिल्ला समन्वय समिति छन्। समन्वय समितिका पदाधिकारी र सदस्यहरूले पाउने सुविधाका विषयमा पनि ध्यान दिँदै सुविधाका कानुन निर्माण गर्न अध्यक्ष खुलालले आग्रह गर्नुभयो।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री पौडेलले आफूहरू कानुन निर्माण गर्ने चरणमा रहेको बताउनुभयो। पहिलो काम नै स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिका सेवा सुविधाबारे कानुन निर्माण गरिने उहाँले बताउनुभयो।

सभामुख श्रेष्ठले अबको संसद् बैठकमा यसलाई कार्यसूचीमा पहिलो प्राथमिकता दिन आफूहरू तयार रहेको बताउनुभयो। स्थानीय तह र समन्वय समितिका पदाधिकारीको सेवासुविधा तोकेर कानुन पास गर्न आफूहरू लागिपरेको र त्यहीअनुसार गृहकार्य पनि गरिएको उहाँले बताउनुभयो।

# पाँच महिला सम्मानित

नेपाल समाचारपत्र

ललितपुर

विविध क्षेत्रमा क्रियाशील ५ जना महिला प्रतिभालाई ललितपुरमा बुधबार सम्मान गरियो। १ सय ८औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा गोल्डेन डायमन्ड एन्ड ज्वलेरीले ललितपुरमा आयोजना गरेको गोल्डेन डायमन्ड ज्वेलरी मेलामा ती महिलाहरूलाई सम्मान गरिएको हो।

सम्मानित हुनेहरूमा जिल्लाकै पहिलो अपांगता भवन निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने समाजसेवी मोतिशान्ति शाक्य, महानगरीय प्रहरी परिसर ललितपुर महिला बालबालिका सेवा केन्द्रका प्रहरी निरीक्षक चञ्चला श्रेष्ठ, रेडियो सरगरमाथाका पत्रकार सम्झना महर्जन, कलाकार आशिष्मा नकर्मी र महिला व्यवसायी कमला ताम्रकार रहनुभएको छ

समाजसेवी एवं ललितपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवं समाजसेवी अजरमान जोशीको संयोजकत्वमा ललितपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष किरणभाइ वज्राचार्य र पत्रकार सुनील महर्जन सदस्य रहेको समितिले सम्मानित हुने महिलाहरू छनोट गरेको हो। आ-आफ्नो क्षेत्रमा ५देखि १० वर्षसम्म क्रियाशील भएको आधारमा सम्मानका लागि ती व्यक्तिहरूलाई उपर्युक्त



ठहर्‍याइएको छनोट समितिका संयोजक जोशीले जानकारी दिनुभयो। सम्मानित हुनेहरूलाई प्रदेश नं ३ का सदस्य शोभा शाक्यले खादा र वरिष्ठ संस्कृतिविद् एवं वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले सम्मानपत्र प्रदान गर्नुभयो। सो अवसरमा वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले समाजका विविध क्षेत्रमा क्रियाशील प्रतिभालाई पहिचान गरेर उर्जा दिने कार्यको सराहना गर्दै सो कार्य सबैका लागि अनुकरणीय रहेको बताउनुभयो। उहाँले नारी प्रतिभाको सम्मानले नारीको दक्षता वृद्धिसंगै समानतामा आधारित समाज निर्माणमा महत्वपूर्ण योगदान दिने बताउनुभयो।

समारोहमा ललितपुर महानगरपालिकाका उपप्रमुख गीता सत्यालले गोल्डेन डायमन्ड मेलाको सन्र्दभमा ५ महिलाको सम्मानले समाजमा सकारात्मक सन्देश पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

नेवा: पत्रकार राष्ट्रिय दबूका केन्द्रीय उपाध्यक्ष सुरजवीर वज्राचार्यले पत्रकार महिलासहित ५ महिलाको सम्मानले समाजमा उहाँहरूले गर्दै आएको काम स्थापित गर्न र एक्सपोजर बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। सम्मानित हुनेहरूमध्येबाट समाजसेवी मोतिशान्ति शाक्यले महिला सानै हुँदा आमा बुबा, विवाहपछि श्रीमान् र बुढेसकालमा सन्तानले नियन्त्रण गर्ने हुनाले नारी कहिले स्वतन्त्र नभएको भावनिहित कविता सुनाउँदै सम्मानित भएको खुसी व्यक्त गर्नुभयो। ज्वेलरीका अध्यक्ष ज्ञानुराज शाक्यले सामाजिक उत्तरदायित्वअन्तर्गत स्वतन्त्र छनोट कमिटीमार्फत चयन गरिएका महिलाहरूलाई सम्मान गरिएको बताउनुभयो।

### राज्यमाथि...

उहाँले वैशाख र असारमा केही सरकारी कार्यालय खाली हुने भएकाले त्यहीँ क्वार्टर बनाउन उपयुक्त हुने बताउनुभयो। मन्त्री घिमिरेले प्रदेश सरकार भएको ठाउँमा भौतिक संरचना कमजोर नभएको प्रस्ट पार्नुभयो।

प्रदेश नम्बर ७ का आर्थिक मामिलामन्त्री झपट बोहोराले मन्त्री क्वार्टरमा मन्त्रीलाई राखिने बताउनुभयो। 'भर्खरै मात्र प्रदेश संरचना बनेकाले व्यवस्थापन गरिरहेका छौं, केही समयभित्र क्वार्टर हुन्छ', मन्त्री बोहोराले भन्नुभयो- 'मुख्यमन्त्रीको आवासको व्यवस्था भइसकेको छ, अन्य प्रक्रियामा अघि बढेका छौं।'

### स्थानीय...

भूकम्प प्रभावित चिलंखाको लोटिङमा स्थानीय जनप्रतिनिधिसंग भएको अन्र्तक्रियामा निकोलाइले समुदायमा आधारित काम गर्ने तौरतरिकाले विकास कार्यमा ठूलो मूल्य राख्ने उल्लेख गर्दै यस्तो कार्यले समुदायलाई एकाकार हुन मद्दत पुग्ने र सबैलाई बस्न उपयुक्त हुने गाँउ निर्माणमा सघाउ पुग्ने बताउनुभयो। मन्त्री निकोलाइको स्वागतका लागि दोलखा क्षेत्र नम्बर २ का प्रदेश सांसद पशुपति चौलागाईं चिलंखा पुग्नुभएको थियो। उहाँले अन्तर्राष्ट्रिय विकास मन्त्री निकोलाइको स्वागत गर्दै दोलखाको दुर्गम भूकम्प प्रभावित गाउँमा नर्वेको मन्त्रीको भ्रमणले पुनर्निर्माणको काममा थप उत्साह मिलेको बताउनुभयो।

आफ्नो दुर्गम गाँउमा विदेशको मन्त्री आइपुग्दा वृद्धवृद्धा र बालबालिकाहरू उत्साहित भएका थिए। ३ सयभन्दा बढी स्थानीयले मन्त्री निकोलाइलाई फूलमाला र खादाले स्वागत गरेका थिए।

कार्यक्रमस्थल पुगेकी स्थानीय भीमकुमारी जोशीले दुर्गम गाउँमा मन्त्रीको आगमन र नर्वेको सहयोगले बालबालिकाहरूलाई पढ्ने कुरामा ठूलो सघाउ पुगको बताउनुभयो। कक्षा ७ मा अध्यनरत विद्यार्थी पासाङ दोर्जे शेर्पाले मन्त्री विद्यालयमा आएर आफूहरूको पढाइको अनुगमन गरेकाले आफूहरूलाई निक्कै उत्साह मिलेको बताउनुभयो।

नर्वे सरकारले फोरहुड, सिविन र ग्रामीण विकास टुकी संघ दोलखामार्फत भूकम्प प्रभावित विद्यालय पुनर्निर्माण परियोजनाअन्र्तगत दोलखाको विगु र कालिञ्चोक गाउँपालिकामा पर्ने चिलंखा, बाबरे, लादुक, आलम्पु, लामिडाँडा, खोपाचागु र विगुमा रहेको २२ वटा विद्यालयमा भवन, सौचालय, धारा र खेल मैदान निर्माणका लागि झण्डै २५ करोड रूपियाँ सहयोग गरेको परियोजनाका व्यवस्थापक रविन्द्र पराजुलीले बताउनुभयो।

मन्त्री निकोलाइले स्थलगत भ्रमण गरेको दोलखाको चिलंखा गाउँमा २०७२ वैशाख १२, १३ र २९ गतेको विनाशकारी भूकम्पमा परी १७ जनाले ज्यान गुमाएका थिए भने दोलखा जिल्लाभरिका ३ सयभन्दा बढी विद्यालयमा क्षति पुगेको थियो।

### दुई...

सञ्चारकर्मीको प्रश्नको उहाँले भन्नुभयो- 'यो कसैकसैको आरोप हो, मैले जे गरेको छु, देशका लागि खुला किताबजस्तो छ। यथार्थ कुरा बाहिरी आँखाले मात्र होइन, भित्रको आँखाले मूल्यांकन गर्न आवश्यक ठान्छु।'

त्यसैगरी अर्का उम्मेदवारी राईले उम्मेदवार दिनु खुसीको विषय भएको बताउनुभयो। अहिले नै कसैको जित र हार निर्णय गर्ने बेला नभएको पनि उहाँको भनाइ थियो।

आज बिहीबार २४ गते उम्मेदवारको मनोनयपत्र उपर जाँचबुझ गर्ने र मनोनयनमा परेका उम्मेदवारको नामावली प्रकाशन गरिनेछ। सोही दिन उम्मेदवारले आफ्नो उम्मेदवारी पनि फिर्ता लिन सक्ने कार्यतालिका रहेको निर्वाचन अधिकृत तिलप्रसाद श्रेष्ठले जानकारी दिनुभयो।

आज बिहीबार नै उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरिनेछ। २९ गते बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म संघीय संसद् भवनमा राष्ट्रपति निर्वाचनको मतदान हुनेछ। त्यसपछि तत्काल मतगणना हुनेछ। मतगणनामा संघीय संसद्प्रति सांसदको ७९ मतभार र प्रादेशिक संसद्को प्रत्येक सांसदको ४८ मतभार तोकिएको छ।

### दृष्टिविहीन...

आफ्नो दुवै आँखा गुमेको र विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको अन्तिम तयारीमा रहेको बेला पर्वतारोहण नियमावली बाधक बनेको उहाँको दाबी थियो। प्रधानन्यायाधीश गोपालप्रसाद पराजुली नेतृत्वको संवैधानिक इजलासमा न्यायाधीशहरू दीपकराज जोशी, चोलेन्द्रशमशेर राणा, ओमप्रकाश मिश्र र दीपककुमार कार्कीको इजलासले यस्तो आदेश जारी गरेको हो।

### एम्बुलेन्स...

असिनपसिन गर्दै अगाडि बढाउन खोजे पनि कोटेश्वर चोकको जाम नखुल्दा एम्बुलेन्स चालकको अनुहार मलिन देखिन्थ्यो। बिरामीका आफन्त घरिघरि बाहिर मात्र नियाली रहेका थिए। तर जाम खुल्न लामै समय कुर्दा बिरामीका आफन्त पनि दिक्क देखिन्थे।

बिपी राजमार्ग सञ्चालनमा आएपछि यस सडकमा सवारी साधनको अत्याधिक चाप बढेको छ। ठूलो सवारीभन्दा पनि साना सवारीको संख्या दिन प्रतिदिन बढिरहेको छ। दुवैतिरको सडकमा जाम हुँदा एम्बुलेन्स चालकहरूसँग अर्को विकल्प पनि छैन।

जडिबुटीबाट काटेश्वर आउने वैकल्पिक सडक नहुँदा बिरामी बोकेका एम्बुलेन्ससमेत जाममा पर्ने गरेका छन्। बीचमा बार भएका कारण सवारी आवतजावत गर्न सक्दैनन्।

कोटेश्वर नाकाबाट मात्र दैनिक १० हजार सवारी साधन भित्रने र बाहिरिने गर्छन्। महानगरीय प्रहरी प्रभाग जगातीका अनुसार काभ्रे, सिन्धुली, ओखलढुङ्गा, खोटाङ, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सोलुखुम्बुलगायतका जिल्लाबाट दैनिक ६ हजार सवारी साधन उपत्यका भित्रिने र ६ हजार बाहिरिने गर्छन्।

तीनकुने-सूर्यविनाय सडक छ लेनको भए पनि सडक लेनअनुसार सवारी साधन चल्दैनन्। कोटेश्वरबाट चक्रपथतर्फ जानुपर्ने सवारी साधन जडिबुडीमै रोकिन्छन्।

हतारोमा सवारी चालकहरूले अगाडि आएर सवारी साधन रोक्दा चक्रपथतर्फ जाने सवारी साधनसमेत जाममा पर्ने गरेका छन्। कोटेश्वर-जडिबुटी सडकअन्तर्गत रहेको फुटपाथमा समेत सवारी साधन सञ्चालन हुँदा पैदल यात्रीसमेत हिँडन कठिनाइ हुने गरेको छ। पैदलयात्री सुवास बोहोराले सवारी चालकले कानुन उल्लंघन गरेर सवारी चलाएको बताउनुहुन्छ। उहाँले भन्नुभयो- 'फुटपात पैदल यात्री हिँडनका लागि हो, तर सानका साथ मोटरसाइकल गुडाएर पैदल यात्रीलाई समेत हिँडन दिदैनन्।'

महानगरीय ट्राफिक प्रहरी महाशाखाका सहायक प्रवक्ता मुकुन्द मरासिनीले बिरामी बोकेका एम्बुलेन्सलाई सहज रूपमा आवतजावत गर्ने व्यवस्था ट्राफिक प्रहरीले मिलाएको बताउनुहुन्छ। उहाँले भन्नुभयो- 'राष्ट्रपतिको सवारी भएको अवस्थामा पनि बिरामी बोकेका एम्बुलेन्स निर्वाध रूपमा आवतजावत गर्ने गरेका छन, एम्बुलेन्स जाममा राख्न हामी दिदैनौं।'

'रेटलाइटमा पनि निर्वाध रूपमा विपरीत सडकबाट पनि आवतजावत गर्न गरेका छन्' -उहाँले भन्नुभयो। तर जडिबुटीबाट कोटेश्वर आउने सडक खण्डमा भने समस्या रहेको बताउँदै वैकल्पिक सडकको व्यवस्था नहुँदा र सवारी चालकले लेनअनुसानको पालना नगर्दा बेलाबखत समस्या पर्ने गरेको मरासिनीले बताउनुभयो।

'जडिबुटीबाट छुटने सवारी साधन काटेश्वरमा पुगेर भरिने गर्छन्, त्यस्तो बेला न एम्बुलेन्स अगाडि जान सक्छन्, न पछाडि फर्किने अवस्था रहन्छ', -उहाँले भन्नुभयो। उपत्यकामा भएको सडकमा लेन अनुशासन उल्लंघन गर्दा पनि ट्राफिक जाम हुने गरेको छ। जाममा पर्ने बित्तिकै फुटपाथबाट समेत सवारी साधन गुड्ने गरेका छन्।


नेपाल सरकार

शहरी बिकास मन्त्रालय

**शहरी बिकास तथा भवन निर्माण विभाग**

**डिभिजन कार्यालय कास्की**

**रत्नपुरी पार्दी, पोखरा**

**मिति :- २०७४/११/२४**

यस कार्यालयको ठेक्का नं. DUDBC/KASKI/NCB/WORKS/ 36/073/74 Construction Of District Hospital (50 Bed) Building, Parbat को भवन निर्माणको लागि मिति २०७४/३/३१ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा बोलपत्र आव्हान गरी सुचना प्रकाशन भए अनुसार पर्न आएका तपसिल अनुसारको फर्मको बोलपत्रहरुको मुल्यांकन कार्य भइरहेको र सो मुल्याकंन कार्यमा केहि थप समय लाग्ने भएको हुँदा मिति २०७४/०८/२४ मा थप ३ (तिन) महिना बिड जमानतको म्याद थप गर्न सूचना प्रकाशित गरिएकोमा शहरी बिकास तथा भवन निर्माण विभागको च.नं.३७७ मिति २०७४/११/१६ को पत्रबाट जानकारी प्राप्त भएनुसार मुल्याकंनमा अझै थप केहि समय लाग्ने देखिएकोले मिति २०७४/०८/२४ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा जारी भएको म्याद थपको अलावा थप ३ (तीन) महिना पुनः म्याद थप गरी कार्यालयमा पेश गर्नहुन जानकारी गराइन्छ ।

**तपसिल :**

| सि.नं. | बोलपत्र दाता वा फर्मको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | डाँफे /मुक्तिनाथ जे.भी. | |
| २ | श्याम सुन्दर/गोर्खा जे.भी., मिनभवन, काठमाण्डौं | |
| ३ | प्रेररा/चन्द्र एण्ड बसन्त/ए.एम.जे.भी. | |
| ४ | हनुमान कन्स्ट्रक्सन कम्पनी प्रा.लि., हेटौंडा | |
| ५ | युनाइटेड/फेवा जे.भी., पोखरा ६, कास्की | |
| ६ | सूर्य/प्रतिष्ठा जे.भी., कास्की | |
| ७ | एम.ए.कन्स्ट्रक्सन प्रा.लि., | |
| ८ | लामा कन्स्ट्रक्सन कं.प्रा.लि., महाराजगजं, काठमाण्डौं | |
| ९ | रबिना/जोशी/फुल्जोर जे.भी. | |
| १० | नेपाल आदर्श/आर.जे. कन्स्ट्रक्सन जे.भी. | |
| ११ | शिव शक्ति/चक्रेश्वरी जे.भी. | |
| १२ | रसुवा कन्स्ट्रक्सन कं.प्रा.लि., काठमाण्डौं | |
| १३ | समानान्तर/बि.एन.कं.जे.भी. | |
| १४ | बिकोइ/बिबिपिएल जे.भी. | |



# अर्थ

2018, MAR
Thursday
8

अर्ध वार्षिक समीक्षाअनुसार चालू आर्थिक वर्षमा विनियोजित बजेटको ८४ प्रतिशतमात्र खर्च हुने अनुमान गरिएको छ। जुन रकम १० खर्ब ८२ अर्ब ९९ करोड रुपियाँ बराबर हो। खर्च भएको रकममध्ये ९९ प्रतिशत अर्थात् ९ खर्ब ८२ अर्ब ८६ करोड रुपियाँ सरकारी स्रोतबाट परिचालन गर्नुपर्ने देखिन्छ।


ज्योति

## हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८१.३५ | ८०.३५ | ८२.८५ | ८१.८५ | ७८.८५ | ८१.३५ | ८१.१५ | ९०.७२ |
| बीरगंज | ७९.४५ | ७८.४५ | ८०.९४ | ७९.९५ | ७६.९५ | ७९.४४ | ७९.२५ | ८८.९२ |
| विराटनगर | ७९.९५ | ७८.९५ | ८१.४४ | ८०.४५ | ७७.४५ | ७९.९४ | ७९.७५ | ८९.५२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



RHINO GUARANTEED DUCTILITY 500D

### बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८५।७० | ८२।७० | ८५।७० | ८५।७० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८६।३० | ८३।३० | ८६।३० | ८६।३० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८६।३० | ८३।३० | ८६।३० | ८६।३० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |
| पोखरा, स्याङजा | ८७।३० | ८४।३० | ८७।३० | ८७।३० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153)



## हकदावी गर्न आउने ३५ दिने सूचना

कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका, वडा नं २८ बस्ने श्री खम्बा सिंह गुरूङ्गको नाती प्रेम बहादुर गुरूङ्गको छोरा, **श्री बल बहादुर गुरुङ्ग**को ६१ बर्षको उमेरमा मिति २०७४/०९/२० मा मृत्यु भएको हुनाले यस बैंकमा निजको नाममा रहेको बचत खाता नं १८९१५२४१४०८६४४ को सम्पूर्ण रकम भुक्तानी पाँऊ भनि मृतकका पत्नी **शिला गुरुङ्ग**ले यस बैंक समक्ष निवेदन गरेको हुंदा निज खातावालाका नामको यस बैंकमा रहेको उक्त रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
पोखरा शाखा, न्यूरोड, पोखरा
फोन नं. ०६१-५५१८७५, फ्याक्स नं. ०६१-५२१९२५


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ फागुन २४, मार्च ८, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।५२ | १०४।१२ |
| युरो १ को रू. | १२८।६२ | १२९।३७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।५४ | १४४।३७ |
| स्विस फ्रन्क १ को रू. | ११०।२९ | ११०।९३ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।८३ | ८१।३० |
| क्यानाडियन डलर १ को रू. | ८०।०३ | ८०।४९ |
| सिङ्गापुर डलर १ को रू. | ७८।७६ | ७९।२१ |
| जापानी यन १० को रू. | ९।८१ | ९।८६ |
| चिनियाँ युआन १ को रू. | १६।३८ | १६।४८ |
| साउदी अरब रियाल १ को रू. | २७।६० | २७।७६ |
| कतारी रियाल १ को रू. | २८।४३ | २८।६० |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३१ | ३।३३ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।१८ | २८।३५ |
| मलसियन रिङ्गिट १ को रू. | २६।५१ | २६।६६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६८ | ९।७४ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५७ |
| डेनिस क्रानर १ का रू. | १७।२६ |
| हङकङ डलर १ का रू. | १३।२१ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# चालू खर्च नियन्त्रण गर्दै सरकार

नेपाल समाचारपत्र

काठमाडौं

अर्थमन्त्री डा. युवराज खतिवडाले अनिवार्य दायित्वका क्षेत्रमा विनियोजित रकम अन्य चालू खर्चमा रकमान्तर नगर्न निर्देशन दिनुभएको छ। चालू आर्थिक वर्षको अर्धवार्षिक बजेट समीक्षा गर्दै अर्थमन्त्री खतिवडाले मुलुकको चालू खर्च नियन्त्रणका लागि विभिन्न शीर्षकमा हुने खर्च हटाउँदै लैजानुपर्ने बताउनुभएको हो।

चालू आर्थिक वर्षको ६ महिना अवधिमा मात्रै गैरबजेटरी रकम माग ३ खर्ब २६ अर्ब पुगेको तथा यसको व्यवस्थापन गर्न कठिन भएको र चालू आर्थिक वर्षमा ९२ अर्ब रुपियाँ रकम अपुग भएपछि खर्च कटौती गर्ने लागिएको खतिवडाले बताउनुभयो।

अपुग स्रोत व्यवस्थापनको लागि भन्दै सरकारले तत्काल चालू खर्च नियन्त्रण गर्ने लागेको हो। चालू खर्चलाई नियन्त्रण गर्न सञ्चालनमा रहेका आयोजनाको पूँजीगत खर्चमा स्रोत प्रवाह गर्न मितव्ययसम्बन्धी नीति बनाउने सरकारको तयारी छ। तलब भत्ता, पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, बीमा, खाद्यन्न, औषधीजस्ता अनिवार्य दायित्वको विनियोजित रकम अन्यत्र रकमान्तर नगरिने भएको हो। त्यस्तै इन्धन, मर्मत, कार्यालय सामग्री, सेवा तथा परामर्श र भ्रमणलगायतका खर्चमा पनि नियन्त्रण गर्ने तयारी रहेको अर्थमन्त्री खतिवडाले बताउनुभयो। त्यसैगरी नयाँ स्थापना हुने कार्यालयबाहेक कुनै पनि सरकारी कार्यालयमा थप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर र सवारीसाधन खरिद गरिनेछैन। सरकारले चालू आर्थिक वर्षभित्र खर्च गर्न रकम अपुग हुने भएपछि यी विषयमा खर्च कटौती गर्न लागेको हो।

नयाँ आयोजना तथा कार्यक्रमका लागि थप निकासा प्रस्ताव नगर्न सबै निकायलाई निर्देशन दिईएको छ। मुख्यगरी पूँजीगत खर्चलाई सिर्जना भइरहेको दायित्व फछ्र्योटमा र ठूला आयोजनाको खर्चको आधारमा हुने भुक्तानीमा सरकार केन्द्रित हुने उहाँको भनाइ छ।

गत आर्थिक वर्षको कोषबाट १ खर्ब २ अर्ब रुपियाँ सञ्चिति हुने अनुमानसहित बजेट विनियोजन भए पनि उक्त कोष उल्टै ४८ अर्ब घाटामा गएपछि चालू आर्थिक वर्षमा सरकारी स्रोत अपुग भएको हो। वित्तीय र बजेटरी अनुशासनको विषयलाई नवगठित सरकारको पहिलो प्राथमिकता रहेको भन्दै अर्थमन्त्री खतिवडाले गैरबजेटरी भुक्तानीमा नयाँ सरकार अनुदार देखिने प्रस्ट पारेका हुन्। बजेटरी स्रोतको अभावमा सरकार पनि दबाबमा पुगेको भन्दै खतिवडाले अनुशासनभन्दा बाहिर गएर तथा जथाभावी गैरबजेटरी भुक्तानी कटौती गरिएको बताउनुभयो।

- इन्धन, कार्यालय सामग्री, मर्मत खर्च, सेवा परामर्श, भ्रमण खर्च नियन्त्रण।
- सवारी साधन, कम्प्युटर, प्रिन्टर, फर्निचर आदि खरिद नगर्ने।
- नयाँ आयोजनाका लागि थप निकासा नगर्ने।

  ३० अर्ब २१ करोड आन्तरिक उठाउने।
- राजस्व चुहावट नियन्त्रण र त्यसको दायरा विस्तार गर्ने।
- आगामी वर्ष स्रोतको सुनिश्चिता गरेर मात्र बजेटको आकार निर्धारण गर्ने।
- सामाजिक सुरक्षा कार्यक्रममा रहेको दोहोरोपन हटाउने।
- योगदानमा आधारित निवृत्तीभरण प्रणाली लागू गर्ने।

अर्ध वार्षिक समीक्षाअनुसार चालू आर्थिक वर्षमा विनियोजित बजेटको ८४ प्रतिशतमात्र खर्च हुने अनुमान गरिएको छ। जुन रकम १० खर्ब ८२ अर्ब ९९ करोड रुपियाँ बराबर हो। खर्च भएको रकममध्ये ९९ प्रतिशत अर्थात् ९ खर्ब ८२ अर्ब ८६ करोड रुपियाँ सरकारी स्रोतबाट परिचालन गर्नुपर्ने देखिन्छ। यस्तो अवस्थामा वैदेशिक ऋण र सहायता रकममा अपेक्षित वृद्धि हुन नसकेको, ३ खर्ब रुपियाँभन्दा बढी गैरबजेटरी माग रहेको, नगद प्रवाहमा आधारित बजेट घाटा ३५ अर्ब ४७ करोड रुपियाँले ऋणात्मक रहेको जस्ता कारणले चालू खातामा अंकुश लगाउने तयारी रहेको अर्थमन्त्रीको भनाइ छ। जसअन्तर्गत विभिन्न खालका खर्च कटौतीमार्फत २५ देखि ३० अर्ब रुपियाँ बचत हुने, ३० अर्ब रुपियाँ आन्तरिक ऋण उठाउने र बाँकी विभिन्न कोषमा रहेको रकमलाई राजस्व खातामा ल्याइने अर्थमन्त्रीको योजना छ।

अर्थमन्त्री खतिवडाले सीमित स्रोतका बाबजुद असीमित दायित्वको चाङमा बसेर अर्थतन्त्रलाई सुधार गर्ने र उच्च आर्थिक वृद्धिका लागि स्रोत साधन परिचालन गर्ने जिम्मेवारी आफ्नो काँधमा आइपरेको बताउनुभयो। स्रोत नै नभएका आयोजनालाई कार्यान्वयनमा पठाएको र बजेट दिएको भन्दै खतिवडाले त्यसको व्यवस्थापन चुनौतीपूर्ण रहेको बताउनुभयो।

गत वर्ष उच्च आर्थिक वृद्धि भएकाले यसपाली राजस्व अझै उच्च दरमा बढाउनुपर्ने उहाँको भनाइ छ। अहिलेको लक्ष्य न्यूनतम आधार मात्रै भएकाले त्योभन्दा बढी राजस्व संकलनका लागि हर सम्भव प्रयास गरिने खतिवडाको भनाइ छ। 'त्यसका लागि कर भन्सार प्रणालीलाई सुधार गर्ने अभियान थालिसकेका छौं।' -उहाँले भन्नुभयो।

अहिले मुलुकमा भुक्तानी सन्तुलन, चालू खाता, केन्द्रीय बजेटलगायत अधिकांश क्षेत्र घाटा रहेको अवस्था छ। यस्तो अवस्थामा ७ दशमलव ८ प्रतिशत आर्थिक वृद्धिदर कायम गर्न बाह्य पूँजी परिचालन गर्नुपर्ने देखिन्छ। बाह्य पूँजीले आन्तरिक लगानीलाई कुनै असर नगर्ने अर्थमन्त्री खतिवडाको भनाइ छ। 'बाह्य लगानीले आन्तरिक लगानीलाई प्रतिस्थापन गर्दैन, बरु त्यसको विकासमा सघाउँछ।' -उहाँले भन्नुभयो।

तरलता घटाउन, ब्याजदर स्थिर बनाउन र उच्च आर्थिक वृद्धिदर कायम गर्न बाह्य लगानीले सघाउने तथा उच्च आर्थिक वृद्धिदर कायम गर्न आन्तरिक पूँजीले मात्रै सम्भव नहुने खतिवडाको भनाइ छ।


FNCCI

NEPAL INTERNATIONAL TRADE FAIR 2018
'नेपाली वस्तु प्रवर्द्धन, समृद्ध नेपाल निर्माण'

सातौं नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०७४
फाल्गुण २४ देखि २८ गते सम्म
१० देखि ६ बजे सम्म
भृकुटी मण्डप, काठमाडौ, नेपाल

आज समुद्घाटन हुँदै ।


## SHARE MARKET

**7 MARCH WEDNESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 6817.00 | 333.00 | 327.00 | 330.00 | 3.00 |
| 2 | Api Power Company Ltd. | 999.00 | 354.00 | 343.00 | 354.00 | 9.00 |
| 3 | Arun Finance Limited | 120.00 | 153.00 | 146.00 | 153.00 | 9.00 |
| 4 | Arun Kabeli Power Ltd. | 717.00 | 271.00 | 256.00 | 269.00 | 8.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 2982.00 | 180.00 | 173.00 | 178.00 | 3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2514.00 | 765.00 | 743.00 | 761.00 | 3.00 |
| 7 | Bank of Kathmandu Ltd. | 14659.00 | 370.00 | 362.00 | 370.00 | 12.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1710.00 | 180.00 | 172.00 | 177.00 | 5.00 |
| 9 | Best Finance Company Ltd. | 20.00 | 121.00 | 119.00 | 121.00 | 4.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 975.00 | 162.00 | 158.00 | 158.00 | -7.00 |
| 11 | Bishal Bazar Company Limited | 30.00 | 1839.00 | 1839.00 | 1839.00 | 36.00 |
| 12 | Bottlers Nepal (Terai) Limited | 100.00 | 6300.00 | 6174.00 | 6174.00 | 74.00 |
| 13 | Butwal Power Company Limited | 5610.00 | 513.00 | 493.00 | 500.00 | 6.00 |
| 14 | Central Finance Co. Ltd. | 6696.00 | 130.00 | 124.00 | 128.00 | 0.00 |
| 15 | Century Commercial Bank Ltd. | 32280.00 | 182.00 | 175.00 | 180.00 | 5.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 2441.00 | 921.00 | 890.00 | 910.00 | 10.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 191.00 | 163.00 | 159.00 | 160.00 | 0.00 |
| 18 | Chilime Hydropower Company Limited | 6195.00 | 805.00 | 790.00 | 802.00 | 12.00 |
| 19 | Citizen Bank International Limited | 7864.00 | 270.00 | 264.00 | 268.00 | 2.00 |
| 20 | Citizen Investment Trust | 5683.00 | 3115.00 | 3004.00 | 3050.00 | -15.00 |
| 21 | Civil Bank Ltd | 28242.00 | 159.00 | 153.00 | 157.00 | 2.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 335.00 | 740.00 | 730.00 | 740.00 | 0.00 |
| 23 | Deprosc Development Bank Limited | 2718.00 | 795.00 | 766.00 | 793.00 | 13.00 |
| 24 | Deva Bikas Bank Limited | 13260.00 | 149.00 | 142.00 | 146.00 | 4.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 53.00 | 127.00 | 127.00 | 127.00 | -1.00 |
| 26 | Everest Bank Limited | 11376.00 | 785.00 | 773.00 | 780.00 | 15.00 |
| 27 | Everest Insurance Co. Ltd. | 1478.00 | 1377.00 | 1300.00 | 1350.00 | 51.00 |
| 28 | Excel Development Bank Ltd. | 2998.00 | 346.00 | 343.00 | 345.00 | 2.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 9410.00 | 545.00 | 526.00 | 540.00 | 5.00 |
| 30 | Forward Com. Mic. Bittiya San. Ltd. | 527.00 | 1974.00 | 1920.00 | 1945.00 | 45.00 |
| 31 | Gandaki Bikas Bank Limited | 10247.00 | 230.00 | 226.00 | 228.00 | 3.00 |
| 32 | Garima Bikas Bank Limited | 17119.00 | 192.00 | 185.00 | 192.00 | 7.00 |
| 33 | Global IME Bank Limited | 15937.00 | 317.00 | 311.00 | 315.00 | 3.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 192.00 | 1227.00 | 1157.00 | 1225.00 | 90.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 1700.00 | 9.85 | 9.85 | 9.85 | 0.00 |
| 36 | Goodwill Finance Co. Ltd. | 6301.00 | 144.00 | 138.00 | 141.00 | 2.00 |
| 37 | Green Development Bank Ltd. | 110.00 | 177.00 | 175.00 | 175.00 | -2.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 3444.00 | 775.00 | 735.00 | 775.00 | 40.00 |
| 39 | Gurkhas Finance Ltd. | 2037.00 | 130.00 | 126.00 | 126.00 | 0.00 |
| 40 | Himalayan Bank Limited | 13122.00 | 607.00 | 595.00 | 600.00 | 7.00 |
| 41 | Himalayan Distillery Limited | 385.00 | 1018.00 | 944.00 | 1018.00 | 92.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 12783.00 | 462.00 | 450.00 | 462.00 | 11.00 |
| 43 | Himalayan Power Partner Ltd. | 290.00 | 316.00 | 295.00 | 316.00 | 12.00 |
| 44 | ICFC Finance Limited | 2610.00 | 202.00 | 193.00 | 202.00 | 6.00 |
| 45 | IME General Insurance Ltd. | 530.00 | 870.00 | 840.00 | 860.00 | 4.00 |
| 46 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 7300.00 | 159.00 | 154.00 | 156.00 | 0.00 |
| 47 | Janaki Finance Ltd. | 700.00 | 159.00 | 159.00 | 159.00 | -1.00 |
| 48 | Janata Bank Nepal Ltd. | 30206.00 | 170.00 | 165.00 | 169.00 | 4.00 |
| 49 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 200.00 | 2660.00 | 2650.00 | 2660.00 | 40.00 |
| 50 | Jebils Finance Ltd. | 595.00 | 119.00 | 117.00 | 119.00 | 0.00 |
| 51 | Jyoti Bikas Bank Limited | 16361.00 | 152.00 | 148.00 | 150.00 | 3.00 |
| 52 | Kabeli Bikas Bank Limited | 582.00 | 306.00 | 285.00 | 306.00 | 13.00 |
| 53 | Kailash Bikas Bank Ltd. | 5035.00 | 234.00 | 229.00 | 229.00 | -1.00 |
| 54 | Kalika Microcredit Development Bank Ltd. | 643.00 | 1255.00 | 1183.00 | 1206.00 | 22.00 |
| 55 | Kamana Sewa Bikas Bank Limited | 8461.00 | 161.00 | 155.00 | 157.00 | 2.00 |
| 56 | Kanchan Development Bank Limited | 387.00 | 193.00 | 190.00 | 193.00 | 3.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 2172.00 | 148.00 | 138.00 | 148.00 | 8.00 |
| 58 | Karnali Development Bank Limited | 56.00 | 125.00 | 124.00 | 125.00 | 0.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 164.00 | 134.00 | 127.00 | 133.00 | 6.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 78.00 | 1322.00 | 1272.00 | 1318.00 | 70.00 |
| 61 | Kumari Bank Limited | 33327.00 | 267.00 | 259.00 | 266.00 | 5.00 |
| 62 | Lalitpur Finance Ltd. | 600.00 | 173.00 | 170.00 | 170.00 | 0.00 |
| 63 | Laxmi Bank Limited | 10298.00 | 254.00 | 246.00 | 251.00 | 2.00 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 3470.00 | 1160.00 | 1090.00 | 1125.00 | 10.00 |
| 65 | Life Insurance Co. Nepal | 1359.00 | 1735.00 | 1700.00 | 1734.00 | 10.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 18974.00 | 160.00 | 154.00 | 160.00 | 3.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 6607.00 | 539.00 | 523.00 | 539.00 | 14.00 |
| 68 | Machhapuchhre Bank Limited | 23596.00 | 239.00 | 230.00 | 238.00 | 3.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 6764.00 | 187.00 | 182.00 | 182.00 | -2.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 161.00 | 714.00 | 700.00 | 701.00 | 10.00 |
| 71 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 270.00 | 2524.00 | 2436.00 | 2500.00 | 15.00 |
| 72 | Manjushree Finance Ltd. | 20.00 | 135.00 | 135.00 | 135.00 | 2.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 715.00 | 1185.00 | 1162.00 | 1171.00 | -4.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 490.00 | 2675.00 | 2583.00 | 2583.00 | -64.00 |
| 75 | Miteri Development Bank Limited | 1612.00 | 282.00 | 280.00 | 280.00 | 4.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 405.00 | 966.00 | 940.00 | 966.00 | 18.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 17916.00 | 419.00 | 408.00 | 418.00 | 5.00 |
| 78 | Nabil Balance Fund 1 | 3000.00 | 15.75 | 15.75 | 15.75 | 0.00 |
| 79 | Nabil Bank Limited | 21280.00 | 1065.00 | 1051.00 | 1060.00 | 10.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 1599.00 | 838.00 | 822.00 | 830.00 | 8.00 |
| 81 | Nabil Equity Fund | 18218.00 | 9.58 | 9.40 | 9.40 | 0.03 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 238.00 | 2218.00 | 2175.00 | 2200.00 | -50.00 |
| 83 | National Hydro Power Company Limited | 10870.00 | 105.00 | 101.00 | 103.00 | 0.00 |
| 84 | National Life Insurance Co. Ltd. | 4304.00 | 1293.00 | 1240.00 | 1293.00 | 63.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 129.00 | 2025.00 | 1965.00 | 2025.00 | 56.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 110.00 | 2064.00 | 1983.00 | 2019.00 | 34.00 |
| 87 | Neco Insurance Co. Ltd. | 5174.00 | 551.00 | 531.00 | 548.00 | 22.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 17593.00 | 248.00 | 234.00 | 243.00 | 7.00 |
| 89 | Nepal Bank Limited | 41230.00 | 339.00 | 335.00 | 337.00 | 2.00 |
| 90 | Nepal Credit And Com. Bank Limited | 19466.00 | 293.00 | 287.00 | 290.00 | 0.00 |
| 91 | Nepal Doorsanchar Comapany Limited | 2790.00 | 739.00 | 720.00 | 730.00 | 5.00 |
| 92 | Nepal Grameen Bikas Bank Ltd. | 3940.00 | 572.00 | 540.00 | 570.00 | 24.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 70.00 | 196.00 | 184.00 | 196.00 | 6.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 2104.00 | 1065.00 | 1029.00 | 1060.00 | 20.00 |
| 95 | Nepal Investment Bank Limited | 23127.00 | 674.00 | 665.00 | 674.00 | 9.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 3809.00 | 580.00 | 577.00 | 580.00 | 5.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 16443.00 | 1780.00 | 1730.00 | 1780.00 | 43.00 |
| 98 | Nepal SBI Bank Limited | 2913.00 | 571.00 | 562.00 | 569.00 | 12.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 2290.00 | 730.00 | 696.00 | 700.00 | 14.00 |
| 100 | Ngadi Group Power Ltd. | 123.00 | 209.00 | 201.00 | 209.00 | 8.00 |
| 101 | NIC Asia Bank Ltd. | 11941.00 | 344.00 | 338.00 | 340.00 | 1.00 |
| 102 | Nirdhan Utthan Bank Limited | 650.00 | 1138.00 | 1125.00 | 1138.00 | 26.00 |
| 103 | NLG Insurance Company Ltd. | 5187.00 | 872.00 | 830.00 | 865.00 | 30.00 |
| 104 | NMB Microfinance Bittiya Sanstha Ltd. | 2032.00 | 1479.00 | 1405.00 | 1470.00 | 75.00 |
| 105 | NMB Bank Limited | 14773.00 | 441.00 | 435.00 | 441.00 | 9.00 |
| 106 | NMB Hybrid Fund L-1 | 22468.00 | 9.45 | 9.35 | 9.45 | 0.14 |
| 107 | NMB Sulav Investment Fund-1 | 1000.00 | 12.21 | 12.21 | 12.21 | 0.00 |
| 108 | Om Development Bank Ltd. | 4526.00 | 191.00 | 185.00 | 188.00 | 3.00 |
| 109 | Oriental Hotels Limited | 14565.00 | 577.00 | 560.00 | 570.00 | 7.00 |
| 110 | Pokhara Finance Ltd. | 550.00 | 159.00 | 157.00 | 159.00 | 2.00 |
| 111 | Prabhu Bank Limited | 27415.00 | 224.00 | 219.00 | 221.00 | 1.00 |
| 112 | Prabhu Insurance Ltd. | 6002.00 | 667.00 | 630.00 | 656.00 | 14.00 |
| 113 | Premier Insurance Co. Ltd. | 147.00 | 1085.00 | 1065.00 | 1076.00 | 7.00 |
| 114 | Prime Commercial Bank Ltd. | 18736.00 | 300.00 | 295.00 | 298.00 | 0.00 |
| 115 | Prime Life Insurance Company Limited | 5598.00 | 650.00 | 630.00 | 650.00 | 22.00 |
| 116 | ProgressiveFinance Limited | 1250.00 | 175.00 | 175.00 | 175.00 | -3.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 2097.00 | 701.00 | 685.00 | 699.00 | 14.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 413.00 | 205.00 | 196.00 | 204.00 | 4.00 |
| 119 | Rastriya Beema Company Limited | 542.00 | 11499.00 | 11138.00 | 11380.00 | 460.00 |
| 120 | Rastriya Beema Co. Ltd Promoter Share | 415.00 | 11000.00 | 10761.00 | 10761.00 | 61.00 |
| 121 | Reliance Finance Ltd. | 8682.00 | 130.00 | 125.00 | 129.00 | 4.00 |
| 122 | Ridi Hydropower Dev. Company Ltd. | 806.00 | 139.00 | 127.00 | 138.00 | 11.00 |
| 123 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2344.00 | 799.00 | 750.00 | 775.00 | 6.00 |
| 124 | Rural Microfinance Dev. Centre Ltd. | 1138.00 | 618.00 | 605.00 | 616.00 | 14.00 |
| 125 | Sagarmatha Insurance Co. Ltd. | 5475.00 | 1305.00 | 1290.00 | 1296.00 | -4.00 |
| 126 | Sahayogi Bikas Bank Limited | 10.00 | 191.00 | 191.00 | 191.00 | 3.00 |
| 127 | Sana Kisan Bikas Bank Ltd | 4268.00 | 1155.00 | 1127.00 | 1140.00 | 2.00 |
| 128 | Sanima Bank Limited | 52273.00 | 360.00 | 346.00 | 359.00 | 4.00 |
| 129 | Sanima Equity Fund | 1000.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 130 | Sanima Mai Hydropower Ltd. | 8769.00 | 362.00 | 345.00 | 355.00 | 6.00 |
| 131 | Saptakoshi Development Bank Ltd. | 488.00 | 129.00 | 123.00 | 129.00 | 5.00 |
| 132 | Shangrila Development Bank Ltd. | 5137.00 | 181.00 | 174.00 | 180.00 | 6.00 |
| 133 | Shikhar Insurance Co. Ltd. | 2875.00 | 1091.00 | 1060.00 | 1085.00 | 15.00 |
| 134 | Shine Resunga Development Bank Ltd. | 3120.00 | 290.00 | 282.00 | 290.00 | 10.00 |
| 135 | Shree Investment Finance Co. Ltd. | 1251.00 | 233.00 | 224.00 | 224.00 | -1.00 |
| 136 | Shrijana Finance (Bittaya Sanstha) | 980.00 | 273.00 | 267.00 | 273.00 | 1.00 |
| 137 | Siddhartha Bank Limited | 24951.00 | 306.00 | 300.00 | 304.00 | 7.00 |
| 138 | Siddhartha Equity Fund | 55800.00 | 9.41 | 9.20 | 9.40 | 0.05 |
| 139 | Siddhartha Insurance Ltd. | 5464.00 | 820.00 | 800.00 | 815.00 | 1.00 |
| 140 | Siddhartha Insurance Ltd. Promoter Share | 1000.00 | 550.00 | 550.00 | 550.00 | 0.00 |
| 141 | Sindhu Bikash Bank Ltd | 147.00 | 146.00 | 142.00 | 144.00 | 2.00 |
| 142 | Soaltee Hotel Limited | 3725.00 | 254.00 | 248.00 | 248.00 | 3.00 |

Total Amount Rs. 431,702,558 Total Quantity 1,055,321 Total No of Transactions 5,729

# संसारका ५ ठूला अर्बपतिहरू

## जेफ बेजोज : अमेरिका

**कुल सम्पत्ति : १ खर्ब १२ अर्ब अमेरिकी डलर**

जेफ बेजोज खर्बपतिको सूचीमा नाम दर्ज गराउने विश्वको पहिलो व्यक्ति बनेका छन्। हरेक वर्ष अन्तर्राष्ट्रिय पत्रिका फोब्र्सले सार्वजनिक गर्दै आएको अर्बपतिको सूची पार गर्दै बेजोज खर्बपति बनेका हुन्।

गर्त वर्ष बेजोजको सम्पत्ति ७२ अर्ब ८० करोड अमेरिकी डलर थियो भने उनी अर्बपतिहरूको सूचीमा तेस्रो नम्बरमा थिए। फोब्र्सका अनुसार यसवर्ष उनको सम्पत्ति १ खर्ब १२ अर्ब अमेरिकी डलर छ। ५४ वर्षीय अमेरिकी नागरिक बेजोज अमेजन कम्पनीका मालिक हुन्। अमेजन विश्व बजारमा विद्युतीय र अनलाइन व्यापारका क्षेत्रमा सबैभन्दा ठूलो सफलता हात पार्ने कम्पनी हो। सन् १९९४ मा स्थापना भएको कम्पनीको हालको प्रतिकित्ता सेयर मूल्य १५ सय ३८ अमेरिकी डलर छ।

## बिल गेट्स : अमेरिका

**कुल सम्पत्ति : ९० अर्ब अमेरिकी डलर**

विगत ४ वर्षदेखि विल गेट्स विश्वका धनीहरूको सूचीमा लगातार पहिलो स्थानमा रहँदै आएका थिए। तर यसवर्ष उनलाई बेजोजले उछिनेपछि अर्बपतिको सूचीमा उनको नाम दोस्रो स्थानमा छ। २०१७ मा ८६ अर्ब अमेरिकी डलरका मालिक गेट्सको सम्पत्ति एक वर्षमा ४ अर्ब थपिएर ९० अर्ब अमेरिकी डलर पुगेको छ।

६२ वर्षका गेट्स माइक्रोसफ्ट कम्पनीका मालिक हुन्। गेट्स पछिल्लो १९ वर्षदेखि अर्बपतिको सूचीमा रहँदै आएका छन्। बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनमार्फत् बिल गेट्स र उनकी श्रीमती मेलिन्डा गेट्स परोपकार र समाज सेवामा निकै सक्रिय छन्। स्वास्थ्य सेवा र विश्वबाट पोलियो रोग उन्मूलनमा बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनको ठूलो योगदान छ।

## वारेन बफेट : अमेरिका

**कुल सम्पत्ति : ८४ अर्ब अमेरिकी डलर**

बर्कसायर हयाथवे कम्पनीका प्रमुख कार्यकारी निर्देशक वारेन बफेट गत वर्षको अर्बपति सूचीमा दोस्रो स्थानमा थिए। एक वर्षमा उनको सम्पत्ति ९ अर्ब अमेरिकी डलर बराबरले बढेर ८४ अर्ब अमेरिकी डलर पुगेको छ।

९७ वर्षीय बफेट 'ओरेकल अफ् ओमाहा'का नामले पनि चिनिन्छन्। उनले ११ वर्षको उमेरमा पूँजी बजारमा लगानी गर्न शुरू गरेका थिए भने १३ वर्षको उमेरमा सरकारलाई कर तिरेका थिए। अमेरिकाको ओमाहा शहरमा प्रधान कार्यालय रहेको हयाथ्वे कम्पनीको विश्वकै सबैभन्दा महँगो सेयर भएको कम्पनी हो। कम्पनीको एक कित्ता सेयर मूल्य ३ लाख ७ हजार अमेरिकन डलर रहेको छ। बर्कसायर हयाथवेअन्तर्गत नेटजेट, हर्ल्जबर्ग डाईमोन्ड, कोकाकोला, लुब्रीजोल, डेरी क्वीन, फ्लाइट सेफ्टीलगायतका कम्पनीहरू पर्दछन्।

## बेर्नाड अर्नाल्ट, फ्रान्स

**कुल सम्पत्ति : ७२ अर्ब अमेरिकी डलर**

६९ वर्षीय फ्रान्सेली नागरिक बेर्नाड अर्नाल्टको सम्पत्ति ७२ अर्ब अमेरिकी डलर बराबर छ। अर्नाल्ट विश्वको सबैभन्दा ठूलो विलासिताका सामग्रीको कारोबार गर्ने कम्पनी एलभीएमएचका संस्थापक तथा सीईओ हुन्। अर्नाल्ड फ्रान्सको सबैभन्दा धनी व्यक्ति हुन्। उनले यसवर्ष मात्र ३० अर्ब ५० करोड अमेरिकी डलर जोडेका छन्।

## मार्क जुकरवर्ग : अमेरिका

**कुल सम्पत्ति : ७१ अर्ब अमेरिकी डलर**

सामाजिक सञ्जाल फेसबुकका संस्थापक तथा सीईओ मार्क जुकरवर्गको सम्पत्ति अघिल्लो वर्षको भन्दा १५ अर्ब अमेरिकी डलर बराबरले बढेको छ। ३३ वर्षीय जुकरवर्गको कुल सम्पत्ति ७१ अर्ब अमेरिकी डलर रहेको छ। जुकरवर्गले १९ वर्षको उमेरमा सन् २००४ मा फेसबुकको स्थापना गरेका थिए।

## थपियो विनोद चौधरीको सम्पत्ति

**कुल सम्पत्ति : १ अर्ब ५२ करोड अमेरिकी डलर**



फोब्र्स अर्बपति सूचीमा गतवर्ष १५ सय ६७औं स्थानमा रहेका एकमात्र नेपाली अर्बपति सो सूचीमा यसवर्ष १५ सय ६१औं स्थानमा छन्। उनको कुल सम्पत्ति १ अर्ब ३० करोड अमेरिकी डलरबाट बढेर १ अर्ब ५२ करोड अमेरिकी डलर पुगेको छ। नेपाली कांग्रेसका तर्फबाट समानुपातिक सांसदसमेत रहेका चौधरी सीजी कर्पोरेसनका मालिक हुन्। ६२ वर्षीय चौधरी पछिल्लो ३ वर्षदेखि फोब्र्सको अर्बपति सूचीमा अटाउँदै आएका छन्। चौधरी ग्रुपको उत्पादन वाईवाई चाउचाउ नेपाललगायत भारत, बंगलादेश, सर्बिया र साउदी अरेबियामा बिक्री हुँदै आएको छ। चौधरीको नबिल बैंकमा पनि लगानी रहेको छ।

२०७४, फागुन
बिहीबार
२४




कम्पनीका सञ्चालक ताम्रकारले कम्पनी रजिष्ट्रार कार्यालयमा अर्को होटल याचुको नाममा दर्ता गराउनुभएको थियो। दर्ता नम्बर १७६४०४ मा २०७४ आश्विन २६ गते होटललाई दर्ता गराइएको थियो।

# सञ्चालनमा आउनुअघि नै विवाद

**नेपाल समाचारपत्र**

काठमाडौं

भक्तपुरको कमलविनायकमा निर्माणाधीन होटल यातुको सञ्चालनमा आउनुअघि नै सञ्चालकहरूबीच विवाद भएको छ। कम्पनी रजिस्ट्रार कार्यालयमा एउटै होटलको संरचना दुई कम्पनीको नाममा रजिस्ट्रर भएपछि सञ्चालकबीचको विवाद छताछुल्ल भएको हो।

एउटा भवनमा होटल सञ्चालन गर्ने तयारी गरेको होटल यातु कम्पनीको कम्पनी रजिष्ट्रारको कार्यालयमा २०७३ साल फागुन १५ गते कम्पनी ऐन दफा ५ को उपदफा १ बमोजिम दर्ता नम्बर १६४४६९ होटल यातुको नाममा दर्ता भएको छ। त्यसमा तीन जनाको शेयरवालाहरूको लगानी रहेको छ। कम्पनीको दर्ताअनुसार होटलमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वउपाध्यक्ष कृष्णप्रसाद ताम्रकार तथा सरु महत र होटल डे कोर्टयार्ड भक्तपुरको सञ्चालक रहेका छन्।



कम्पनीका सञ्चालक ताम्रकारले कम्पनी रजिष्ट्रार कार्यालयमा अर्को होटल याचुको नाममा दर्ता गराउनुभएको थियो। दर्ता नम्बर १७६४०४ मा २०७४ आश्विन २६ गते होटललाई दर्ता गराइएको थियो। कम्पनीको अर्का शेयरकर्ता महतलाई बाहिर राखेर ताम्रकारले एकलौटी अर्का कम्पनी दर्ता गराएको पाइएको छ। त्यसमा ताम्रकार र हिराकेशरीको सञ्चालक रहेको कम्पनी कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ।

सञ्चालकबीच विवाद उत्पन्न हुँदा त्यही संरचनामा अर्को नाउँमा होटल चलाउने भन्दै कम्पनी दर्ता भएको छ। ताम्रकारले कम्पनी रजिष्ट्रारकै कार्यालयमा होटल याचु प्रालिको नामबाट अर्को कम्पनीले प्रमाणपत्र पाएको थियो।

कम्पनी रजिष्ट्रार कार्यालयका प्रमुख गीता कुमारी हामागाईंका अनुसार कम्पनी ऐन २०६३ अनुसार सार्वजनिक निजी साझेदारी व्यावसायमा समान उद्देश्य भएको हकमा अर्को सञ्चालकले कम्पनी ऐनअनुसार कम्पनी दर्ता गर्न पाउने भन्ने छ। सोहीबमोजिम एउटै होटल अर्का कम्पनीको नाममा पुन: दर्ता भएको हुन सक्ने बताउनुभयो। कम्पनी रजिष्ट्रार कार्यालयका अनुसार साझेदारी व्यावसायमा यस्ता खालको समस्याहरूको उजुरी आउने गरेको समेत जानकारी दिनुभयो। एउटै संरचनाको दुई दर्ता भएको उजुरी आएको खण्डमा पछिको कम्पनी खारेज हुनसक्ने छ।

सो होटलमा ताम्रकारको ५२ प्रतिशत सेयर छ भने सरु महत र होटल कोर्टियाडको ४८ प्रतिशत सेयर रहेको छ। होटल कोर्टियाड भने महतको एकलौटी लगानी रहेको छ। यसमा पनि महतले बढी लगानी गरेर ताम्रकारले थोरै सेयर दिएको भनाइ छ। महतको हालसम्म १ करोड ३२ लाखभन्दा बढी लगानी भइसकेको छ। ताम्रकारले भने आफ्नो लगानी धेरै रहेको बताउनुभयो। होटलमा ताम्रकारको १ करोड ४ लाख रुपियाँ, होटल डि कोर्टियाडको र महतको नाममा क्रमश: ४८ लाख र ४८ लाख रुपियाँ सेयर पुँजी रहेको महत पक्षले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ।

होटल यातुकी एक साझेदार महत र उनका पति मणिविक्रम शाहले उक्त कुरा भक्तपुर उद्योग वाणिज्य संघको स्मारिकामा होटल याचुको विज्ञापन आएपछि मात्र थाहा पाए। 'ताम्रकारले आफूलाई धोका दिएर अर्का कम्पनी खोलेको बताएका छन्।' -शाह दम्पतीले भने। ताम्रकारले अर्को होटल याचु बनाएर त्यसको वेबसाइट र फोन नम्बर राखेर प्रचारप्रसार पनि गरिरहेका छन्। तर होटल यातु प्रालि पनि वबेसाइड छ। होटल रहेको जग्गा पनि ताम्रकारकै हो। प्रतिमहिना ४ लाख रुपियाँ बुझाउने गरी २० वर्षका लागि भाडामा लिने सहमति भएको शाह दम्पतीले बताएका छन्। ताम्रकारले भने यस विषयमा पत्रकार सम्मेलन गरेर नै जानकारी गराउने बताउनुभयो। कानुनी उपचारको बाटो खोजिने उहाृको भनाइ छ। यता शाहले भने आफूले कुरा गर्न खोज्दा सम्पर्कमा नै नआएर एकलौटी होटल सञ्चालनको तयारी थालेको बताउनुभयो।

होटल निर्माणको अन्तिम चरणमा आएर लगानीकर्ता ताम्रकारले एकपक्ष ढङ्गले लगानीको स्वामित्व एकल बनाउन लागिपरेको भन्दै कानुनी उपचारको बाटोमा जाने सरु महतले बताउनुभयो। साथै आफूलाई होटेलमा कुनै हिस्सा नदिने गरी एकलौटी सञ्चालनमा ल्याउने तयारी भएको महतका पति मणिविक्रम शाहको आरोप रहेको छ।

ताम्रकार स्वयंले होटल सञ्चालन गर्ने हो भने आफूलाई मासिक ५ लाख रुपियाँ दिनुपर्ने नभए आफूलाई होटल सञ्चालन गर्न दिएको खण्डमा ६ देखि ८ लाख रुपियाँ ताम्रकारलाई दिने प्रस्ताव गरेको शाह पक्षले जानकारी दिएको छ। यदि ताम्रकारले एकल सञ्चालन गर्ने भएमा शाह पक्षको होटलमा लगानी भएको १ करोड ३२ लाख रुपियाँ फिर्ता दिनुपर्ने शाहको पक्षको भनाइ छ।

## PRESS RELEASE

### यामाहाले मनायो 'स्कुटर डे'




काठमाडौं, (नेस)

यामाहाले नेपालमै पहिलो पटक 'स्कुटर डे' मनाएको छ। यामाहाले ७ मार्चलाई आफ्ना उपभोक्तालाई स्वतन्त्र, आत्मविश्वासी र सशक्त बनाउन स्कुटरले पुऱ्याएको योगदानको कदर गर्न भन्दै स्कुटर दिवस मनाएको जनाएको छ।

पहिलो 'स्कुटर डे'को अवसरमा यामाहाले आफ्ना सबै सर्भिस सेन्टरबाट 'फ्रि स्कुटर वाश'को अफर दिएको थियो, जसमा विभिन्न ब्रान्डका स्कुटर चढ्ने राइडरले व्यापक सहभागिता जनाएका थिए। 'पहिलो स्कुटर डेलाई स्मरणीय बनाउन हामीले स्कुटर राइडरहरूलाई नि:शुल्क स्कुटर वासको अफर दिएका थियौं। राइडहरूबाट हामीले निकै राम्रो प्रतिक्रिया पायौं।' -एमएडब्लुका सर्भिस हेड शरद मिश्रले भन्नुभयो। बुधबार यामाहाका सर्भिस सेन्टरहरूमा अन्य ब्रान्डका स्कुटर चालकले समेत सेवा लिएका छन्।

### बैंक अफ काठमाडौं र एभरेष्ट इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

बैंक अफ काठमाडौं लिमिटेड र एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबीच बैंकासुरेन्स सेवा प्रदानसम्बन्धी सम्झौता भएको छ।

बैंक अफ काठमाडौंका बजार व्यवस्थापन विभाग प्रमुख रितेश लामिछाने र एभरेष्ट इन्स्योरेन्सका नायव महाप्रबन्धक प्रदीप मोहन धौभडेलले बुधबार उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। सो सेवाअन्तर्गत बैंकका ग्राहकहरूले एभरेष्ट इन्स्योरेन्सका विभिन्न प्रकारका बीमा सेवा प्राप्त गर्न, बीमा शुल्क भुक्तानी गर्न, बीमा लेख लिन तथा बीमा दाबी भुक्तानी सहजरूपमा प्राप्त गर्न सक्नेछन्। उपभोक्ताले सो सेवा बैंकका सम्पूर्ण शाखाबाट उपभोग गर्न सक्ने जनाइएको छ।

### एभरेष्ट बैंकले महिला दिवस मनायो




काठमाडौं, (नेस)

१ सय ८औं महिला दिवसको अवसरमा एभरेष्ट बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत नि:शुल्क स्वास्थ्य परीक्षण र अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ।

नर्भिक अस्पतालसँगको सहकार्यमा बैंकको पुल्चोक शाखामा उक्त कार्यक्रम आयोजना गरिएको थियो। उक्त स्वास्थ्य क्याम्पमा २ सय जनाले विभिन्न विशेषज्ञ डाक्टरबाट सेवा लिएका थिए। क्याम्पमा गाइनोलोजिस्ट, कार्डिक, अर्थोपेडिकलगायतका रोग विशेषज्ञले बिरामीको चेकजाँच गरेका थिए।

अन्तर्क्रिया कार्यक्रमको संयोजन वरिष्ठ सर्जन विशेषज्ञ डाक्टर ज्योति रायमाझी (राणा) ले गर्नुभएको थियो। उहाँले कार्यक्रममा महिलामा हुने स्तन क्यान्सर र त्यसबाट कसरी बच्ने वा समयमा नै कसरी थाहा पाउने भन्ने विषयमा प्रशिक्षण दिनुभएको थियो।

### काठमाडौंमा पहिलो अरेन्ज स्टन्ट प्रतिस्पर्धा

काठमाडौं, (नेस)

केटीएमले नेपालमा पहिलो अरेन्ज स्टन्ट प्रतिस्पर्धा 'रोरिङ गेयर्स' आयोजना हुने भएको छ। शनिबार सातदोबाटो स्वीमिङ कम्प्लेक्समा आयोजना हुने यस कार्यक्रममा भाग लिन विश्व विख्यात स्टन्ट राइडर रोक बगारोज् स्लोभेनीयाबाट नेपालमा आएका छन्।



सो समारोह १२ बजे शुरू हुने आयोजकलेजनाएको छ। कार्यक्रममा सहभागीहरू केटीएम मोटरसाइकल चालक अथवा केटीएम शोरुमबाट टेस्ट ड्राइभ गरेका हुनेछन्। केटीएम अस्ट्रेलियामा उत्पादन भएको स्पोर्टस बाइक ब्रान्ड हो। जसलाई नेपालमा हंसराज हुलासचन्द एन्ड कम्पनी लिमिटेडले बिक्री वितरण गरिरहेको छ।

स्टन्टप्रति उत्सुकता हुनेहरूका लागि रोरिङ गेयर्स एक अवसर हो। विगतका वर्षहरूमा नेपालमा 'स्टन्ट राइडिङ' र 'स्टन्ट कल्चर'ले लोकप्रियता पाउँदै गएको छ।

# जिल्ला नगर उपाध्यक्षको निर्वाचन भोलि

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला नगरको उपाध्यक्षको निर्वाचन आउँदो २५ गते हुने भएको छ। कारबाहीमा परेका तत्कालीन जिल्ला र नगर उपाध्यक्ष प्रमोद श्रेष्ठले २५ गते हुन लागेको चुनाव रोक्न दिएको रिट सर्वोच्च अदालतले खारेज गरेसँगै महासंघको निर्वाचनको बाटो खुलेको हो।

अदालको खारेजीसँगै तोकिएको मितिमा महासंघको निर्वाचन गर्ने बाटो खुलेको महासंघका वस्तुगत उपाध्यक्ष उमेशलाले श्रेष्ठले बताउनुभयो। महासंघको रिक्त पदमा जिल्ला र नगर उपाध्यक्षमा आगामी २५ गते निर्वाचन गर्न लागेकोमा तत्कालीन उपाध्यक्ष श्रेष्ठले निर्वाचन रोक्न माग गर्दै रिट दायर गर्नुभएको थियो। सो रिटलाई बुधबार अदालतले खारेज गरेको छ।

महासंघको विधान विपरीत तत्कालीन उपाध्यक्ष श्रेष्ठ मेयर पदको उम्मेदबार बनेपछि उनको पद महासंघको कार्यकारिणी समितिले पद खोसेको थियो र निर्वाचनको लागि गत भदौमा मिति तोकेको थियो। महासंघको विधानमा महासंघका पदाधिकारी कुनै पनि राजनीतिक दलको सदस्य हुन र पार्टीका तर्फ उम्मेदवार बन्न पाउँदैनन्।

श्रेष्ठले पदबाट बर्खास्त भएलगतै तोकिएको निर्वाचनको मिति खारेज गर्न माग गर्दै श्रेष्ठले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो। सर्वोच्चले तत्काल निर्वाचन नगर्न अन्तरिम आदेश दिएको थियो। कारण पेस गर्न श्रेष्ठसँग माग गरेकोमा उनले कारण पेस गर्न नसकेपछि फेरि निर्वाचन रोक्न दायर रिट खारेज गरेको थियो।

'अब तोकिएकै मितिमा निर्वाचन हुन्छ', श्रेष्ठले भन्नुभयो- 'सो पदमा व्यवसायीहरू निरक केसी, किशोर प्रधान र प्रकाश साउदले उम्मेदवारी दर्ता गराएको छ।' गत चैत २९ गते भएको निर्वाचनमा प्रमोद श्रेष्ठ किशोर प्रधानको प्यानलबाट ७ मत बढी ल्याउँदै दिनेश श्रेष्ठलाई पराजित गर्नुभएको थियो। स्थानीय तहको निर्वाचनमा श्रेष्ठ म्याग्दीको बेनी नगरपालिकाको मेयरमा एमालेका तर्फबाट उम्मेदवार हुनुभएको थियो।

# गोल्डेन डायमन्ड मेला शुरू

**नेपाल समाचारपत्र**

ललितपुर

ललितपुरमा ५ दिने गोल्डेन डायमन्ड मेला-२०७४ बुधबार शुरू भएको छ।

१ सय ८औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा मंगलबजारको हखाटोल (बुद्ध प्रतिमास्थल अगाडि) सो मेला सञ्चालन गरिएको हो।

'आजको नारी परिर्वतनकारी, लगाउँछिन् गोल्डेन डायमन्ड ज्वेलरी' भन्ने मुख्य नाराका गोल्डेन डायमन्ड एन्ड ज्वेलरीले सो मेलाको आयोजना गरिएको हो। मेलाको एक समारोहका बीच वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले शुभारम्भ गर्नुभयो।




सो अवसरमा वरिष्ठ संस्कृतिविद् जोशीले सुनचाँदीको गरगहना बनाउने टोलका रूपमा सयौं वर्षदेखि ह:खा टोलको चिनारी रहेको उल्लेख गर्दै अहिले मेलाका रूपमा आयोजना गर्नु सराहनीय रहेको बताउनुभयो।

ललितपुरमा २००८ सालमा भएको मेलामा पहिलो पटक गहना, कलाहरू प्रदर्शनी गरिएको चर्चा गर्दै उहाँले त्यसको निरन्तरताको रूपमा अहिले पनि बेलाबखत मेलाहरू आयोजना गर्नुले ललितपुरको मौलिक उत्पादनलाई चिनाउने बताउनुभयो।

ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णलाल महर्जनले संघले आउँदो फागुन मसान्तमा ललित अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्न लागेको बताउँदै त्यसलाई सफल पार्न सबैको साथ र सहयोगको आवश्यक रहने बताउनुभयो।

सो अवसरमा ललितपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष किरणभाइ वज्राचार्यले गहना किन्नु र लगाउनु सौन्दर्यको विषय नभई बचत गरिएको सम्पत्तिरूपमा बुझ्नुपर्नेमा जोड दिनुभयो।

नयाँनयाँ डिजाइनका गरगहना एउटै थलोबाट सुपथ मूल्यमा उपलब्ध गराउन सो मेला आयोजना गरिएको कम्पनीका अध्यक्ष ज्ञानुराजा शाक्यले जानकारी दिनुभयो।

नेपाल सुनचाँदी व्यवसायी महासंघको उपाध्यक्षसमेत रहनुभएका शाक्यले परिवर्तित समय, आम उपभोक्ताको नयाँनयाँ चाहना, बढ्दो मागअनुरूप सुनसँगै हीरा-जवाहरातका गरगहनाहरूको माग बढ्दै अवस्थामा सो मेला गरिएको बताउनुभयो। प्रदर्शनीमा नयाँ तथा आकर्षक सुन र हीराका गहनाहरूको प्रदर्शनीमा राखिएको छ। मेलामा आधुनिक तथा परम्परागत शैली र मिश्रित एवं नवीनतम डिजाइनयुक्त गरगहनाहरू प्रदर्शनी र बिक्रीका लागि राखिएको छ। प्रदर्शनीमा टाउकोदेखि खुट्टासम्म प्रयोग हुने सबैखालका सुन तथा हीराका उच्च गुणस्तरीय गरगहनाहरू रहेको छ।

मेलामा हीराका गरगहनामा विशेष आकर्षक छुटका साथै सुनका गरगहनामा ज्याला छुट तथा प्रत्येक ग्राहकलाई गिफ्ट ह्याम्परको समेत व्यवस्था गरिएको पनि कम्पनीले जनाएको छ।

मेलाको अन्तिम दिन एक जनालाई 'लक्की ड्र'मार्फत विशेष पुरस्कारसमेत दिने छौं', उहाँले भन्नुभयो- 'त्यसैगरी प्रत्येक खरिदमा हात खाली नहुने गरी उपहारको व्यवस्था रहेको छ भने नवविवाहित एक जोडीलाई २ रात ३ दिनको हनिमुन प्याकेजको व्यवस्था गरेका छौं।' ग्यारेन्टी कार्डअनुसार गरगहना टुटफुट भएमा बिना शुल्क मर्मत गरिने नीति पनि कम्पनीले लिएको छ।



## धितो लिलाम बिक्री गरिने सम्बन्धि ७ (सात) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०७४/११/२४**

यस आवश्यक बचत तथा ऋण सहकारी संस्था लि.र हितैषी दिदी बहिनी बहुउद्देश्यीय सहकारी संस्था लि. को कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले तपशिलमा उल्लेखित धितो राखि व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत लिएको ऋण/कर्जा तथा सोको साँवा, ब्याज र अन्य दै दस्तुर समेत संस्था सँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु वुझाउनु पर्नेमा सो नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा तथा सहकारी सुविधा सम्बन्धि शर्त बन्देज उल्लंघन गरेकोले ऋण/कर्जा चुक्ता गर्नको लागि विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने, १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी सूचित गर्दा पनि कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएको हुनाले कर्जा लिँदा धितो बापत संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले सहकारी नियमावली २०४९ बमोजिम धितो लिलाम बिक्रीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको ७ दिन भित्र ऋण चुक्ता गर्ने अघिल्लो दिनसम्मको साँवा ब्याज एवं अन्य दै दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो सम्पत्ति फुकुवा गरी लिन ऋणी तथा सम्बन्धित जमानीकर्ताहरूलाई पुन: जानकारी गराईन्छ। अन्यथा यो सूचना प्रकाशित भएको ८ औं दिनमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरूको अधिनमा रही लिलाम डाँक बढाबढ बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री गरिने भएकोले खरिद गर्न ईच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरूलाई यस सूचनाद्धारा आव्हान गरिन्छ। साथै धितो लिलाम बिक्री गरिँदा समेत सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल सम्पत्तिबाट कानून बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा सुचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | ऋणीको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **नाम: शनिश मिश्र**<br>**(ना.प्र.नं.:** २१४१५ बारा)<br>हाल का.जि.का.म.न.पा.वडा नं.७<br>**बाबुको नाम:** शैल सुन्दर मिश्र<br>**बाजेको नाम:** मनमोहन मिश्र<br>**पत्नी:** सृजना भण्डारी |  | शनिश मिश्रको नाममा मालपोत कार्यालय चाबहिलमा दर्ता कायम रहेको का.जि.का.म.न.पा. वडा नं. ७ स्थित कित्ता नं. ४६१, ६२२ र ६२३ नक्शा सिट नं. १०२-१०६७-१३ को क्रमश: २१८।६०, ९५।३९ र ७१।५५ ब.मी. क्षेत्रफल रहेको जग्गा र सो जग्गामा बनेको घर, जग्गाले चर्चेको लिगलिगापात समेत। |
| | **जमानीको विवरण**<br>**नाम: सृजना भण्डारी**<br>**(ना.प्र.नं.:** ६४८८५ नवलपरासी)<br>हाल का.जि.का.म.न.पा.वडा नं.७<br>**बाबुको नाम:** अमृत प्रसाद उपाध्याय (भण्डारी)<br>**पतिको नाम:** शनिश मिश्र<br>**ससुराको नाम:** शैल सुन्दर मिश्र<br>**बाजे:** नन्द प्रसाद उपाध्याय |  | शनिश मिश्रको नाममा मालपोत कार्यालय चाबहिलमा दर्ता कायम रहेको का.जि.का.म.न.पा. वडा नं. ७ स्थित कित्ता नं. ४६१, ६२२ र ६२३ नक्शा सिट नं. १०२-१०६७-१३ को क्रमश: २१८।६०, ९५।३९ र ७१।५५ ब.मी. क्षेत्रफल रहेको जग्गा र सो जग्गामा बनेको घर, जग्गाले चर्चेको लिगलिगापात समेत। |

**बोलकबोल सम्बन्धि शर्तहरू:**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० (दश) प्रतिशतले हुने रकम नगदै धरौटी बापत तत्कालै यस सहकारी संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम स्वीकृतीको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण गरी नलिएमा धरौटी बापत राखेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सकार गरिनेछ।
४. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस सहकारी संस्थामा सुरक्षित हुनेछ।
५. तोकिएको लिलामको दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खोल्ने दिन लिलाम बढाबढ हुनेछ।
६. लिलाम प्रकृयामा सहभागी भएको फर्म, कम्पनी, व्यक्ति तथा सर्वसाधारणहरूको कोटेशन का.जि.का.म.न.पा. वडा नं. ७ स्थित आवश्यक बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा, कार्यालय समयमा खोलिनेछ।
७. सम्बन्धित ऋणीले लिलाम प्रकृया सुरू हुनु अगावै कर्जा बापतको सम्पूर्ण रकम बुझाउन ल्याएमा सो कर्जा सम्बन्धि लिलामी प्रकृया रोकिनेछ।
८. लिलाम प्रकृयामा सो जेथा कसैले सकार नगरेमा प्रचलित कानूनको अधिनमा रही सो जेथा यस संस्थाले आफ्नो नाममा सकार गरी लिन सक्नेछ।
९. लिलाम सकार गरेको अचल सम्पत्तिको स्वामित्व प्राप्त गर्ने फर्म, कम्पनी, व्यक्ति तथा सर्वसाधारणहरूले उक्त सम्पत्ति आफ्नो नाममा दा.खा. नामसारी गर्दा लाग्ने पूँजीगत लाभ कर, राजस्व तथा अन्य शुल्कहरू निज स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
१०.यस सम्बन्धि अन्य थप जानकारीका लागि चावहिल स्थित संस्थाको कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ।

**लिलामी हुने मिति :** यो सूचना प्रकाशित भएको ८ औं दिन (मिति: २०७४/१२/०१)
**समय :** बिहानको ११:०० बजे
**लिलाम हुने स्थान:** संस्थाको कार्यालय, चावहिल - ७

**आवश्यक बचत तथा ऋण सहकारी संस्था लि.**
**चाबहिल, काठमाण्डौं, फोन नं. ०१-४४९६६९३**

**हितैषी दिदी बहिनी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**गल्फुटार, काठमाण्डौ फोन नं. ०१-४३७१८४६**

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# रियल र लिभरपुल क्वाटरफाइनलमा

लन्डन, (एजेन्सी)

स्पेनिस फुटबलका महारथी रियल मेड्रिड र इंग्लिस प्रिमियर लिग क्लब लिभरपुल युरोपियन च्याम्पियन्स लिग फुटबलको क्वाटरफाइनलमा प्रवेश गरेका छन्।

अन्तिम १६ अन्तर्गत सोमबार भएको दोस्रो लेगको खेलमा रियल मेड्रिडले फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी) लाई समग्रमा ५-२ ले पराजित गर्दै अन्तिम आठमा स्थान पक्का गरेको हो। घरेलु मैदानमा भएको पहिलो लेगमा ३-१ ले विजयी भएको रियलले दोस्रो लेगमा पीएसजीलाई उसैको मैदानमा २-१ ले पराजित गरेको थियो।

> रोनाल्डोको यस सिजनको च्याम्पियन्स लिगमा १२ गोल पुगेको छ। पीएसजीविरूद्धको सो गोल च्याम्पियन्स लिगअन्तर्गत नकआउटमा उनको ५७औं गोल थियो।

टोलीको जितमा क्रिस्टियानो रोनाल्डोले ५१औं मिनेटमा लुकास भाजक्वेजको पासमा हेडमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए। सो गोलसँगै रोनाल्डोले च्याम्पियन्स लिगमा पूर्वक्लब म्यानचेस्टर युनाइटेडका सहकर्मी रुड भान निस्टरोयसँगको कीर्तिमान बराबरी गरेका छन्। नेदरल्यान्ड्सका पूर्वस्टार निस्टरोयले युनाइटेडमा १५ वर्ष बिताउने क्रममा च्याम्पियन्स लिगका लगातार ९ खेलमा गोल गरेका थिए। च्याम्पियन्स लिगको पछिल्लो सिजनको फाइनलमा युभेन्ट्सविरुद्ध २ गोल गरेका रोनाल्डोले पनि लगातार नौं खेलमा गोल गरेका छन्।

यता ६६औं मिनेटमा पीएसजी १० खेलाडीमा सीमित भएको थियो। पहिलो हाफमा पहेंलो कार्ड पाएका मार्को भेराइटीले दोस्रो हाफमा अर्को पहेँलो कार्ड पाउँदै मैदान छोड्नुपरेको थियो। यसको बाबजुद ७१औं मिनेटमा एडिन्सन काभानीले घरेलु टोलीका तर्फबाट बराबरी गोल फर्काउँदै कडा चुनौती प्रस्तुत गरेको थियो। थियागो सिल्भाको हेड प्रहार एडिन्सन काभानीलाई लाग्दै बलले पोस्टको दिशा लिएको थियो। तर ८०औं मिनेटमा

> च्याम्पियन्स लिगमा उपाधि जित्न पीएसजीले करिब १ अर्ब पाउन्ड खर्च गरेको छ। फ्रेन्च क्लबले नेयमारलाई २० करोड र एमबाप्पेलाई १६ करोड ५७ लाख पाउन्ड लगानी गरेको थियो। तर पनि टोली क्वाटरफाइनलसम्म पनि पुग्न सकेन।

मिडफिल्डर क्यासेमिरोको प्रहार गोलमा परिणत भएपछि रियलले जित हात पारेको थियो। जबकी रियलको लागि बराबरी वा एक गोलअन्तरले हारे पनि अन्तिम आठमा पुग्ने तय थियो। पीएसजीका लागि यो खेल २-० गोलअन्तरले जित्नु आवश्यक थियो। तर प्रमुख खेलाडी नेयमार अघिल्ला खेलमा घाइते हुनु पनि पीएसजीका लागि नोक्सान भएको थियो।

यता दोस्रो लेगमा एफसी पोर्टोसँग गोलरहित बराबरीमा रोकिएपनि पहिलो लेगमा ५-० को जित हात पारेको लिभरपुल समग्रमा ५-० ले नै विजयी हुंदै अन्तिम आठमा पुगेको हो। दोस्रो लेगको खेलमा लिभरपुलले गोलको लागि थुप्रै आक्रमण गरे पनि सफल हुन सकेन। यता पोर्टोले पनि केही असफल प्रयास गरेका थिए।



भाजक्वेजको पासमा हेडमार्फत गोल गर्दै क्रिस्टियानो रोनाल्डो।

# झापा सेमिफाइनलमा



उत्तम नेपाल, भद्रपुर

घरेलु मैदान र दर्शकको समर्थनको फाइदा उठाउँदै रमपम झापा ११ झापा गोल्डकपको सेमिफाइनल प्रवेश गरेको छ।

झापाले बिर्तामोडस्थित डोमालाल रंगशालामा बुधबारको खेलमा सिक्किमलाई २-१ गोल अन्तरले पाखा लगाउँदै अन्तिम चारमा स्थान पक्का गरेको हो। टोलीले फाइनल पुग्न थ्री स्टारसँग खेल्नेछ। झापाले धेरै समय सिकिम युनाइटेडलाई दबाबमा राखे पनि १७औं मिनेटमा मायल डोक लेप्चाले गोल गरेर झापालाई पछि पारेका थिए। झापाका डिफेन्डर देवेन्द्र तामाङले सिक्किमका खेलाडीलाई लडाएपछि पाएको फ्रि किकलाई सिक्किमका कुनल तामाङले प्रहार गरेका थिए। उक्त प्रहारलाई हेडमार्फत लेप्चाले पोस्टको जाली चुमाएका थिए।

सिक्किमको त्यो अग्रता धेरै समय टिक्न सकेन। सिक्किमले अग्रता लिएको ७ मिनेट बित्न नपाउँदै झापाका स्ट्राइकर खमिर गिल्सन कन्दङवाले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। डि एरियाभित्र पाएको बललाई कन्दङवाले 'साइक्लिङ' किकमार्फत आकर्षक गोल गरेका थिए। १-१ को बराबरी रहेको झापाले अर्को गोल उपहार मार्फत पाएको थियो। खेलको ४२औं मिनेटमा विश्वास श्रेष्ठको क्रस पासमा डी एरियाभित्र रहेका सिक्किमका खेलाडीलाई टच हुँदै 'अन गोल' भएपछि झापाको अग्रता दोब्बर भएको थियो।

झापाका प्रशिक्षक प्रवेश कटवालले शुरूमै गोल खाएर दबाबमा खेल्नुपरेकाले सोचेअनुसारको परिणाम नआएको बताए। थ्री स्टारसँगको आगामी खेलमा सुधारेर प्रदर्शन गर्नमा सचेत रहेको बताए। खेलको म्यान अफ द म्याच विजेता टिम झापा ११ का विश्वास श्रेष्ठ घोषित भए। उनले ओली एन्ड एसोसियट्सले उपलब्ध गराएको २५ हजार रुपियाँ पाए।

# तिलोत्तमा गोल्डकप आजबाट

बुटवल, (नेस)

रूपन्देही फुटवल संघको आयोजनामा बिहीबारदेखि बुटवलमा २०औं तिलोत्तमा गोल्डकप नकआउट फुटबल प्रतियोगिता शुरू हुने भएको छ।

नारायणी पश्चिममा हालसम्म कै बढी धनराशि पुरस्कार भएको प्रतियोगिताको फाइनल खेल आउँदो चैत्र ३ गते हुनेछ। प्रतियोगिताको मुख्य प्रायोजक यसोधाफुड प्रोडक्ट प्रालीको लाली र करेन्ट चाउचाउले गरेको छ। सम्झौताअनुसार तिलोत्तमा गोल्डकपमा लाली र करेन्ट चाउचाउ रूपन्देही ११ को टिमबाट प्रतियोगितामा सहभागी हुने भएको छ। प्रतियोगितामा प्रथम हुनेले टोलीले नगद ७ लाख ७७ हजार ७ सय ७७ रुपियाँ र उपविजेताले ४ लाख ४४ हजार ४ सय ४४ रुपियाँ प्राप्त गर्नेछ। प्रतियोगिता अवधीमा सर्वोकृष्ट खेलाडीलाई एक थान मोटरसाइकल तथा विभिन्न विधामा उत्कृष्ट हुनेलाई जनही २१ हजार १ सय ११ रुपियाँ नगद पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिता सम्पन्न गर्न ८३ लाख ३७ हजार ३ सय ७६ रुपियाँ लाग्ने आयोजकले बताएका छन्।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.

HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

## धरहरा

# जवाफको अपेक्षा



मंगलबार मध्यरातसम्म चलेको एमालेको स्थायी समितिको बैठकले पुन: एमाले नेतृ भण्डारीलाई राष्ट्रपति पदमा दोहोऱ्याउने भएको छ। सो पदका लागि वरिष्ठ नेता खनालले प्रष्ट रूपमा आकांक्षा देखाए पनि उनी फेरि 'फ्लप' भए। बैठकमा पार्टी नेत्तृ एवं अष्ट कम्रेडले पार्टीमा अन्य कोही महिला नै नभएर भण्डारीलाई दोहोऱ्याउनुपरेको भन्दै कड्किए पनि कम्रेडको पनि केही लागेन।

स्थायी समितिमा अन्य कम्रेडले पनि 'ओलीवाद' हावी भएको भन्दै खुलेर आलोचना गरे पनि कम्रेडहरूको केही लागेन। चर्कै विवाद भए पनि एमालले 'कम्रेड भण्डारीको पक्षमा सर्वसम्मत निर्णय भयो' भन्न चाहिँ छुटाएन। कम्रेड भण्डारीलाई पुन: पदमा नदोहोऱ्याउँदा उनलाई व्यवस्थापन गर्न समस्या हुने रे कम्रेड ओली र उनका समर्थकहरूको तर्क।

पार्टीका अन्य नेताहरूको व्यवस्थापन बारे पनि कम्रेडहरूलाई चिन्ता हुन्छ कि हुन्न होला, यसो धरहराको चासो। उता कांग्रेसले पनि राष्ट्रपति पदका लागि भोजपुरका शहीद दिवानसिंह राईकी सुपुत्री लक्ष्मी राईलाई उम्मेदवार बनाएछ। कांग्रेस केन्द्रीय कार्य समितिको बुधबारको बैठकले उनलाई उम्मेदवार बनाउने निर्णय गऱ्या रे। जे भए पनि शहीद परिवारलाई सम्झिएछ कांग्रेसले।

तर राष्ट्रपति दौडका लागि भण्डारीसँग कडा प्रतिस्पर्धा हुने स्थिति रहेको भए, सो पार्टीले यति सजिलै लक्ष्मीलाई सम्झन्थ्यो होला र ? लौन, सो पार्टीका जिम्मेवार नेताहरूबाट धरहरा यसको जवाफ चाहन्छ। पाठकवृन्दहरूले यसको जवाफ दिँदा पनि फरक पर्दैन।

# जयराम र अजित पहिलो स्थानमा

काठमाडौं, (नेस)

पोखरामा जारी वेस्टर्न ओपन गल्फको पहिलो दिन प्रोफेस्नल र एमेच्योर गल्फरले संयुक्त रूपमा शीर्षस्थान ओगटेका छन्।

प्रोफेसनल गल्फर जयराम श्रेष्ठ र एमेच्योर अजित विके १ ओभर ७१ अंकसहित संयुक्त रूपमा शीर्षस्थानमा रहेका हुन्। पोखराको हिमालयन गल्फ कोर्समा बुधबार १८ होलको समाप्तीमा जयराम र अजितले भुबहादुर गुरूङ र धनबहादुर थापालाई १ स्ट्रोकले पछि पारेका छन्।

सूर्य नेपाल गल्फ टुरको सातौं प्रतियोगिता वेस्टर्न ओपन ३ दिनसम्म चल्नेछ। ६ लाख ३० हजार नगद पुरस्कार रहेको प्रतियोगिताको विजेताले १ लाख १५ हजार नगद पुरस्कार प्राप्त गर्नेछ। दोस्रो र तेस्रो हुने खेलाडीले क्रमश: ७४ हजार र ५३ हजार नगद पुरस्कार प्राप्त गर्नेछन्।



सर्वत्र बजारमा उपलब्ध

साधनाको नयाँ अकंका आकर्षणहरु

जौको सेवन दीर्घ जीवन
जौमा पाइने बिटा ग्लुक्यान घुलनशील फाइबरले रगतमा ग्लुकोज शोषण कम गर्दछ, जसले गर्दा रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत पुग्छ। साथै सेलेनियम तत्वले चाँडो बुढ्यौली हुनबाट बचाउँछ। त्यसैले जौ पूजाका लागि मात्र नभएर खानका लागि पनि उत्तिकै फाइदाजनक छ। पोषण विज्ञको महत्वपूर्ण लेख।

विवाहअघि नै गर्भ बोक्दै फाल्दै
एकपटक होइन, स्कुल/कलेज पढ्ने १४ वर्षदेखि १८ वर्षसम्म उमेरका छात्राहरुले पटक-पटक गर्भपतन गराउने औषधि किनेर सेवन गरी आफूखुशी गर्भपतन गराउने गरेको पाइन्छ। विकराल बन्दै गएको यो समस्या न्यूनीकरण गर्न अभिभावकले आफ्ना छोराछोरीको निगरानी बढाउने पर्छ। उपयोगी रिपोर्टिङ।

पिसाब चुहाउँदै कतिन्जेल गन्हाएर बस्ने ?
नेपालका कतिपय महिला पिसाब चुहिरहने समस्याले ग्रस्त छन्। लुगा भिजेर गन्हाउने हुँदा उनीहरु समाजमा घृणित हुन पुग्छन्। चेतनाको कमीले कतिपयको त जीवन नै पिसाबमा डुबेर व्यतीत हुने गरेको छ। तर अब यस्तो नारकीय जीवन बिताउनुपर्दैन, उपचार गरेर स्वस्थ हुन सकिन्छ। जानकारीमूलक रिपोर्ट।

कन्डम नै किन रोज्ने ?
कन्डमको प्रयोगले एकातिर गर्भ नरहने र अर्कोतिर यौनरोग सर्नबाट बचाउने हुन्छ। अझ महत्वपूर्ण कुरा त बाँझोपन होला कि भन्ने त्रास हुँदैन र यो भरपर्दो पनि छ। सरकारले समेत नि:शुल्करुपमा उच्च गुणस्तरका कन्डम उपलब्ध गराउँदै आएकाले कन्डम नै किन नरोज्ने त ? किशोरकिशोरी र नवजोडीले पढ्नै पर्ने रिपोर्टिङ।

आन्द्राको अल्छीपना : पेट दुखाइ मात्र हैन, ज्यानकै खतरा
विनापरीक्षण र चिकित्सकको सल्लाहविना नै आफुखुशी औषधि किनेर खाने गर्नुभएको छ भने होस गर्नुस्। आन्द्राको अल्छीपना भई पेट दुख्ने मात्र होइन, वायु नै रोकिई पेट फुल्न सक्छ। समयमा उपचार नभए ज्यनकै खतरा हुन्छ। जानकारीमूलक रिपोर्टिङ।

शिक्षित र शहरियाहरु नै धामीझाँक्रीको शरणमा
सरकारी अस्पतालमा उपचार पाउनै गाह्रो, निजी अस्पतालको खर्च बेहोर्नै नसकिने। त्यसैले विपन्न परिवारको लागि उपचारको विकल्प धामीझाँक्री हुन पुगेको छ। तर शहरिया र शिक्षित परिवार नै धामीझाँक्रीको विश्वास गरी झारफुक गर्न दौडन्छन् भने अब धामीझाँक्रीलाई विश्वास गर्ने कि नगर्ने ? उपयोगी रिपोर्टिङ।

जीवन्त ब्लड बैंक : शरीरमै रगत भण्डारण
अन्य ब्लड बैंकमा जस्तो जीवन्त ब्लड बैंकमा मानिसबाट रगत निकालेर लामो समय प्याकेटमा राखिरहने होइन, चाहिएको समयमा व्यक्ति नै आएर रगत दिने हुन्छ। त्यसैले यस किसिमको ब्लड बैंकबाट बढी फाइदा लिन सकन्छ। पूर्व प्रयोगशाला प्राविधिक अधिकृतको उपयोगी लेख।

- रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन
- हनिमुनको रमाइलोमा मूत्रथैलीको संक्रमण
- महात्माले दिएको भष्मले प्यारालाइसिस चट्टै
- मानसिक स्वास्थ्यमा योग
- महिना नै नपुगी सुत्केरी व्यथा
- स्किन मुलायम र ताजा राख्ने उपाय

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरु।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९१०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ